CC-0. In Public Domain. Digitization by eGangotri

मुक्कामला नागभूषणम्

A351

शतावतार

(पौराणिक मिथकहरूको वैज्ञानिक अध्ययन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शतावतार

(पौराणिक मिथकहरूको वैज्ञानिक अध्ययन)

लेखकः

मुक्कामला नागभूषणम्

अनुवादकः

पं. बाबुराम भट्टराई

सम्पादकः

गोपीरमण उपाध्याय

प्रकाशकः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः
माइलस्टोन प्रकाशन तथा प्रसारण लि.
बालकुमारी, ललितपुर, नेपाल
फोनः ९७७ १ ५२०३८७२
इमेलः milestonepublication@gmail.com

प्रदर्शन तथा बिक्री कक्षः
माइलस्टोन पुस्तक पसल
अद्वैतमार्ग, बागबजार, काठमाडौं
फोनः ९७७-१-४२३३८००

प्रथम प्रकाशन : २०७१ पुस
प्रति : १,०००
आवरण/पृष्ठ सज्जा : राम थापा
मूल्य : रू.२००/-
सर्वाधिकार © प्रकाशकमा सुरक्षित
ISBN No: 978-9937-8951-0-1

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'मुक्कामला नागभूषणम् र उनको कृति शतावतार'

मुक्कामला नागभूषणम्, वामपन्थी लेखक एवं पत्रकार मात्र नभएर बहुमुखी प्रतिभाका धनी व्यक्ति देखिन्छन्। आन्ध्रप्रदेशको विजयवाडास्थित आकाशवाणी प्रसारणले उनीद्वारा लिखित संगीत रूपक 'लय'को प्रसारण गर्‍यो जसले अन्तर्राष्ट्रिय स्तरको पुरस्कार पनि पाएको थियो। तेलुगुमा 'सिरुला गोदारी'को हिन्दी रूपान्तरण सम्पन्न गोदावरी नामक रूपकले राष्ट्रिय पुरस्कार समेत प्राप्त गरेको थियो। नागभूषणम्ले दशवर्षसम्म प्रगति नामक साप्ताहिक र ६ वर्षसम्म आन्ध्रवाणी नामक साप्ताहिक पत्रिकाका प्रधान सम्पादक भएर पनि काम गरे। दिल्लीबाट प्रकाशित हुने अंग्रेजी साप्ताहिक 'पेट्रियाट' र लिंकमा पनि निर्देशकका रूपमा काम गरे। यस पुस्तकको मूल रूप भारतको आन्ध्रप्रदेशको तेलुगु भाषामा 'शतावतारालु' नामबाट लेखियो। यसको हिन्दी रूपान्तर हुँदा ' शतावतार' बन्न पुग्यो। मुक्कामला नागभूषणम् स्वयं पनि स्वतन्त्रता सेनानी एवं लोकप्रिय पत्रकार समेत रहेका हुनाले तेलुगुभाषी पाठकहरूका बीचमा यो कृति अत्यन्त लोकप्रिय रहयो। किनभने यस पुस्तकमा मुख्यतया पौराणिक मिथकीय सन्दर्भहरूलाई समाजशास्त्रीय एवं ऐतिहासिक भौतिकवादी दृष्टिबाट अर्थ्याइएको छ।

कुनै प्रकारका दुरुह पदावली र सैद्धान्तिक समास्याहरूमा नअल्झिई सीधा र सरल शब्दमा यो कृति लेखिएको छ। विरोधाभासपूर्ण र भद्रगोलपूर्ण पौराणिक मिथकहरूलाई सरल किसिमले समाधान गरिएको छ। पुरातनपन्थी रुढीवादीहरूलाई यसका कतिपय सन्दर्भहरू नमीठो पनि लाग्न सक्छन् र देवीदेवताहरूका चरित्रमाथि हिलो छ्याप्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम भयो भनेर पनि आलोचना हुन सक्छ। तर वैज्ञानिक चिन्तनसँग थोरै पनि सम्पर्क रहेका पाठकहरूका लागि भने यो कृति अत्यन्त उपयोगी हुन सक्छ। यस कृतिमा मुक्कामला नागभूषणम्‌ले मूल रूपमा रामायण, महाभारत, पुराणहरू, वेद र संहिताहरूदेखि लिएर बौद्ध जातक कथा र जैन कथाहरूमा वर्णित घटनाक्रम एवं पात्रहरूको सामाजिक वास्तविकतामा त्यसको स्वरूप कस्तो हुन्छ भन्ने कुरा निहीत छ। समग्रतामा यो पुस्तक सार गर्भित नृजातिविज्ञानमा आधारित समाज शास्त्रीय अध्ययन बनेको छ। नेपाली भाषामा यस प्रकारको पुस्तक दुर्लभनै छ जसलाई पं.बाबुराम भट्टराईले अनुवाद गरिदिएर नेपाली पाठकहरूलाई ठूलो गुन लगाउनु भएको छ।

मुक्कामला नागभूषणम्‌को सांगठनिक जीवन पनि विविधतापूर्ण रहेको छ । उनले आन्ध्र प्रदेश राज्यको किसान संघका अध्यक्ष भएर काम गरेका थिए । त्यस किसान संघले जमिन्दारी प्रथा उन्मूलन गर्ने आन्दोलनको नेतृत्व समेत गरेको थियो । भारतको स्वतन्त्रता संग्रामका अवसरमा अनेकौं देशभक्तिपूर्ण गीतहरू रचना गर्नुका साथै प्रजा नाट्य मण्डल (इप्टा)को समेत स्थापना गरेका थिए। यो इप्टा संगठन अहिले पनि भारतका वामपन्थी लेखक नाटककार, फिल्मकर्मीहरूको प्रतिष्ठित संगठन हो। जसमा प्रसिद्ध अभिनेत्री शबाना आजमीदेखि लिएर बंगला फिल्म एवं नाट्यकर्मी अपर्णा सेनहरू समेतको यो वा त्यो रूपबाट संलग्नता रहेको थियो। यस बाहेक मुक्कामला नागभूषणम् अनन्य खेलप्रेमी समेत रहेको बुझिन्छ। उनले आन्ध्र प्रदेशमा क्रिकेट खेलको विकासका लागि महत्वपूर्ण काम गर्नुका साथै आन्ध्र क्रिकेट एशोसियशनका अध्यक्ष भएका थिए । यसका साथै आन्ध्रप्रदेश लेखक संघका अध्यक्ष पनि भएको देखिन्छ।

केही समय नागभूषणम्‌ले आन्ध्रप्रदेश विकास संघको अध्यक्षका रूपमा पनि काम गरेका थिए । त्यस कार्यकालका अवसरमा अनेकौं विद्यालयहरूको स्थापना गर्नुका साथै हरिजन अर्थात् अछुत मानिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिका लागि आवास सुविधाको निर्माण र अविकसित क्षेत्रहरूमा कृषि विकासको महत्वपूर्ण योजनाहरू पनि 'लिफ्ट इरिगेशन'का माध्यमद्वारा सफल पार्ने काम गरे। यसरी मुक्कामला नाग भूषणम्ले बौद्धिक, दार्शनिक क्षेत्रमा मात्र नभएर विभिन्न संघ संस्थाहरूमा रहेर आफ्नो जन्मभूमिको विकासका लागि महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको देखिन्छ।

सर्वप्रथम त नेपालमा अत्यन्त कम पढिएका तेलुगुभाषी लेखक एवं पत्रकार मुक्कामला नागभूषणम् बहुमुखी प्रतिभाका धनी एवं भारतको स्वतन्त्रता संग्रामका एकजना विशिष्ट योद्धा हुन्। मूलतः वामपन्थी विचारका यी विद्वानद्वारा लिखित कृतिहरूमा रामायण, महाभारत जस्ता अति पवित्र मानिएका ग्रन्थहरूको समाजशास्त्रीय विश्लेषण गरिदिएर तिनीहरूमा रहेका भ्रमोत्पादक एवं अविश्वसनीय कुराहरूको सामाजिक यथार्थवादी विश्लेषण गरेका छन्। यिनका महत्वपूर्ण कृतिहरूमा प्राचीन भारतमा वैज्ञानिक प्रगति, स्वतन्त्रता संग्रामको इतिहास, शतावतार, सनक फण, छातीका रौंहरू, सिन्धुसभ्यता, मूर्ति आराधना, आदि कृतिहरू तेलुगुभाषामा लेखिएका छन् र यी कृतिहरू मध्ये 'शतावतार' नामक कृतिलाई चार्ल्स जनार्दन स्वामीले सन् १९९२ मा हिन्दी अनुवाद गरेर प्रकाशित गरिदिएपछि यसको नेपालीमा पनि अनुवाद हुन थालेको हो र यसलाई पं.बाबुराम भट्टराईले अनुवाद गर्नु भएको हो। त्यसपछि यो नेपाली भाषी पाठकहरूका बीचमा आएको छ। यो कृति त्यस्ता पाठकहरूको लागि बहुउपयोगी हुने देखिन्छ जसले बिनातर्क अन्धविश्वासका आधारमा शास्त्रमा लेखेका कुरा भन्दैमा विश्वास गर्दैनन्। जसमा हरेक वस्तु घटनाक्रम र विषयवस्तुलाई आँखा चिम्लिएर स्वीकार गर्न चाहदैनन्। पौराणिक कथा वाचकहरूले मनमौजी रूपमा गरेका अत्यन्त तर्कहीन अविश्वसनीय कुराहरूलाई भगवानका नाममा विश्वास गरी हाल्न तयार छैनन्। त्यस्ता तर्कशील पाठकहरूका लागि यो ग्रन्थ ज्यादै उपयोगी हुने देखिन्छ। स्वयं मुक्कामला नागभूषणम्ले हिन्दु, बौद्ध, इशाई एवं मुस्लिम जस्ता पुरातन पन्थीहरूका रुढिग्रस्त अवैज्ञानिक विचारहरूलाई तर्कपूर्ण एवं वैज्ञानिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिबाट विश्लेषण गरिदिएका छन्। यस कृतिले त्यसप्रकारको चेतनामा प्रसार गर्नेछ जसमा तर्कशील वैज्ञानिक विचारहरू रहेको होस्। परिशिष्ट सहित ९ अध्यायमा विभाजित यो पुस्तकको नाम किन शतावतार रह्यो ? यसैका विषयमा लेखकको विस्तृत भूमिकामा भनिएको छ।

आज पनि औचित्यको नाममा कैयौं प्रकारका रामायण ग्रन्थ र त्यससँग सम्बन्धित कथाहरू निस्किरहेका छन् । यति मात्र होइन स्वयं वाल्मीकि रामायणले अनेकौं रूप धारण गरेको छ । त्यसको वाल्यावस्था, कुमार अवस्थादेखि यौवनावस्थालाई पार गर्नेबेलासम्म यो रामायणले एउटा विशाल वटवृक्ष रूप धारण गरेको छ। त्यो यति विस्तृत हुन गयो- कि यसको मूल वृक्ष कुन हो ? र यसका अन्य गाडिएका जराहरू कुन हुन् ? यसरी जैन कथाहरू बौद्ध गाथाहरू र पुराणहरू सम्ममा पनि यस कथाले प्रवेश पायो। विदेशमा पनि यो कथा त्यतिकै प्रसारण भयो। भनिन्छ अहिलेसम्म नारायणका ९ अवतार भए र दशौं अवतार धारण गर्ने वाला छन् तर यस रामायणले भने शत अवतार ग्रहण गरेको छ। —(शतावतार-पिपुल्स पब्लिसिङ्ग हाउस १९९२ पृ.११)

लेखकले रामायण, महाभारतका विषयमा उल्लेख गरिएका विभिन्न कथनहरूलाई एकत्रित पारिदिएका छन्। जसबाट ती ग्रन्थहरूका विषयमा विभिन्न विशिष्ट विद्वान् तथा शोधकर्ताहरूका भनाइहरू समाविष्ट छन्। त्यसपछि हिन्दूशास्त्रहरूले रामायणलाई त्रेतायुग र महाभारतलाई द्वापर युगको कथावस्तु भनिएता पनि समाज विकासको युग अनुसार रामायण र महाभारत दासयुगका हुन् वा सामन्ती युगका हुन् ? भनेर गम्भीर विश्लेषण गरिएको छ। त्यसपछिका अध्यायमा मानव समाजको विकास क्रमलाई प्रस्तुत गर्दा २० वटा उपशीर्षकहरूमा विभाजन गरेर प्रस्तुत गरिएको छ। जसका उपशीर्षकहरूमा १— मानव विकासका प्रमुख अवस्थाहरू छुट्याउने आधारहरू, २— पशुपालक समाज, ३— सम्पत्तिको विभाजन, ४— श्रमविभाजन, ५— नालनातागोताको आरम्भ, ६— पितृसत्तात्मक समाज, ७— गणका नियमहरूमा परिवर्तन, ८— गाई नै जीवनको मूल आधार, ९— देवीहरूका साथी देवता, ११— देवी देवताहरूका नालनाता, १२— देवताहरू र मानवका बीचको सम्बन्ध, १३— कृषिको आरम्भ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४— दासहरूको आवश्यकता, १५— पुत्र नभई समाजको गति नै अवरोध हुने (अपुत्रस्यगतिर्नास्ति), १६— द्विवर (देवर) सिद्धान्त, १७— पुरोहितहरूका प्रार्थना र चाहनाहरू, १८— भाववाद र भौतिकवाद, १९— अविश्वसनीय कथाहरू, २०— वीर पूजा पद्धति, बहुपत्नी र बहुपति प्रथा रहेका छन्। त्यसैगरी कथाहरूका आधारमा काव्य रचना अन्तर्गत विभिन्न पुराणहरूमा पाइने कथाहरूमा समानताका कारणहरू, कथावाचनको परम्परा कसरी शुरु भयो, महाभारतका कथाहरूको विस्तार आदि रहेका छन्। त्यसैगरी वाल्मीकि रामायणको पनि अति सूक्ष्म विश्लेषण गर्नुका साथै बौद्ध साहित्यमा रामकथाको चर्चा, सिन्धु घाटीको सभ्यता, वर्णव्यवस्थाको आरम्भ, गणतान्त्रिक व्यवस्थाहरूमा चुनावको पद्धति, असम्भव कल्पनाहरू, इजरायल युद्ध, महाभारतको युद्धकथालाई सञ्जयले कसरी भने ? उग्रश्रवाद्वारा प्रस्तुत महाभारत कथा, ब्राह्मण र क्षत्रीयहरूका बीचको चर्को संघर्ष यस्ता कथाहरूको चर्चा जसले अन्य धेरै जिज्ञासा र खोजीका लागि अभिप्रेरित पनि गरे। त्यसपछि बौद्धगाथाहरूको समेत चर्चा भएको छ। आठौं अध्यायमा पशुपालनको युग र कृषियुगको सन्धिकालमा पशुवलिको विरोध हुनुको प्रमुख कारण, वाल्मीकि रामायणमा कसरी उपकथाहरू थपिए, बौद्ध जातक कथाहरूमा रामकथाको चर्चादेखि लिएर पुराणहरूको रचना हुने सामाजिक आधार, गोपाल कृष्णको चर्चा, रामायण र महाभारतका बीचको प्रतिस्पर्धा रहेका छन्। यो नै शतावतार नाम ग्रन्थको मुख्य अन्तर्वस्तु हो। लेखकका अन्य रचनाहरू तेलुगु भाषामा भन्दा बाहेकका भाषामा उपलब्ध छन् या छैनन् त्यो त थाहा भएन तर शतावतार भने मूल लेखन तेलुगु पछि हिन्दी हुँदै नेपालीमा पनि अवतरण भएको हुँदा रामायण, महाभारत, पुराण एवं धर्मशास्त्रका विचारकहरूले एक प्रकारको अन्धश्रद्धा सृष्टि गरिदिएको परिप्रेक्ष्यमा यस्तो तर्कपूर्ण वैज्ञानिक पद्धतिमा आधारित ग्रन्थ उपलब्ध हुनुले वैज्ञानिक चेतनाको निर्माण र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता बहुमुखी प्रतिभा सम्पन्न विद्वान एवं दार्शनिक महानुभाव मुक्कामला नागभूषणम्लाई हाम्रो पनि शत शत नमन छ। यही त हो 'विद्वान सर्वत्र पूज्यते'। एउटा विद्वानले अर्का विद्वानको कदर गर्नै पर्छ र यस्ता महनीय व्यक्तित्वको कृतिलाई अनुवाद गर्नुभएकोमा पण्डितजीलाई बधाई।

शुरुदेखि नै यो पुस्तक प्रकाशित हुनुपर्छ भनेर हामीलाई उत्प्रेरित गर्ने डा. विजय कुमार पौडेल र श्री रामप्रसाद प्रदीपलाई पनि हार्दिक धन्यवाद दिनैपर्छ। जुन कारणले यो गहन पुस्तक नेपाली पाठक समक्ष आइ पुग्न सकेको छ।

प्राज्ञ गोपीरमण उपाध्याय
२०७१ कार्तिक २५ गते बुटवल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

१. शतावतार ११

२. रामायण र महाभारत १४

३. शतावतार अर्थात् रामायणका सैकडौं रूपहरू २२

४. मानवविकासको क्रम.. २९

५. कथाहरूका आधारमा काव्य बने................................... ७७

६. वाल्मीकि रामायण ८८

७. महाभारत ९९

८. पशुवलिको विरोध १२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१.

शतावतार

आस्तिकहरूमध्ये कसैलाई सोध्दा भगवान् एउटै छ भन्छन्। कसैले पनि भगवान् अनेक छन् भन्दैन। हाम्रा धर्मगुरुहरूको भनाइ थियो, भगवान् नाम-रूप-रहित छ। वाणी र मनभन्दा टाढा छ। आदि, मध्य र अन्त-रहित छ। उनीहरूको दावी थियो, अरुको धर्मभन्दा हाम्रो धर्म श्रेष्ठ हो र उनीहरूका भगवान्भन्दा हाम्रा भगवान् महान् हुन्। ईशाई भन्दछन्, हिन्दूहरूले कैयौं देवी-देवताहरूको पूजा गर्छन् तर हामी एउटै भगवान्को पूजा गर्छौं। त्यसै गरी मुसल्मानहरू पनि त्यही कुरा गर्छन् तर हिन्दूहरू भने यो कुरा सत्य होइन भन्दछन्। हिन्दूहरू भन्दछन्, हामीले जुन भगवान्को पूजा गर्दै आएका छौं, ती एउटै हुन्, सर्बान्तर्यामी हुन्, यो सारा विश्व भगवान्को स्वरूप हो उसको कुनै एउटा मात्र नाम छैन, कुनै एउटै रूप छैन, चाहे कुनै पनि नामले पूजा गरौं, त्यो एउटै छ। हाम्रो धर्ममा अनेक प्रकारका नामले भगवान्को पूजा गर्नेहरू छन्। यो एउटा विशाल दृष्टिकोणद्वारा व्यवस्थित समन्वय हो। अरु धर्ममा यस्तो विशाल दृष्टिकोणमा समन्वय छैन।

नास्तिकहरू भगवान्को अस्तित्वलाई मान्दैनन्, आज मात्र होइन, ऋग्वेद-कालदेखि नै आस्तिक र नास्तिकवाद विद्यमान छन्। आस्तिक र नास्तिकहरूका बीचमा विगतमा कैयौं वाद-विवाद र कैयौं संघर्ष भएका हुन्। आस्तिकहरूले नास्तिकहरूलाई पाखण्डी, मूर्ख, र नीति-नियम-रहित भनेर उनीहरूको निन्दा गरे भने नास्तिकहरूले आस्तिकहरूलाई दुर्बल, अल्छी, अर्काको कमाइ खाने र धोकेवाज भनेर अपहेलना गरे। वैदिक धर्मावलम्बीहरूले जब यो कुरा प्रचार गर्न थाले, अधर्म बढाएर, पापीहरूद्वारा नरक भरेर स्वर्गमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीड कम गर्नको लागि गौतम बुद्धले अवतार लिएका हुन्। तर बौद्धहरूले के भनेर उनीहरूको आलोचना गरे भने वैदिकहरूले त आखिर बाँदर, सुँगुर, मुसो र कुकुरसम्मलाई पूजा गर्छन्। एउटाले अर्कोलाई भर्त्सना गर्न थाल्यो, तिमीहरू गाईको मासु खान्छौ। अर्कोले पहिलोलाई झपार्‍यो, तिमीहरू सुँगुरको मासु खान्छौ। एउटाले 'हो' भन्यो भने अर्कोले 'हैन' भन्यो।

यस्ता वाद-विवाद र संघर्ष भौतिकवादी लोकायतहरू (चार्वाकहरू) र अध्यात्मवादी वैदिक धर्मावलम्बीहरूका बीचमा भए। त्यसपछि बौद्ध र वैदिक धर्मका अनुयायीहरूबीच त्यस्ता सघर्ष भए। आज पनि भौतिकवादी र अध्यात्मवादीको बीचमा वाद-विवादहरू चलिरहेका छन्। विविध धमार्मवलम्बीहरूका बीचमा संघर्ष केवल भारतमा मात्र होइन, विश्वभरि भएका छन्। एकले अर्कोलाई छेंड हान्ने, परस्पर निन्दा-प्रचार गर्ने कुरासम्म मात्र त्यो कुरो रहेन, हिन्दूहरू बौद्धहरूमाथि जाइलागे भने शिव-धर्मावलम्बीहरू जैनहरूमाथि खनिए। ईशाई र इस्लाम धर्मावलम्बीहरूका बीचमा वर्षौं-वर्ष युद्ध भइरहे। एउटै धर्मका विविध शाखाहरूका बीचमा पनि संघर्षहरू भए। शैव र वैष्णवहरू, रोमन क्याथोलिक र प्रोटेष्टेण्टहरू, शियाहरू र सुन्नीहरू तथा हीनयान र महायान बौद्धहरूका बीचमा पनि कैयौं विभेद र झगडा भए। आज पनि संसारमा वर्णभेद र धार्मिक अहंकारवाद प्रबल रूपमा विद्यमान छ। एकातिर प्राविधिक र वैज्ञानिक शास्त्रहरू बढ्दैछन् भने अर्कोतिर संकीर्ण चिन्तन पनि बढ्दैछन्।

यस हिमाली उपमहाद्वीपको समाज बिच्छिन्न हुने कारण धार्मिक उन्माद होइन ? के त्यसै विभाजनकै कारण लाखौं निरीह हिन्दू र मुसल्मानहरूले कैयौं प्रकारका दुःख पाएका होइनन् ? के आज पनि दक्षिण अफ्रिकाजस्ता देशमा रंगभेदको दुरहंकारले शासन गर्दै छैन ? यदि यसैगरी अहंकार बलियो हुँदै जाने हो भने आम जनता कष्टको शिकार हुनुपर्नेछ। ती धर्मको लागि उक्साउनेहरूको केही बिग्रँदैन। त्यसैले विभिन्न तरिकाले तिनीहरूले जनतालाई उक्साइरहन्छन् र आर्थिक एव सामाजिक समस्याहरूबाट देशको र जनताको ध्यान हटाउन कैयौं प्रकारका चाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चल्दै रहन्छन्। तिनीहरूले नै विविध धर्महरूका बीचमा विभेद उत्पन्न गरी उक्साउँछन् र साथै विविध वर्णहरू, जातिहरू र प्रान्तहरूका बीचमा पनि विभेद जन्माउँछन् र झैंझगडालाई प्रोत्साहित गर्छन् । कसैले श्रीरामलाई 'भगवान्को अवतार' मानेर उनको गुणगान गर्छन् भने कसैले रावणलाई 'महान्' भनेर उसको प्रशंसा गर्छन् । रामलीलाहरूको प्रतिस्पर्धाको रूपमा रावणलीला प्रदर्शन गर्छन् । उहिल्यै कालको गर्भमा गइसकेको आर्य-द्रविडजस्ता विभेदहरूलाई पुनर्जीवित गरी प्रचार गर्छन् । यस प्रकारका चालवाजीद्वारा उनीहरूले समाजमा आफ्नो श्रेष्ठता सिद्ध गर्ने प्रयत्न गर्छन्।

तिनीहरूकै हातमा प्रचारका साधन छन्। सैयौं ग्रन्थहरू रचना गरेर जनताको बीचमा प्रस्तुत गर्न सक्ने पण्डितहरू छन् । उनीहरूलाई पर्याप्त मात्रामा पुरस्कृत गर्न धेरै धन-बल पनि छ, हजारौ वर्षदेखि बरको रुखझैं वढ्दै आएका पुराणहरू छन् । जनताको मनमा जरा गाडेर रहेका कर्म-सिद्धान्त र पुनर्जन्म-सिद्धान्तजस्ता तत्व छन्।

हाम्रो समाजका प्रमुख व्यक्तिहरू एकातिर विज्ञान र प्रविधिका शिक्षाहरूको उन्नति आफ्नो स्वार्थसिद्ध गर्न उपयोग गर्दै आधुनिक सुविधाहरू उपभोग गर्दैरहन्छन् भने अर्कोतिर तान्त्रिक र तिनका मन्त्रहरूको प्रसंशा गर्दै प्रचार गर्दछन्। उनीहरू यो कथा काल्पनिक हो र यो वास्तविक हो भन्ने विश्लेषण रुचाउन्नन्। जब त्यस्तो विश्लेषण शुरु हुन्छ, चारैतिरबाट त्यसको विरोधमा मान्छे उठ्छन्। उनीहरू आवाज उठाउन शूरु गर्छन्, हाम्रा पुराणहरूको निन्दा हुँदैछ भनेर। जनातालाई भड्काउने प्रयत्न गरिदैछ भनेर। अतः मानवको प्रगतिको कामना गर्नेहरूले यस्ता प्रदूषित र तिरस्कारयोग्य बाटेमा लाग्नु हुँदैन। यदि रामायण र महाभारतका कथाहरूलाई अनुशीलन गर्ने हो भने ऐतिहासिक दृष्टिले तुलनात्मक अनुशीलन गर्नुपर्छ। त्यसैले सकेसम्म ऐतिहासिक तथ्यहरूलाई पाठकको अगाडि राख्नु मेरो यस प्रयासको मुख्य उद्देश्य हो। यदि यस प्रयासमा केही त्रुटि रहेका छन् भने क्षमा गरी मलाई सूचना दिने कृपा गर्नुहुनेछ।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.
रामायण र महाभारत

रामायण र महाभारत दुवैको लागि इतिहास, संहिता र आख्यान प्रचलित छन् । जय नाम रामायणको लागि होइन तर 'भविष्यत्' पुराणमा अठार पुराणका साथै रामायण र महाभारतलाई पनि 'जय' नामले बुझ्नुपर्छ भनिएको छ । ती इतिहासमा कुन पहिलो हो कुन पछिको ? ती कहिले लेखिए ? त्यसको कुनै ऐतिहासिक प्रमाण छ कि छैन ? यी समस्याहरू बारेमा कैयौं मान्छेहरूले कैयौं प्रकारले भिन्न-भिन्न मत प्रकट गर्दछन्। जाकोवीको मतानुसार रामायणको प्रणयन महाभारतभन्दा पहिले भयो । त्यही बिचार प्रकट गर्ने श्रीमल्लादि सूर्यनारायण शास्त्रीले लेखेको संस्कृत वाङ्मयको इतिहास-लौकिक वाङ्मय नामको ग्रन्थमा उल्लिखित प्रमाणहरूमाथि आउनोस्, एक दृष्टि लगाउँदै जाऔं।

२.१ रामायण र महाभारतका विषयमा विभिन्न कथनहरू

(क) 'रामायण आदिकाव्य हो, आर्य तथा वेद-सम्मत हो, एउटै नायकवाला रामायण 'परिक्रिया' नामक इतिहास हो, बहु-नायकवाला महाभारत 'पुराकल्प' नामक इतिहास हो ।'

(ख) 'रामायणको कथा त्रेता युगको हो, महाभारतको कथा द्वापर युगान्तको हो । उसका नायक श्रीराम हुन् भने यस कथाका कथा-सञ्चालक श्रीकृष्ण हुन् ।'

(ग) 'सप्त-महर्षिहरूमा अत्रि, भारद्वाज, वशिष्ठ र विश्वामित्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध रामायणको कथासँग छ, महाभारतको मुख्य कथासँग ती महर्षिहरूको कुनै सम्बन्ध छैन।'

(घ) 'एक जना नायकवाला काव्यको जन्म पहिले हुनु र बहु-नायकवाला काव्यको जन्म पछि हुनु स्वाभाविक हो।'

(ङ) 'सीतामा लोक-अनुसारको व्यावहारिक ज्ञान थिएन तर द्रौपदीमा पर्याप्त मात्रामा थियो।'

(च) 'भरत र लक्ष्मणले श्रीरामको आदेशको उल्लंघन गरेनन् तर भीम र अर्जुनले कहिलेकाहीं धर्मराजको निन्दा गरे।'

(छ) 'युद्धका नियम र व्यूह-रचना रामायणकालमा त्यति थिएनन्, जति कुरुक्षेत्रको युद्ध-कालमा थिए।'

(ज) 'रामायण-कालमा दक्षिण भारत घना जंगलले ढाकिएको थियो, महाभारत-कालमा केही हदसम्म विकसित सभ्यताका जनपदहरूको निर्माण भयो।'

उक्त तर्कहरूको विरोध गर्दै रामायणभन्दा पहिले नै महाभारतको अस्तित्व मान्ने विद्वान्हरू निम्नलिखित प्रमाणहरू प्रस्तुत गर्छन्-

(क) 'जब आर्यहरू पञ्जाव प्रान्तमा वस्दथे, त्यतिखेरै कुरुक्षेत्रको युद्ध भएको हो। त्यसपछि मात्र आर्यहरू अयोध्या र मिथिला नगरतिर फैलिन सके। अतः के भन्न सकिन्छ भने रामायणको कथाभन्दा पहिले नै महाभारतको कथा अस्तित्वमा आयो।'

(ख) 'हस्तिनापुरको उत्खननबाट पुराना खण्डहर र अरु केही प्रमाण भेटिएका छन् तर अयोध्याबाट अझैसम्म त्यस्ता प्रमाण पाइएका छैनन्।'

(ग) 'महाभारत पञ्चम वेद हो भने रामायण वेद-सम्मत मात्र हो।'

(घ) 'महाभारतको सापेक्षतामा रामायणमा काव्यभाषाका लक्षण अधिक मात्रामा देखिन्छन्।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) 'मातृसत्तात्मक अवस्थाका लक्षण महाभारतमा छन्। त्यो द्रौपदीका पाँच जना पति हुनु हो, तर रामायण समाज पितृसत्तात्मक अवस्थामा प्रवेश गर्नुभन्दा पछिको हो।'

(च) रामायणको रचना हुनुभन्दा पहिले महाभारतको रचना भएको दावी गर्नेहरूरुमा वाशवर्न हकिन्स प्रमुख हुन्। श्री एस्. ए. डाँगेको मत अनुसार 'वाल्मीकि रामायण निकै पछिको रचना लाग्छ...यो काव्यले महाभारतभन्दा पछिको सामन्ती युगको प्रतिनिधित्व गर्छ।'

(छ) डा. रोमिला थापरको भनाइ छ–'रामायणको रचना महाभारतभन्दा पछि भयो, कृषियुगको प्रारम्भिक कालमा नै रामायणको प्रणयन भएको भए त्यो महाभारतभन्दा पहिलेको हुन्थ्यो।'

अनेक शोधकर्ताहरूले के निष्कर्ष निकालेका छन् भने रामायण तथा महाभारतमध्ये यद्यपि रामायणको रचना नै पहिले भयो, तथापि महाभारत पहिले ग्रन्थस्थ भयो र त्यसको केही समयपछि गएर रामायण ग्रन्थस्थ भयो।

जाकोवीको 'जुन अवस्थामा वैदिक भाषा काव्यभाषाका रूपमा परिणत हुँदै थियो, त्यसै अवस्थामा महाभारतको प्रणयन भयो तर जब काव्यभाषाको एउटा परिष्कृत रूप बन्यो, त्यतिखेरै रामायणको रचना भयो' भन्ने भनाइलाई कतिपय विद्वान्हरूले समर्थन गरेका छन्।

परन्तु जसले महाभारतभन्दा पहिले नै रामायणको रचना भयो भन्ने मान्दछन्, उनीहरू केही प्रमाण देखाउँछन्। तिनीहरूको बिचारमा रामायणमा जुन रथ, हात्ती, घोडा र पैदल सेनाको लडाइंमा विवरण छैन, तिनको उल्लेख महाभारतमा छ। त्यति मात्र होइन, के पनि देखिन्छ भने फलामबाट बनेका तरवार र भालाजस्ता हतियारको उपयोग कुरुक्षेत्रको युद्धमा अत्यधिक भयो भने वाणको र हलाको फालीको टुप्पो मात्रको लागि फलामको उपयोग हुने चरणमा रामायणको रचना भएको थाहा पाइन्छ। अतः के भन्न सकिन्छ भने फलामका विभिन्न हतियार र उपकरण तयार गर्ने विकसित अवस्थामा महाभारतको प्रणयन भयो।

कन्द, मूल, फल तथा सिकारबाट प्राप्त मासुले जीवन–यापन कठिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा मानवले जुन चरणमा पशुपालन प्रारम्भ गऱ्यो र खेतीपाती शुरु गऱ्यो, रामायण त्यसै चरणमा लेखिएको रचना हो भने महाभारत खेतीपाती पर्याप्त विकसित भइसकेपछिको अवस्थामा लेखिएको ग्रन्थ हो।

रामायण त्यतिखेरको रचना हो, जतिखेर क्षत्रियहरूमाथि ब्राह्मणहरूको वर्चस्व थियो। तर जब विश्वामित्र त्यस महत्ताको विरुद्ध खडा भए र ब्रह्मर्षि बनेर श्रीरामलाई अस्त्र-शस्त्र विद्याहरू सिकाई उनले परशुरामको घमण्ड तोडे, त्यतिखेर ब्राह्मणहरूको महत्व केही कम भयो। त्यसैले रामायणमा ब्राह्मणहरूको जुन महत्व देखिन्छ, महाभारतमा देखिंदैन।

रामयणकालमा ब्राह्मण र पुरोहित नै मन्त्री थिए तर महाभारत-कालमा राजकाज सम्हाल्ने मन्त्री सूत (क्षत्रिय बाबु र ब्राह्मणी आमाबाट जन्मेका) हरू थिए।

रामायणको अपेक्षामा महाभारतकालमा आर्यहरूका राज्य बहुसंख्यक थिए। एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्ने स्थिति रामायण-कालमा थिएन। त्यो अवस्था महाभारत-कालमा आरम्भ भयो।

रामायण-कालमा जुन आर्यहरूले वलुचिस्तान, सिन्ध, गुजरात, प्रान्तका राक्षस, दानव आदि कबिलाहरूसँग युद्ध गरे, उनीहरूले भारतका पूर्व र दक्षिण दिशाका नाग-जातिहरूसँग गरेनन्। त्यसको आवश्यकता त्यतिखेर मात्र पऱ्यो, जब आर्यहरूले पूर्व तथा दक्षिणतिर कदम चाले। त्यसै अवस्थामा आविर्भाव भएको रचना नै महाभारत हो।

राम तथा वाल्मीकिलाई उल्लेख गर्दै रामायणका केही श्लोक महाभारतमा जोडियो तर महाभारतका श्लोक रामायणमा निक्षिप्त भएनन्।

यसरी आफ्नो सुझबुझ अनुसार विभिन्न विद्वान्हरूले अनेकौं प्रमाण प्रस्तुत गरेका छन्। कसैले रामायणको कथालाई पहिलो चरणको कथा बताउँछन् भने कसैले महाभारतको कथालाई। कसैले भनेका छन्, दुवै काल्पनिक कथा हुन् तर कतिपय विद्वान् यस्ता पनि छन्, जसले 'रामायण काल्पनिक हुन सक्छ तर महाभारत काल्पनिक होइन' भन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डाक्टर मजुमदारको कथन छ–अयोध्या, विदेह, सीताजस्ता शब्द वैदिक हुन् । सीताको अर्थ भूमि र हलो पनि हो । विदेह अर्थात् निर्गुण अथवा रूपरहित । अतः जब आर्यहरूले हलोको आविष्कार गरेपछि कृषियुगमा प्रवेश गरी दक्षिण दिशातिर वढ्दै थिए, त्यसै समयमा वेदका शब्दहरूलाई आधार बनाएर रामायणको कथा रचना भयो ।

डा. पुसाल्करको कथन छ–'जनक एउटा कबिलाका मुखिया थिए र चन्द्रवंशी क्षत्रिय थिए । कृषियुगमा पुगेका सूर्यवंशी क्षत्रियहरूले मनिला नगरको वरिपरिको क्षेत्रमा खेती गर्ने तरिका पुऱ्याए । शिकार खेलेर आहार जुटाउनुको साटो खेतीवारीको लागि आवश्यक हलो बनाउने र खेत जोत्ने काम उनीहरूले जनकलाई सिकाए । त्यसले गर्दा शिकार खेल्नको लागि उपयोगी धनुजस्ता जंगली जनताका हतियारको महत्व समाप्त भयो । त्यसैले 'रामायणमा श्रीरामले शिवको धनु भाँचे' भनेर वर्णन गरियो । खेतीको लागि उपयुक्त हलो जनकले प्राप्त गरे । त्यसैले 'जनकले सीता भेटाए' भनियो । सीता (हलो) को कारण सूर्यवंशी तथा चन्द्रवशी क्षेत्रियहरूको बीचमा नाता बढ्यो ।'

'यसरी जब कृषिको विस्तार भइरहेको थियो, कुनै न कुनै रूपमा एकपछि अर्को गर्दै कैयौं कबिलाहरू सूर्यवंशी क्षेत्रियहरूका अधीनमा हुँदै गएका थिए । त्यतिखेरै रामायणको आरम्भ भयो । त्यसैले भन्न सकिन्छ, त्यसमा धेरै ऐतिहासिक तथ्य र निकै धेरै काल्पनिक गाथा छन् ।'

केही विद्वान्हरूको मत अनुसार विन्ध्याचलभन्दा उत्तरमा जुन युद्ध भए, तिनलाई बिन्ध्यभन्दा दक्षिणमा भएका भन्ने सम्झेर तिनलाई रामायणमा चित्रण गर्नाले नै राम–रावण–युद्ध, लंकादहनजस्ता असंबद्ध कथालाई स्थान प्राप्त भयो ।

सुप्रसिद्ध इतिहासकार जाकोवीको मान्यता छ, रामायणमा उल्लिखित लङ्का श्रीलंका होइन । त्यो कुनै विन्ध्य पर्वतभन्दा उत्तरको सानो नगर हो ।

त्यसो भए त्यो सानो नगर कहाँ थियो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुप्रसिद्ध पुरातत्वविद् डा. सांकलियाको कथन छ, लंका नगरी जबलपुरको नजिकै अथवा अमरकण्टकको छेउँछाउँ कहीं थियो।

डा. पुसाल्करको पनि यही मत छ, सम्पूर्ण रामायण–गाथा उत्तर भारतमा घटित घटनाहरूसँग सम्बन्धित छ।

रामायणमा के कथा पनि छ भने कुनै बेला कार्तवीर्यार्जुन आफ्नी पत्नी तथा परिवारका साथ रेवा नदीको किनारमा गएर बसे र त्यहाँ निकै ठूलो बाँध बाँधे। त्यसैले नदीको जलस्तर बढ्यो। त्यसको फलस्वरूप रावणको लंका नगरमा पानी भरियो। त्यस कारण रिसाएर रावणले कार्तवीर्यार्जुनमाथि हमला गऱ्यो। युद्धमा कार्तवीर्यार्जुनले रावणलाई हराए। त्यसपछि कार्तवीर्यार्जुनले रावणलाई बन्दी बनाएर माहिष्मती नगरमा लगी त्यसलाई निकै पिटपाट गरेर छोडिदिए।

डा. साकलियाको मत छ–सेतु शब्दको अर्थ हो ठूलो तलाउ अथवा सरोवर। तर त्यसको लागि 'पुल' अर्थ पनि प्रचलित छ। अतः 'सेतुबन्धन'देखि लिएर धनुष्कोटी हुँदै श्रीलंकासम्म पुल बनाउने कल्पना गरेर रावणबध, लंकादहन जस्ता कथाको परिकल्पना गरियो।

आफ्नो एउटा शोधमा डा. साकलियानेले घोषणा गरे 'रामायणमा लेखियो, ठूला–ठूला चट्टानहरूद्वारा, पहाडी ढुंगा र सालका रुख प्रयोग गरेर सेतु बाँधियो। त्यसप्रकारका चट्टान, पहाडी ढुंगा र सालका रुख छोटा नागपुरको इलाकामा छन् न कि रामेश्वरम्को नजिकै।'

'दक्षिण भारतका अनेक पहाडी प्रान्तहरू तथा त्यहाँका मानिसका रीति–रिवाजसँग वाल्मीकि परिचित थिएनन्। रामद्वारा बध गरिएका बालिको अन्त्येष्टिको वर्णन वाल्मीकिले आर्यहरूको परम्परागत पद्धति अनुसार नै गरे। त्यसैवाट थाहा हुन्छ, बालि–सुग्रीवको सम्पूर्ण प्रसंगहरू उत्तर भारतमा नै घटित भएका हुन्। ती दक्षिण भारतमा घटित हुन सक्दैनन्।'

प्रख्यात इतिहासकार श्री एस् वी रायको मान्यता छ, 'सिन्धु सभ्यताको केन्द्र मोहनजोदडो जित्न आर्यहरूले जुन युद्ध गरे, त्यसैको वरिपरि रामकथाको जाल वुनियो।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२ यी गाथाहरू कुन समयका हुन् ?

के यी गाथाहरूका पछाडि कुनै ऐतिहासिक तथ्य छ ? जसरी यसको उत्तर निश्चित रूपले पाइन्न, त्यसै गरी निश्चित रूपले यो पनि थाहा पाउन सकिन्न कि यी गाथाहरू कहिलेका हुन् ?

ग्रन्थहरूमा लेखिएको छ, राम-रावण युद्ध त्रेतायुगमा भएको हो र द्वापर युगमा महाभारत युद्ध। तर त्यसको कुनै विश्वासयोग्य प्रमाण पाइन्न।

राम-रावण युद्ध त्रेतायुगको मध्य भागमा भयो कि अन्तिम भागमा ? यदि त्रेतायुगको अन्तिम भागमा भएको हो भनेर मान्ने हो भने युद्धपछि आजसम्म कति वर्ष विते भनेर कसरी पत्ता लगाउन सकिन्छ ?

द्वापरयुगको मान ८, ६४, ००० वर्ष हो। अहिलेसम्म कलियुगका ५०८२ वर्ष बितेका छन्। त्यसो भए हामीले आठ लाख सत्तरी हजार वर्ष पहिले राम-रावण युद्ध भएको हो भनेर मानौं ?

त्यसो भए त्यो युगको मानव कस्तो अवस्थामा थियो ? आर्यहरू कहाँ थिए ? के तिनीहरू अयोध्यामा थिए ? यो सब बिचार गर्दा सजिलैसँग थाहा हुन्छ, रामायणको कथा त्रेतायुगको थिएन।

अब महाभारतको कथा-काल लिऔं। केही विद्वान्हरू त्यो कथा ३१०० ई. पू. को हो भन्ने मान्दछन्। कसैले त्यसलाई १४०० ई. पू. को हो भन्दछन् भने कैयौं विशेषज्ञहरू ९०० ई. पू.को हो भन्ने मान्दछन्।

'राजतरंगिणी'मा लेखिएको छ, 'कलियुग शुरु भएको ६५३ वर्ष वितेपछि कुरु-पाण्डवहरूको जन्म भयो।' त्यस आधारमा हेर्ने हो भने २४४७ ई. पू.को वरिपरि कुरु-पाण्डव जन्मे होलान् भन्ने कुरा थाहा हुन्छ।

भारतका पुरातत्वविभागका वरिष्ठ अधिकारी श्रीगणपति जोशीद्वारा लिखित एउटा निबन्धमा के स्पष्ट गरिएको छ भने '३००० ई. पू. भन्दा पहिले कुरु-पाञ्चाल (हरियाणा र उत्तर प्रदेशका केही भाग) को भूमि घना जंगलले भरिएको थियो भन्ने प्रबल प्रमाण प्राप्त भएका छन्। १४०० ई. पू. सम्म त्यस इलाकामा नगर-सभ्यता थिएन र पशुपालक घुमन्ते कबिलाहरूले केही मात्रामा खेतीपाती शुरु गरेका थिए।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त मतहरूमा केही सत्य होस् कि नहोस्, कुरुक्षेत्रको लडाइँ द्वापरयुगको अन्तमा भएको कुरा बताउने पौराणिक कथाहरू विश्वास गर्न योग्य प्रतीत हुँदैनन् ?

के त्यसो भए हामीले कुरुक्षेत्रको युद्ध ९०० ई. पू. मा भएको मानौ ?

डा. सरकारको भनाइ छ, 'यद्यपि कुरुक्षेत्र–युद्धका तिथि–मितिको सम्बन्धमा विभिन्न मत प्रचलित छन् र तिनका मत अनुसार भनिएका तिथि–मितिमा लगभग दुई हजार वर्षको अन्तराल देखिन्छ। त्यसैले भन्न सकिन्छ, कुरुक्षेत्रको युद्धको कथा दन्त्यकथा मात्र हो।'

डा. सांकलियाको मत छ, '९०० ई. पू. मा कुरुक्षेत्र युद्ध हुने कुनै सम्भावनाको अबसर नै देखापर्दैन। तर डा. शिराशीको दावी छ, 'महाभारत युद्धको वास्तविकता र प्राचीनतासँग संबन्धित आधार हामीले वैदिक वाङ्मयमा पाउन सक्छौं।'

प्रोफेसर वी. वी लालको कथन छ,'महाभारत युद्ध ९०० ई. पू. को वरिपरि भएको प्रमाण प्राप्त भइसकेको छ।'

श्रीजगत्पति जोशीका अनुसार अहिलेसम्म पाञ्चाल प्रदेशबाट जेजति ताम्रपत्र र हस्तिनापुर क्षेत्रबाट जेजति कैलो रंगका माटाका भाँडा पाइएका छन्, तिनको आधारमा १४०० ई पू. को वरिपरि त्यहाँ शहरी सभ्यता थियो अथवा ९०० ई.पू.मा कुरुक्षेत्रमा युद्ध भयो भन्ने प्रमाणित गर्न असम्भवजस्तो लाग्छ।

उत्तर प्रदेश पुरातत्व विभाग, जीवाजी विश्वविद्यालय तथा भारतीय पुरातत्व सर्भेक्षण विभाग मिलेर रामायण र महाभारतका कथाहरूको कुनै ऐतिहासिक आधार छ कि छैन भनेर अनुसन्धान गर्ने काममा हात हालेका छन्।

महाभारतको कथासँग सम्बन्धित हस्तिनापुर, मथुरा, कुरुक्षेत्र आदि स्थानहरूमा उत्खनन भए। रामायणको कथासँग सम्बन्धित अयोध्याजस्ता स्थानमा उत्खनन शुरु भयो तैपनि रामायण र महाभारतका कथाहरूलाई पुष्टि गर्ने कुनै प्रमाण भेटिएनन्।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.
शतावतार अर्थात् रामायणका सैकडौं रूपहरू

त्यसबाहेक पनि रामायण र महाभारतले कैयौं रूप धारण गरे। तिनमा अनेक प्रक्षिप्त अंश विद्यमान छन्। पाषाणयुगको समयका केही प्रसंगहरूदेखि लिएर आठौं शताब्दीसम्मका केही मुख्य अंश तिनमा पाइन्छन् र ती दुवैमा असंभव कल्पनाहरू पाइन्छन्। ती अंशहरूलाई अक्षरशः सत्य मान्ने श्रद्धालु पनि छन्।

ब्रह्माण्ड तथा पाराशर उपपुराणलाई आधार देखाएर शतकोटि श्लोक भएको रामायण देव, गन्धर्व आदि लोकहरूमा क्रमशः पचास करोड, दश करोड र अन्तमा एक करोड श्लोकहरूको ग्रन्थ बन्यो। अनि केवल २४ हजार श्लोक भएको ग्रन्थ मानवलोकमा प्रचलित भयो भन्ने तर्क गर्ने महाशयहरू पनि पाइन्छन्।

जसले यस कथामा विश्वास गर्छन्, हनुमान् धनुष्कोटिबाट उडेर लंकामा हाम फालेका थिए र त्यतिखेर उनको शरीरबाट निस्केको पसिनाको थोपो समुद्रमा खस्यो, त्यो पसिना माछाले निलेको कारण माछाको पेटबाट मत्स्यवल्लभको जन्म भयो। तिनीहरूले कुनै पनि असंभावित विषयमा विश्वास गर्नु कुन सन्देहको कुरा हुन सक्छ ?

गायत्री रामायणमा लेखिएको छ, रामायण चौबिस हजार श्लोकमा सीमित छ, गायत्री मन्त्रका २४ वर्ण क्रमशः रामायणका एक-एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकको प्रारम्भमा उपलब्ध छन्। रामायणमा शतकोटि श्लोक भएको कुरा त्यहाँ उल्लेख छैन।

श्रीजकोवी, श्रीवैद्यजस्ता विद्वान्हरूले श्लोकहरूका उद्धरण दिएर 'रामायणका २४ हजार श्लोकहरूमा केवल ६ हजार श्लोक मात्र वाल्मीकिद्वारा रचना गरिएका हुन्। बाँकी १८ हजार श्लोक अरुहरूद्वारा लिखित घुसाइएका अंश हुन्' भनेर सिद्ध गरेका छन्।

त्यसबाहेक संस्कृत रामायणहरूमा कतिपय पाठभेद पनि पाइन्छन्। अरु पाठभेदहरूलाई छाडिदिनोस् तैपनि बम्बई, कस्मीर र बंगालका प्रतिहरूका पाठहरूमा नै कति प्रकारका पाठभेद देखिन्छन्।

श्रीजाकोवीले 'लगभग आठ हजार यस्ता श्लोक छन् जो एउटा पाठमा त छन् तर अर्को पाठमा छैनन्' भनेर सिद्ध गरेका छन्।

वाल्मीकि रामायणबाहेक भवभूतिद्वारा रचित उत्तररामचरित, भास्कर रामायण, अगस्त्य, रंगनाथ, वशिष्ठ, वरदराज, मोल्ल, दुर्वाशा, कंब, कृत्तिवास एवं तुलसीदासद्वारा रचित अनेक रामायण छन्। (नेपालमा पनि भानुभक्तले लेखेको रामायण नेपालीजनमानसमा औधी लोकप्रिय छ– अनुवादक) कालिदासद्वारा रचित रघुवंश काव्य पनि छ। यी सबैमा अनगिन्ती भिन्नता छन्।

महेश्वर तीर्थ, गोविन्दराज, रामानुज, वनभ्रुब्रह्म विद्याध्वरि, अहविल सूरि, विश्वनाथ दीक्षित, रंगाचार्य वेंकटसूरि आदि महान् पण्डितहरूले लेखेका व्याख्याहरू पनि छन्।

अध्यात्म रामायणको शैलीमा कीर्तन, रामहृदय, रामगीत जस्ता पद–रचना छन्। विदेशीहरूका अनुवाद एवं ग्रन्थ छन्। भाँतीभाँतीका रामकथाहरू छन्। महाभारत तथा अन्य पुराणहरूमा पनि रामकथा प्रवेश गरेको छ। रामायण एउटा काव्य हो, अतः त्यसको कथावस्तुको वास्तविकता अथवा अवास्तविकताको चिन्ता नगरी प्रत्येक कविले आफ्नो मन परेको ढंगले त्यसको रचना गऱ्यो। त्यसैले एउटा रचना अर्को रचनाभन्दा भिन्न हुन गयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज पनि औचित्यको नाममा कैयौं प्रकारका रामायणका ग्रन्थ तथा तीसँग सम्बन्धित कथाहरू निस्किरहेका छन् । त्यति मात्र होइन, वाल्मीकि रामायणले पनि अनेक रूप धारण गरेको छ । बाल्यावस्था, कौमार्यावस्था तथा यौवनावस्था पार गरेर नै त्यो महान् बरको बृक्षजस्तै विशालकाय बन्यो । त्यो यति विस्तृत भयो कि चिन्नै मुस्किलपर्‍यो, त्यसको जरा कुन हो र जटाहरू कुन हुन् ? जैन कथाहरू, बौद्ध गाथाहरू र पुराणमा समेत त्यो कथा प्रवेश गर्‍यो। विदेशमा पनि त्यसको प्रचार भयो।

भनिन्छ, नारायणले अहिलेसम्म नौ अवतार धारण गरेका छन् र आगामी कुनै दिनमा उनले दशौं अवतार धारण गर्नेछन् तर रामायणले अहिलेसम्म शय अवतार धारण गरेको छ । त्यसैले यस लेखनलाई शतावतार भनिएको हो।

रामायणमा मात्र हैन, महाभारतमा पनि यो कुरा लागु हुन्छ। एउटा इलाकाको महाभारतसंग अर्को इलाकाको महाभारतको मेल खाँदैन । जैमिनी भारत र पंपकवि भारत व्यासकृत महाभारतले मेल खाँदैन।

जसरी वाल्मीकि रामायणमा उत्तर रामायण जोडियो त्यसै गरी महाभारतमा पनि शान्ति पर्वसहित सात पर्व जोडिएका हुन्। रामायणको बालकाण्डझैं महाभारतमा पनि अरण्य पर्व जोडेर बढाइयो।

महाभारतमा भगवद्‌गीता घुसाइयो भने रामायणमा रामगीता । कृष्णभक्तहरूले हरिवंश रचना गरे भने रामभक्तहरूले अध्यात्म रामायण। जसरी वाल्मीकिको नाममा प्रचलित रामायणमा तीन चौथाइ भाग अरुअरुले लेखेर मूल पाठमा जोडे त्यसै गरी वेदव्यासको नाममा प्रचलित महाभारतमा ७६ हजार श्लोक अरुअरुले लेखेर मूल पाठमा मिसाइदिए। चाहे जसरी होस् रामायण २४ हजार श्लोकको भयो भने महाभारत एक लाख श्लोकको बन्यो।

रामायणजस्तै महाभारत पनि केही समयसम्म ग्रन्थस्थ भएन। जसरी कुशलवहरूले रामायणको गीत गाए, त्यसरी नै सूतहरूले महाभारतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथा सुनाए। त्यसको केही समयपछि महाभारत ग्रन्थस्थ भयो र त्यसपछि मात्र रामायण ग्रन्थस्थ भयो।

पुस्तकाकारमा परिणत भएपछि पनि महाभारत र रामायणमा अनेक परिवर्तन प्रस्तुत भए। कारण के हो ? कारण के हो भने यी दुवै केवल कथा हुन्, न कि इतिहासका ग्रन्थ। त्यसैले आफ्नो मनोमानी ढंगले विभिन्न रूपमा कविहरूले तिनमा परिवर्तन गरे। ती सारा परिवर्तनहरू र प्रक्षिप्त अंशहरूलाई उनीहरूले वाल्मीकि महर्षि र वेदव्यासको टाउकोमा हाले।

३.१ महाभारतका प्रणेता को हुन् ?

वेदव्यास भनौं, व्यास त एउटा उपाधि मात्र हो। वेदविभाजन गर्ने वेदव्यासलाई त्यसका कर्ता भनौं ? अनि त्यस्ता वेदव्यास अट्ठाइस जना थिए। पराशरपुत्र वेदव्यासलाई त्यसका रचयिता भनौं भने पराशर पनि तीन–चार जना थिए।

कैयौं विद्वान्हरूको विश्वास छ, गंगानदीको द्वीपमा पराशर र मत्स्यगन्धाबाट जन्मेका वेदव्यास नै महाभारत ग्रन्थका रचयिता हुन्। तर कसरी यो कुरा भन्न सकिन्छ कि छब्बिसौं द्वापरयुगका पराशरबाट अट्ठाइसौं द्वापरयुगका कृष्ण द्वैपायन जन्मे ? के हामी त्यसो भए यसो भनौ ? पराशर तथा द्वैपायन ब्रह्मर्षि थिए, त्यसैले चिरकालसम्म जीवित रहन सके। त्यसो भए द्वैपायनलाई जन्म दिने आमा सत्यवतीलाई के भन्ने ? उनी पनि तीन द्वापरयुगको समय बित्दासम्म नवयौवनाको रूपमा जीवित रहिन् ?

यदि त्यस्तो होइन भने जस्तो श्री सी.सी. वैद्यजस्ता विद्वान्ले कल्पना गरे त्यसै गरी तैत्तरीयारण्यकमा उल्लेख भए अनुसार पराशर, व्यास र वैशम्पायनलाई महाभारतका प्रणेता तथा प्रवक्ता मान्न सक्छौं।

श्रीमल्लदि सूर्यनारायण शास्त्रीले भनेका छन्–'तैत्तरियारण्यकमा पराशरको उल्लेख मात्र पाइन्छ कृष्ण द्वैपायन त्यसमा देखिंदैनन्। त्यति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र होइन, महाभारत तैत्तरियारण्यकको समकालीन हो भनेर सिद्ध गर्न पनि सजिलो छैन।'

अतः यो कुरा स्पष्ट हुन्छ, महाभारत ग्रन्थको प्रणेताको सम्बन्धमा समुचित निर्णय गर्नु असंभव कार्य हो।

३.२ महर्षि वाल्मीकि कुन समयका थिए ?

वाल्मीकिको सवाल त्यति जटिल नभए पनि रामायणका काव्यकर्ता वाल्मीकि को थिए ? भन्ने शंका उत्पन्न नभई छोड्दैन।

विष्णु पुराणमा स्पष्ट लेखिएको छ, चौबिसौं वेदव्यास वाल्मीकि नामक ऋषि थिए र अट्ठाइसौं वेदव्यास कृष्ण द्वैपायन थिए। कूर्म पुराणमा ऋक्ष, भार्गव नामहरूको ठाउँमा वाल्मीकि नाम देखिन्छ। तैत्तरीय उपनिषद् हेर्ने हो भने वरुणवंशी र भृगुवंशी वाल्मीकि एउटै थिए भन्ने थाहा पाइन्छ।

यदि वैवस्वत मन्वन्तरका चौबिसौं द्वापरयुगमा वाल्मीकि जन्मेर वेदव्यासको आश्रयमा विख्यात हुनुको साथै रामायण महाकाव्यको रचना पनि गर्न भ्याएका हुन् भने त्यो काम गरेपछि यता आजसम्म लगभग एक करोड पचहत्तर लाख वर्ष बितेका हुनेछन्। के यो तथ्य स्वीकार्य छ ? त्यसबाहेक पनि त्रिविक्रम, हेमचन्द्र, सिंहराज, लक्ष्मीधर शास्त्रीजस्ता विद्वान्हरूको भनाइ छ, उनले एउटा प्राकृत व्याकरणको ग्रन्थ पनि लेखे।

रामायण महाकाव्यलाई प्राचीनतम सिद्ध गर्नको लागि नै वाल्मीकि महाकवि चौबिसौं द्वापरमा या त्योभन्दा पनि केही पहिले जन्मे भन्ने कल्पना गरियो। केही पण्डितहरूले वेदव्यास अट्ठाइसौं द्वापर युगमा जन्मेर वेद-विभाजन गर्नुका साथै पञ्चम वेद नामले विख्यात महाभारत संहिताको रचना पनि गरे लेखेका छन् भने केही अरु विद्वान्हरूले चौबिसौं द्वापरयुगमै जन्मेर महर्षि वाल्मीकिले वेद-विभाजन गर्नुका साथै रामायण महाकाव्यको रचना पनि गरेका हुन् भनेर लेखेका छन्।

महाभारतलाई साठी लाख श्लोक भएको भनिएको छ भने रामायणलाई सय करोड श्लोकले सम्पन्न भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण र महाभारतमा वैदिक कथाहरू जोड्नुका साथै चौथो शताब्दीसम्मका अनेक कथाहरू पनि मिसाएर ती दुवैलाई निकै ठूला बनाइयो र मनोमानी ढंगले फेरबदल पनि गरियो। तैपनि त्यहींसम्म मात्र त्यो रोकिएन। एघारौं शताब्दीसम्म कसै न कसैले कुनै न कुनै कथा लेखेर त्यसमा जोड्दै रहे। त्यसैले महाभारत र रामायणका कैयौं कटु आलोचना निस्के। तेलुगुमा त यहाँसम्मको उखान बन्यो–'रामायण रंकु, भारत वंकु' (अर्थात् रामायण व्यभिचारको कथा हो भने महाभारत सफेद झुट्टो कथा हो)

अनि अरु दृष्टिकोणका मान्छे पनि छन् । उनीहरू प्राचीन मानवसमाजका इतिहासलाई छोडी रामायण र महाभारतलाई देवी–देवताहरू, श्राप र वरदानहरूसँग जोड्छन् । उनीहरू जोड दिएर भन्छन्, वर्तमान कालभन्दा प्राचीन काल अत्यन्त महान् र श्रेष्ठ थियो । उनीहरू दिन प्रतिदिन पाप बढ्दै गएको कुरा सोचेर दुःखी हुन्छन्।

त्यसैले यदि कसैले रामायण र महाभारत कहिले जन्मेका हुन् र पढेका हुन्, तिनमा लेखिएका कथाहरू साँचा हुन् कि झुट्टा हुन् भन्ने जान्न चाहन्छ भने वेद र पुराणमै निर्भर रहनु पर्याप्त हुँदैन।

त्यसको लागि हामीले हेर्नुपर्दछ, **पूर्व पाषाणयुगदेखि वर्तमान कालसम्म उत्पादनका साधनहरूको विकास कसरी भयो ? र, आहार-सञ्चयको अवस्थादेखि आहार-उत्पादनको अवस्थासम्म मान्छे कहिले र कसरी पुग्यो ?**

जंगली अवस्थाका कबिलाहरूका सामूहिक नियम र रीतिरिवाज कस्ता थिए र असभ्य अवस्थाका कबिलाहरूका सामाजिक नियम, रीति–रिवाज तथा पेशा कस्ता थिए ? हामीले थाहा पाउनुपर्दछ, सभ्य हुने दिशातिर पाइला चाल्दै प्रगतिपथमा लम्कने जातिहरूका प्रथाहरू, धार्मिक नियम आदि कुरा परिवर्तन हुँदै आए ? हामीले यो पनि अनुशीलन गर्नुपर्दछ, जंगली अवस्थाबाट आजसम्म नारी–पुरुष बीचका सम्बन्धमा के–के परिवर्तन भए ? र, दर्शनशास्त्रमा आदर्शवादको विकास कसरी भयो ? होइन भने सही निर्णयमा पुग्न सकिने छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने मोर्गनको भनाइ छ– **'भनिन्छ, जीवनका आधारभूत वस्तुहरूको बिस्तार र मानवजातिको विकासक्रमका प्रधान युग यी दुवै लगभग मिल्दाजुल्दा छन् ।'**

त्यसैले आउनोस्, हामी पहिले ती अवस्थाहरूमा विकसित वस्तुहरूका उत्पादन, नारी–पुरुषका सम्बन्धहरू, सभ्यता तथा मानवशास्त्रका सूत्रहरू आदिमाथि बिचार गरौं ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.
मानवविकासको क्रम

विकासवादका प्रणेताहरूको कथन छ, लगभग २०० करोड वर्ष पहिले समुद्रमा जीवजन्तुको आविर्भाव भयो। समुद्री जीवहरूबाट जलचर प्राणी उत्पन्न भए। यसैगरी वानर जाति विकसित भयो। र, क्रमिक परिणामको फलस्वरूप वानरबाट नर बन्ने क्रम पूरा भयो।

मोर्गन जो अद्भूत मेधाशक्ति-सम्पन्न विद्वान् थिए, अथक परिश्रम गरेर मानवजातिको विकास लेखे। उनले विभिन्न महाद्वीपमा बस्ने कबिलाहरूका रहन-सहन, रीति-रिवाज, परम्पराहरू र विश्वासहरूको गहन अध्ययन गरेर 'प्राचीन समाज' नामक ग्रन्थको रचना गरे। जसमा उनले पितृसत्तात्मक युगभन्दा पहिले मातृसत्तात्मक युग थियो भन्ने सिद्ध गरे।

४.१ मानवविकासका प्रमुख अवस्थाहरू

(क) भाषा

आदि मानवले हजारौं वर्षसम्म बृक्षहरू र गुफाहरूमा आफ्ना आवास बनायो। ऊ रुखका पात, कन्दमूल, फल आदि खाएर वच्दथ्यो। क्रमशः उसले आफ्ना मनोभावहरू प्रकट गर्न सिक्यो। यही आदि मानवको शैशव अवस्था थियो।यसलाई मोर्गनले जगली युगको प्रथम अवस्था भनेका छन्।

त्यस अवस्थामा मान्छेको लागि न देवताको अस्तित्व थियो न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूतप्रेतको । न ऊ कपडा लगाउँथ्यो न ऊसँग आवासको व्यवस्था थियो। ऊसँग ढुंगाका औजार पनि थिएनन् । आत्म-रक्षा र आहार जम्मा गर्नेबाहेक उसका कुनै चिन्ता थिएनन् । त्यसपछि आदि मानवले क्रमशः आत्मरक्षा र आहार आर्जन गर्न समूह बनाएर जिउन शुरु गऱ्यो ।

(ख) आगो

मानवको बौद्धिक शक्तिको विकास हुन थाल्यो । उसले देख्यो, आँधी आउँदा रुखका हाँगाहरू परस्पर जब घोटिन्छन्, आगो उत्पन्न हुन्छ र, जंगल डढ्दछन् । आगाको चपेटामा परेर डढेका पशु तथा चराको मासुको स्वाद उसले चाखेर हेऱ्यो र उसलाई त्यो मन पऱ्यो । अतः उसले काठमा काठ घोटेर आगो उत्पन्न गऱ्यो र त्यसमा चरा र माछाहरू पोलेर खान शुरु गऱ्यो । ठस्को खाले कन्दमूल पनि आगोमा पोलेर खान शुरु गऱ्यो । जनावरको शिकार गर्न र काट्न उसले तेजिलो धारका ढुंगा बनायो । उसले एकै ठाउँमा आवश्यक खाद्य पदार्थ पाउन सक्दैनथ्यो । त्यसैले ऊ प्रवासमा हिंडिरहन्थ्यो । यसरी आदि मानव नदीका किनारा तथा समुद्री तटहरूको बाटो हुँदै टाढा-टाढासम्म फैलियो । मोर्गनका अनुसार यो जंगली युगको दोस्रो अवस्था थियो ।

यस दोस्रो अवस्थामा पनि मानवसमाजको पारिवारिक सम्बन्ध भएनन् । आमा-छोरा र बाबु-छोरीको ज्ञान उसलाई कुनै थिएन । सन् १८७५ मा जान क्राफले लेखे-'वेरिंग जलसन्धि'को वरिपरि वस्ने 'किवयटहरू'मा, अलास्काको नजिकै वस्ने 'कोदियकहरू' मा कुनै प्रकारको नाता सम्बन्धको ज्ञान छैन । सन् १८८८ मा लेतोर्न नामक आदिम जातिका इतिहासकारले थाहा पाए, चिपेवेका इण्डियनहरूमा, चिलीका काकूस जातिमा, क्यारेवियनहरूमा, करेन कबिलाहरूमा आमा-छोरा, बाबु-छोरी र भाइ-वहिनीको ज्ञान छैन । कुनै युगमा सबै ठाउँमा यही अवस्था थियो । यही कारण हो हामीले महाभारतमा भाइ-वहिनीका बीचमा र ओल्र्ड टेष्टामेण्टमा बाबु-छोरीका बीचमा लैंगिक सम्बन्ध भएका उल्लेख गर्ने कथा पाउँछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस अवस्थामा बालबालिकाहरूलाई उनीहरूको बाबु कुन हो भन्ने थाहा हुँदैनथ्यो । आमालाई मात्र थाहा हुन्थ्यो । आमाका सन्तानहरू, उसकी छोरीका सन्तानहरू र नाती–नातिनाका सन्तानहरू सबै मिलेर साथसाथै रहन्थे । जसको एउटा टोल वन्दथ्यो ।

(ग) माटाका भाँडा

त्यो अवस्थाबाट पनि मान्छे केही अगाडि बढ्यो । उसले जनावरको शिकार सजिलै गर्न लायक तीर–कमान बनायो । धारिला ढुंगाका हतियार र बन्चराहरू पनि तयार गऱ्यो । तिनैको सहयोगमा काठका औजार र भाँडा पनि निर्माण गऱ्यो । रुखका बोक्राबाट टोकरी बनाउन, डुंगा बनाउन, वाँसका काठबाट झुपडीहरू बनाउन सिक्यो । रुखका बोक्राबाट त्यान्द्रा (धागो) निकालेर त्यसबाट कपडा बनाउन सिक्यो । त्यो प्रगतिको कारणले आफ्नो लागि खाद्य सामग्री जम्मा सजिलो भयो । त्यस अवस्थालाई मोर्गनले जंगली युगको तेस्रो चरण भनेका छन् । (त्यस अवस्थाका जंगली जातिहरू अहिले सारा संसारमा पाइन्छन्)

(घ) बलि प्रथाको प्रचलन

त्यस अवस्थामा मान्छेलाई थाहा थिएन, आँधी किन आउँछ । सरुवा रोग फैलिने कारण पनि उनीहरू जान्दैनथे । उनीहरू कुनै दुष्ट शक्तिले आफूहरूलाई सताइरहेको सम्झन्थे । तिनलाई खुसी पार्नको लागि उसले रुखहरू, झ्याङ्हरू र ढुंगाको पूजा गर्न थाल्यो । कालान्तरमा उसले दुर्गा देवीहरू, कालिकाहरूजस्ता देवीहरूको रचना गरेर उनका अगाडि जनावरका साथै मान्छेको पनि वलि दिने प्रथा चलायो ।

त्यति बेला मातृसत्ताको प्रधानता भएको कारणले गर्दा देवीहरू नै आराध्य हुन्थे । एउटा कबिलाका सबै मान्छेहरूले एउटै देवीको पूजा गर्दथे । कबिलाका हरेक गणहरूकहाँ त्यस देवीको मूर्ति रहन्थ्यो । त्यसको पूजा गर्न सबै गणका मान्छेहरू जम्मा भएर बुढी महिलालाई नियुक्ति गर्दथे । उसलाई 'गणाचारिणी' (गणकी आचारिणी) भनेर सम्बोधन गर्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले उनलाई 'पूजारिणी' पनि भन्दथे। त्यस गणाचारिणीले देवीको पूजा मात्र गर्दैनथी, थप देवी माता ममा उत्रिन् भनेर हल्लने पनि गर्थी। उसले गणका सदस्यहरूलाई न जाने के-के कुराहरू बताउँथी र उसको मुखबाट देवी बोलेकी हुन् भन्ने विश्वास दिलाउँथी। गणका सदस्य विश्वास गर्थे, गणाचारिणीले जे-जे भनिन्, सबै सही हो।

(ङ) देवीदेवताको परिकल्पना

यसरी देवी-देवताहरूका पूजा, पशुबलिहरू, नरबलिहरू, उत्सव पर्व आदि शुरु भए। त्यससँग सम्बन्धित कथाहरू हाम्रा प्राचीन गन्थहरूमा हामीले पाउँछौं। यजुर्वेद तथा तैत्तरीय ब्राह्मणमा लेखेको छ, पुरुषमेध यज्ञमा १८४ प्रकारका स्त्री-पुरुषहरूको वलि दिइन्छ। ऐतरेय ब्राह्मणमा हरिश्चन्द्रद्वारा गरिएको यज्ञमा शुनस्सेपलाई बलिपशुको रूपमा मौलामा बाँधिएको थियो। यो कथा भागवत्मा पनि छ। ओल्र्ड टेष्टमेण्टमा अब्राहमले ईश्वरको लागि आफ्नो साक्खै छोरालाई वलि दिएका थिए भन्ने कथा छ। रामायण तथा महाभारतमा श्रीराम तथा धर्मराजले अश्वमेध राजसूय यज्ञ गरे भन्ने उल्लेख छ। छैटौं शताब्दीका विष्णु कुण्डिन वंशका पहिला पुरुष माधवन बर्माद्वारा पुरुषमेध तथा सर्वमेध यज्ञ गरेका उदाहरण पाइन्छन्।

जसरी आजभोलि अन्धविश्वासहरूका बीचमा पनि विज्ञान र प्रविधिसम्बन्धी ज्ञानको विकास भइरहेको छ, त्यसै गरी त्यस युगमा पनि विज्ञानको धेरथोर विकास भएको थियो। साना-साना ढुंगा फाल्ने रस्सीका घुँएत्रा, बाँसका फित्कुलीजस्ता साधन तथा तीर-कमानका जमानाबाट अगाडि बढ्दै मान्छेले वैज्ञानिक उपकरणहरूको आविष्कार गर्नेतिर अगाडि कदम बढायो। कुमालका चक्काहरूको आविष्कार भयो। त्यसबाट घैंटा आदि बनाइयो। तिनमा बीउ राख्ने, कन्दमूल, मासु तथा माछा पकाएर खाने चलन शुरु भयो। यसरी मान्छेले जंगली युगबाट अगाडि बढेर सभ्यताको युगमा पदार्पण गर्‍यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.२ पशुहरूको पालनको आरम्भ

सुस्त-सुस्त मान्छेले कुरा बुझ्न थाल्यो, जनावरलाई मारेर मासु खानुको साटो उनलाई पालन-पोषण गर्ने हो भने झन् उपयोगी हुन्छन्-दुध दिन्छन्, हरेक वर्ष तिनका बाच्छा जन्मन्छन् अतः तिनलाई पालन-पोषण गर्नु राम्रो हो । मान्छेले पशुहरूलाई पक्रेर पालन-पोषण गर्न थाल्यो र पशुका पनि झुण्ड वढ्न थाले। जुन कबिलाहरूले पशुको संग्रह गर्न थाले, अरुहरूभन्दा बढी विकसित हुँदै जान थाले। दुध, दही र मासु उनीहरूले बढी मात्रामा उपलब्ध हुन थालेको हुँदा शारीरिक र मानसिक रूपले बढी विकसित भए।

पशुहरूका झुण्ड बढ्नुका साथसाथै देवीदेवताका सङ्ख्यामा पनि वृद्धि भयो। जहाँ उनीहरूका गाईहरूले पानी खान्थे, ती नदीको तथा जुन ठाउँमा गाई चर्दथे, ती पहाडको पनि पूजा गर्न थाले। त्यसैले गंगा माता, पार्वती आदिका नाममा उत्सव (जात्राहरू) र पूजाहरू हुन थाले। त्यसको साथसाथै क्षुद्र देवी-देवताहरूका पूजा त छँदै थिए।

जंगली युगबाट जुन पूजा शुरु भए ती विकसित हुँदै शाक्त संप्रदायको जग बस्यो। कालक्रममा त्यो शक्ति आदिशक्ति, अवतारमूर्ति या पराशक्तिको रूपमा वर्णित भए। भनिन्छ, शक्तिले वामा, ज्येष्ठा, शैद्री, अम्विका, परा, इच्छा, ज्ञान, क्रिया, शान्ता नामक नौ अवतार लिए। त्यसपछि तिनीहरूलाई त्रिपुरासुन्दरी माने तिनको पूजा गरियो। ती अवतार र पूजापद्धतिहरू पुराणहरूमा वर्णित छन्। तर मामला यत्तिमा रोकिएन। कालक्रममा वामाचार प्रबल भयो। शक्तिपूजाको सम्बन्धमा शाक्त, शैव, वैष्णव, बौद्ध धर्महरूका बीचमा प्रतिस्पर्धा बढ्यो। कुनै निर्लज्ज युवतीलाई निर्वस्त्र पारेर उसको योनिपीठमा देवीलाई प्रतिष्ठापन गरेर पूजा गर्नु राम्रो मान्न थालियो। पूजा गर्दा मद्यपान गर्नु, माछा, मासु, मिष्ठान्न खानु र अन्तमा मैथुन पनि आवश्यक मानिन थाल्यो। यसरी 'पञ्च मकार' प्रयोग गरेमा मोक्ष प्राप्त हुने विश्वास दिलाइयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.३ सम्पत्तिको विभाजन

चाहे जति तन्त्र सिकौं र चाहे जति मन्त्र पढौं, त्यसले समाजको विकास सम्भव छैन। त्यसको लागि परिश्रम गर्नुपर्छ। पशुपालनको लागि उनीहरूले परिश्रम गरे। त्यसैले पशुहरूको संख्या बढ्यो। दुध दही र मासु पर्याप्त मात्रामा पाइनाले जनसंख्या बढ्यो। त्यसले के प्रममाणित गऱ्यो भने आवश्यक वस्तुहरूको उत्पादन तथा जनसंख्याको वृद्धिमा परस्पर सम्बन्ध छ। तर उनीहरूको अगाडि एउटा समस्या खडा भयो। जतिखेर पशुपालन आरम्भ भयो, त्यतिखेर जम्मै पशुको झुण्डको स्वामित्व सामूहिक थियो। कबिलाहरू सबैको त्यसमा हक थियो । त्यसै गरी तिनको पालन-पोषणको जिम्मेवारी पनि सामूहिक थियो । त्यसरी सबै काम ठीकसँग चलेका थिए । तर पशुहरूको समूह वद्दै जाँदा एकै ठाउँमा राख्न र चराउन कठिन महसूस हुन थाल्यो । त्यसैले गणहरूको हिसाव अनुसार ती झुण्डहरू वाँडफाँड गरियो। बाँडिएका पशुहरूलाई अलगअलग ठाउँ चराउँदै पालन पोषण गर्न शुरु भयो। त्यस पशुहरूका ठूला झुण्डहरूलाई आफ्नो वंशको हिसावले उनीहरूले वाडफाँड गरे। त्यस कारण सामूहिक पशुसम्पत्ति सम्मिलित परिवारको सम्पत्तिको रूपमा विभक्त भयो।

४.४ श्रमविभाजन

त्यस स्थितिमा स्त्रीहरूले घर सम्हाल्न थाले भने पुरुषले बाहिरको काम हेर्न थाल्यो । अतः सबभन्दा पहिले स्त्री र पुरुषमा श्रमविभाजन भयो भन्ने कुरामा कुनै सन्देह रहेन। खाना पकाउने, बाल-बालिकाहरूको पालन-पोषण गर्ने आदि घरेलु काम स्त्रीहरूका जिम्मामा थिए भने पशुहरू चराउने, दुध दुहेर ल्याउने गर्नुका साथै कन्दमूल खोजेर ल्याउने, मासु आदि खाद्य सामग्रीको प्रबन्ध गर्ने काम पुरुषको जिम्मामा थिए। तैपनि पुरुषहरू स्त्रीहरूका आज्ञाकारी भएर रहनुपर्दथ्यो । त्यसबाहेक कुनै उपाय थिएन। त्यसको कारण के थियो ?

मातृसत्तात्मक समाजमा बालबालिकाहरूलाई आफ्नी आमा को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भन्ने कुरा थाहा हुन्थ्यो तर पिता को हो भन्ने जानकारी हुन्नथ्यो । त्यसैले पारिवारिक रक्तसम्बन्ध स्त्रीहरूसँग नै हुन्थ्यो । त्यसैले अधिकार र प्रतिष्ठा पनि स्त्रीहरूले नै पाउँथे । आज पनि मातृसत्तात्मक समाजवाला खसिया र जयन्तिया कबिलाहरूमा स्त्रीहरू नै प्रमुख छन् । केरलमा अझै पनि मातृसत्तात्मक समाजका तत्व विद्यमान छन् । चन्द्रगुप्त मौर्य तथा गौतमीपुत्र शातकर्णिका नामका अगाडि आमाहरूको नाम हुनु पनि मातृसत्तात्मक समाजका कारणले हो ।

४.५ नाता-पाताको आरम्भ

आदिमानवहरू यस अवस्थासम्म आइपुग्न कैयौं हजार सालको समय लागेको थियो । लामो कालखण्डमा मानवसमाजको विस्तारको साथसाथै स्त्री-पुरुषका सम्बन्धका बीचमा पनि केही प्रतिबन्ध लाग्न थाले । पहिले बाबु-छोरी र आमा-छोरा बीचका लैगिक सम्बन्ध निषिद्ध मानियो । त्यसपछि भाइ-वहिनीका बीचका लैंगिक सम्बन्ध पनि निषेध गरियो । त्यसको केही समय बितेपछि केही कबिलाहरूका मानिसहरूले एउटै गणका स्त्री-पुरुषका बीचमा सम्बन्ध हुनु नराम्रो मान्न लागे । कुनै कबिलाहरूका मान्छेहरूले एउटै गणका स्त्री-पुरुषका बीचमा सम्बन्ध हुँदा असल सन्तान जन्मदैनन् भन्ने मान्न थाले र तिनीहरूले त्यस्तो कुरामा रोक लगाउने निर्णय गरे । त्यस निर्णयका राम्रा परिणाम निस्के । विभिन्न कबिलाहरूका स्त्री-पुरुषको बीचका सम्बन्धबाट शिशुहरूको राम्रो नस्ल जन्मन थाल्यो । आमातिरका र बाबुतिरका शक्ति र सामर्थ्य शिशुहरूले जन्मदै पाउन थाले । त्यसैले एउटा गणका स्त्रीहरूले अर्को गणका पुरुषहरूलाई निम्ता गर्न थाले । पुरुष स्त्रीहरूकहाँ गएर साथै रहन थाले ।

४.६ पितृसत्तात्मक समाज

जब पशुपालन शूरु भयो, त्यतिखेर यद्यपि नारीहरू नै प्रमुख रहन्थे तर पनि पशुहरू उनीहरूका अधीनमा रहन्नथे । तिनीहरू पुरुषकै देखभालमा रहन्थे । शिकारको लागि प्रयोग हुने हतियार पुरुषको साथमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थे । स्त्रीहरूलाई तिनीसँग कुनै सरोकार थिएन । पशुपालन प्रारम्भ हुनुभन्दा पहिले पुरुषसँगै स्त्रीहरू पनि जंगलमा जान्थे र कन्दमूल, फल, मासु जस्ता खाद्य पदार्थहरू जम्मा गर्थे तर पशुहरूको संख्या बढ्दै जाँदा स्त्रीहरू ज्यादाजसो घरेलु कामकाजमै बाँधिए । उनीहरूले खाना बनाउँथे, दुध तताएर घिउ निकाल्थे, कम्बल वुन्थे र बालबालिकाहरूको पालनपोषण गर्दै सधै घरमै रहन थाले । यद्यपि ती काम मुस्किलका थिए तैपनि पशु चराउने, तीर–कमानजस्ता हतियार चलाउने काममा जुन महत्व थियो, त्यो ती घरेलु काममा थिएन । त्यसको साथसाथै घरमा रहँदारहँदै स्त्रीहरूमा कोमलता पनि आउन थाल्यो । फलतः यस्तो परिस्थिति बन्यो, जसले गर्दा स्त्रीहरू खाद्य सामग्रीको लागि पुरुषको मुख ताक्ने हुँदै गए ।

खाद्य सामग्री पाइने पशु–सम्पत्ति र शिकार खेल्न आवश्यक हतियार पुरुषका हातमा रहनाले स्त्रीहरूलाई भन्दा पुरुषलाई ज्यादा महत्व प्राप्त हुन थाल्यो । त्यसैले स्त्रीहरूसँग कुनै झगडा भयो भने पुरुष झुक्दैनथे । आफ्ना हतियार र औजार लिएर उनीहरू जुन गणमा जन्मेका हुन्, त्यहीं जान्थे । चराउने मान्छेको अभावले गर्दा पशुहरू तितरवितर हुन्थे जसले गर्दा दुध र मासुको अभाव हुन्थ्यो । कहिले त पुरुषहरूले पशुहरू पनि आफ्नो साथै खेदेर लैजान्थे, त्यसैले स्त्रीहरू पुरुषबाट दवेर रहन थाले । कालान्तरमा पुरुषहरूले चाहन थाले, आफ्नो हातमा रहेका पशु र हतियार आफ्नै निजी सन्तानलाई नै दिऊँ । उसले सोच्यो यदि मेरो आफ्नो सन्तानले मलाई पिताको रूपमा मान्यता दिन्छ भने मेरो महत्व बढ्नेछ तर मातृसत्तात्मक समाजमा त्यो कसरी संभव हुन सक्छ ? बालबालिकाहरू हाम्रो जन्मदाता पिता को हो भन्ने जान्दैनथे ।

त्यसैले पुरुषले त्यस्ती स्त्री खोज्न थाल्यो, जो केवल आफ्नो साथमा रहोस् । स्त्रीलाई आफ्नो वशमा पार्नको लागि पशु–संपदा देखायो, शिकार खेल्ने आफ्नो क्षमता देखायो र अनेक प्रकारले आफ्नो श्रेष्ठता प्रदर्शन गर्‍यो ।

अनेक पुरुषहरूसँग आफ्नो लैंगिक सम्बन्धको कारणले उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरक्तिले गर्दा सबै कुरामा समर्थ, योग्य पुरुषसँग रहन स्त्रीहरू पनि उत्सुक थिए तर गणका सदस्यहरूले त्यो कुरा स्वीकार गरेनन्। उनीहरूको भनाइ थियो, एउटा गणका पुरुषहरू अर्को गणका स्त्रीहरूसंग सामूहिक रूपले रहने नियमको विरुद्धको नियम हो यो। उनीहरूले शर्त राखे, यदि कुनै स्त्री एउटै लोग्नेकी भएर रहन चाहने भए पहिले उसले गणका अरु पुरुषको इच्छा पूरा गर्नुपर्छ। पुरुषलाई आफूसँग रहन चाहने स्त्रीको पहिले कति पुरुषसँग शारीरिक सम्बन्ध भइसकेको थियो भन्ने कुरामा कुनै आपत्ति हुन हुँदैन। प्रत्येक स्त्रीले पहिले अरु पुरुषको इच्छापूर्ति गरेपछि आफूले मन पराएको पुरुषसंग रहन अधिकार पाउँथी। त्यसले गर्दा स्त्रीहरूको सत्ता खोस्ने बाटो निस्क्यो। स्त्रीले आफूले मन पराएको पुरुषसँग रहेको कारण, उसको कोखबाट जन्मेका बालबालिकाहरूले आफ्नो बाबु पनि चिन्न थाले। अनि के थियो र वंश, वंशपरम्परा मातृसत्तात्मक नरहेर पितृसत्तात्मक हुन थाल्यो। अहिलेसम्म वंश-परम्परामा जुन स्थान आमालाई प्राप्त थियो, अब त्यो पिताले पाउन थाल्यो यसरी मातृसत्तात्मक समाज पितृसत्तात्मक भयो। यस प्रकारका परिवर्तनका स्थितिमा स्त्री र पुरुषका बीचमा जुन सम्झौता भए, जुन सम्बन्ध स्थापित भए, तिनका विवरण महाभारतमा उपलब्ध छन्। गालवको कथामा त्यो कुरा स्पष्ट देखिन्छ। माधवी ययातिकी छोरी थिई। ययातिको इच्छा अनुसार आठ सय अनौठा घोडा प्राप्त गरेर गालवलाई दिने जिम्मेवारी लिई। ऊ एउटा छोरो जन्मदासम्म राजा इक्ष्वाकुसँग बसी र उस कहाँबाट दुई सय घोडा लिएर माधवीले गालवलाई दिई। त्यसपछि काशीका राजासँग दुई सय घोडा लिएर छोरो जन्मदासम्म माधवी उसैसँग बसी। त्यसपछि ऊ भोजपुरका राजासँग पनि दुई सय घोडा लिएर ऊबाट माधवीले एउटा पुत्र जन्माई। अन्तमा विश्वामित्र कहाँ गएर उनीद्वारा दुई सय घोडा लिई र एउटा छोरो जन्माई। त्यसरी आठ सय घोडाको हिसाब पूरा भयो र ती आठ सय घोडा गालवलाई दिएपछि गालवले ती आठ सय घोडा विश्वामित्रलाई दिएर ऋणमुक्त भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.७ गणका नियममा परिवर्तन

पितृसत्तात्मक समाज बनेपछि गणका नियमहरू केही परिवर्तन गरिए। कुनै एउटै पुरुषसँग रहन चाहने स्त्रीले गणका सबै सदस्यको इच्छापूर्ति गनुपर्ने नियम केही बदलियो। केबल गणका मुखियाको इच्छापूर्ति गरे हुने नियम वनाइयो। अथवा कुनै मन्दिरमा केही दिन रहेर आफूले चाहेका कुनै पुरुषसँग शयन-सुख प्राप्त गरेपछि पाइएको सम्पत्ति देवीलाई अर्पण गरेपछि पनि उसले आफूले मन पराएको पुरुषसँग रहन अनुमति पाउँथी। एउटै पुरुषकी भएर रहन नचाहने स्त्री कसैसँग पनि शारीरिक सम्बन्ध स्थापित गर्न स्वतन्त्र थिई।

एंगेल्सले लेखेका छन्- **एशिया माइनरका केही मान्छेहरू आफ्नी युवा छोरीहरूलाई केही वर्षसम्म 'अनैतिस' को मन्दिरमा राख्दथे। वेविलोनियन स्त्रीहरू वर्षमा एक पटक 'मिलिट्टा'का मन्दिरमा आत्मसमर्पण गर्दथे। अहिले पनि हाम्रो देशमा जहाँजहाँ जवान केटीहरूलाई मन्दिर हरूमा राख्ने र व्यभिचारमा लगाउने प्रथा देखिन्छ, 'सोट्ठी' क्षेत्रमा त्यो कुप्रथा अहिले पनि विद्यमान छ। त्यहाँका हरेक परिवारबाट एउटी-एउटी केटी 'यलम्मा' देवीको नाममा समर्पण गरिन्छ।**

कुनै कबिलाहरूमा अर्कै रिवाज पनि थियो। कसैको विवाहमा सामेल हुनको लागि आएका सबै स्त्री-पुरुषमा स्वेच्छा-संगम हुने गर्थ्यो। चोलीहरूका पर्व र काम-दहनका उत्सव त केवल स्वेच्छा-संगमकै लागि थिए।

समय बित्दै जाँदा स्वेच्छासंगमलाई धर्मसम्मत नमान्ने गणप्रमुखहरूले त्यसको लागि श्राप या वरदानका कथा जोडे। तर तिनको पर्दा हटाउनासाथ त्यसको यथार्थ रूप अगाडि आउँछ। भन्दछन्, माहिष्मती नगरका स्त्रीहरू अत्यन्त सुन्दर हुन्थे। त्यसैले अग्निदेवले त्यहाँका राजा निषधलाई स्वेच्छा-संगम गर्ने अनुमति दिन आदेश दिए। यसरी यो कथा महाभारतमा जोडेर उनीहरूको स्वेच्छासंगम पवित्र हो भन्ने सिद्ध गरियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै अर्को कथा पनि छ, नील राजाकी छोरीलाई अग्निदेवले प्रेम गर्दथे। त्यसैले जबसम्म ऊ देखिन्नथी, तबसम्म आफू कमजोर भएर देखिन्नथ्यो। तर जब ऊ आएर अग्निकुण्डमा पंखाले हावा दिन्थी, त्यतिखेर ऊ प्रज्वलित भएर हुर्कन्थ्यो। त्यो देखेर पुरोहितहरूले राजालाई त्यो कुरा भने। र अग्निदेवले पनि के वरदान दिए भने यस नगरका स्त्रीहरूले स्वेच्छासंगम गर्नाले कुनै पाप लाग्दैन।

यसरी यस्ता कथाहरू जति पनि सुन्न किन नपरोस् महाभारतबाट यो कुरा स्पष्ट हुन्छ, महाभारतको रचानाकालमा कतिपय कबिलाहरूमा स्वेच्छासंगमको प्रचलन थियो।

अंगराज कर्णले शल्यको के भनेर निन्दा गरेका छन् भने कुनै नातापाताको मतलवै नराखी तिम्रो मद्र देशका स्त्रीहरू पुरुषहरूसँग संगम गर्छन् तर त्यसलाई नराम्रो मानिन्न। शल्यले कर्णलाई के भनेर फट्कारेका छन् भने तिम्रो अंग देशमा त पुरुषले स्वास्नी बेच्नेसमेत गर्दछन्। पाण्डु राजाले कुन्तिलाई जुन कथा सुनाए, त्यसवाट स्पष्ट हुन्छ, उत्तर कुरु-भूमिमा स्वेच्छा-संगम धर्मसम्मत मानिन्थ्यो। त्यो कथा सुनेरै कुन्तिले 'देवर-न्याय' अनुसार कुन्तिले छोराहरू जन्माइन्।

यी सब उदाहरणहरूबाट प्रमाणित हुन्छ, कुनै समयमा हाम्रो देशमा स्वेच्छा-संगमको प्रचलन थियो। पशुपालनको युग शुरु भएपछि जब स्त्रीहरू एउटै पुरुषसँग रहन थाले, त्यतिखेर पनि उनीहरूले गणधर्मको पालन गर्नुपऱ्यो। पहिले-पहिले गणका सारा सदस्यहरूको इच्छापूर्ति गर्नु स्त्रीहरूका लागि अनिवार्य थियो। केही समय बितेपछि गणका प्रमुखहरूलाई शयन-सुख दिनु पर्याप्त मान्न थालियो।

पशुपालन अवस्थाबाट खेतीपातीको अवस्थामा पुगेका केही कबिलाहरूमा गणनियममा केही फेरबदल भएका थिए। कुनै स्त्रीले गणप्रमुख वा पुरोहितलाई तीन दिनसम्म शयन-सुख दिए उसले धर्मपालन गरेको मानिन थाल्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती परिवर्तनको मूल कारण पशुपालन नै थियो। पशुपालन गर्ने अवस्थासम्म पुगेकाहरू खाद्य सामग्री जम्मा गर्ने अवस्था पार गरेर स्वयं उत्पादन गर्ने अवस्थामा पुगिसकेका थिए। उत्पादनका संसाधनहरूमाथि मान्छेको यस्तो विशेषाधिकार स्थापित भइसकेको थियो, जुन अन्य कुनै प्राणीको लागि प्राप्त हुन सकेको थिएन। आफ्नो आवश्यकताभन्दा बढी उत्पादन गर्न सक्ने भएका कारण उसको सम्पत्ति बढ्यो। सम्पत्तिमाथि अधिकार जमाएको जमायै पुरुषले स्त्रीलाई पछाडि धकेलिदियो। जस्तो कि एंगेल्स भन्दछन्– **'स्त्रीहरूलाई यसै अवस्थाबाट ऐतिहासिक पराजय प्राप्त भयो।'**

४.८ गाई नै जीवनको मूल आधार

जंगली युगबाट निस्केर विकासतिर बढ्ने मूल कारण पशुपालन थियो। त्यसैले वैदिक कालका आर्यहरूले गाईलाई आफ्ना प्राण समान प्यारो बनाए। उनीहरूले तिनको रक्षाको लागि देवीदेवताहरूसँग प्रार्थना पनि गर्दथे।

उनीहरूका प्रार्थना हुन्थे–'हराएका गाईहरू खोज्न जाने, गाईसँगै जंगल जाने, गाई चराउन जंगल जाने, तिनलाई फर्काएर ल्याउने गोठालो गाईका साथमा घर फर्कोस्।'(ऋग्वेद–१०–१९)

'देवताहरूको प्राणको आधार गाई हो, मान्छेको जीवनको मूलाधार गाई हो, गाई नै यो संसार हो, सूर्यले आकाशमा जति टाढासम्म आफ्नो प्रकाश फैलाउँछ, त्यति टाढासम्म फैलिएको यो संसार गाई हो।'(ऋग्वेद १०–१०)

यी प्रार्थना र प्रशंसा हेर्दा वैदिक आर्यहरूले गाईको मासु खान्नथे भन्ने संभनु भूल हुने छ। आर्यहरू भेंडा, बाखा, घोडाका साथै गाईको मासु पनि खान्थे भन्ने कुराका अनेक प्रबल प्रमाण वेदमै पाइन्छन्। तैपनि आर्यहरूले आफ्नो प्राणभन्दा प्यारो मानेर रक्षा गर्नुको मुख्य कारण ती गाईको उपयोगिता नै हो। फर्सीहरू फर्सी खानकै लागि लगाइन्छ, बाखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाल्नु तिनलाई काटेर खानको लागि नै हो । प्रायः गाई पाल्नु पनि त्यस्तै कामको लागि हो । गाईबाट दुध, दही, घ्यू, मासु र छाला पनि पर्याप्त मात्रामा पाइन्थ्यो । अतः गाईलाई सबभन्दा उत्तम सम्पत्ति मानिन्थ्यो । त्यसैले गाईलाई बढी महत्व दिइयो । यज्ञमा गाईको बलि दिएर आर्यहरूले देवताहरूलाई सन्तुष्ट गर्ने चेष्टा गर्दथे ।

भारतका आर्यहरू खासगरी गाई पाल्दथे भने मंगोलियाका मान्छेहरू घोडा पाल्दथे । यहुदीहरू भेंडा पाल्दथे र अरबीहरू भेडाहरूका साथै ऊँट पनि पाल्दथे । जुन भूभागमा जुन जनावर राम्रोसँग पाल्न सकिन्छ, त्यस भूभागमा रहने मान्छेहरूले त्यही पशु पालन-पोषण गर्दथे । अमेसरका महाद्वीपमा भेंडा, घोडा र गाईको अभाव हुने हुँदा त्यहाँका मान्छेहरूले पशुपालन गर्न पाएनन् । त्यसैले रेड इण्डियन जस्ता जातिहरू पछाडि परे । यूरोपमा जहाजमा राखेर पशुहरू लगेपछि मात्र त्यहाँ पशुपालन शुरु हुन सक्यो ।

भारतमा यज्ञ-हवन आदि कामको अत्यन्त वोलवाला भएको हुँदा यज्ञमा गाई र बाछाको बलि प्रथा निकै बढ्यो । त्यस कारण पशुपालन र खेतीपातीलाई ठूलो नोक्सान पुग्यो । खेती र दुधको कमी हुन थाल्यो । त्यसैले बुद्ध र महावीरले यज्ञ-हवन आदिको विरोध गरे । मान्छेहरूले यदि पशुपालनमा बढोत्तरी भएन भने दुध र अनाजको लागि छट्पटाउनुपर्ने छ भन्ने सोच्न थाले । अतः उनीहरूले एक पटक फेरि गाईलाई आफ्नो प्राणभन्दा पनि बढ्ता मान्न थाले ।

४.९ देवीहरूसँग देवता

पशुहरूको संख्या बढेपछि मातृसत्तात्मक समाजमा परिवर्तन भयो र देवीहरूका ठाउँमा देवताहरू प्रकट हुन थाले । देवहरूको पूजाको लागि स्त्रीहरूलाई अयोग्य मानेर पुरुष पूजारी बन्न थाले ।

भूदेवी त आमाजस्तै हुन् । अनि पिता को हुन् ? आमाको गर्भबाट पिता नभई सन्तान जन्मदैन । यदि सूर्यले आफ्नो प्रकाश र तेजको प्रसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगर्ने हो भने भूदेवीको गर्भबाट रुख–वृक्ष उम्रँदैनन्। त्यसैले उनीहरूले सूर्यलाई पिताजस्तै मान्न थाले। भूमिको पूजाको साथै सूर्यलाई पनि नमस्कार गर्न थाले। मिश्र देशका मान्छेहरूले आइसिस (प्रकृति देवी)को पूजा गरेपछि आसिरिसलाई पनि नमस्कार गर्थे। यदि हामी कहाँ सूर्यद्वारा कुन्तिको गर्भबाट कर्णको जन्मको कथा प्रचलित भएको छ भने मिश्रमा 'आइसिस' र 'ओसिरिस'को संयोगले 'हारिस' जन्मेको कुरा मिश्रका मान्छे मात्र होइन, ग्रीक र रोमनहरूले पनि ई. सन् चौथो शताब्दीसम्म आइसिसको पूजा गर्दथे। आज पनि हाम्रो देशमा यस्ता मानिस छन् जसले सूर्यलाई नमस्कार गर्नुका साथै 'गोतालम्मा' कुन्तिको सम्झनामा पर्व मनाउँछन्। यसरी देवताका साथै देवीहरूको पूजा हुँदा पनि देवताहरूलाई प्रमुख स्थान दिन केही कथा रच्नुपर्‍यो। स्त्रीहरूभन्दा पुरुषको महत्व घोषणा गर्न केही कथा कल्पना गरियो। यस्ता कथाहरू हाम्रो देशका पुराणहरूका साथै अरु देशका पुराणहरूमा पनि पाइन्छन्।

ग्रीक पुराणहरूमा एउटा कथा छ–'क्लिटेमनेस्त्रा' नामकी स्त्रीले आफ्ना प्रिय 'अजिस्टस'माथि मोहित भएर आफ्नो पति 'अगामम्नान'को हत्या गरी। त्यसैको बदला लिन उसको छोरा ओरेस्टसले आफ्नै आमालाई टुक्रा पार्‍यो। त्यसपछि मातृसत्तात्मक समाजका स्त्रीहरू मातृहत्यालाई महापाप मानेर उसलाई मार्न पछेड् खेदे। यत्तिकैमा पितृसत्तात्मक समाजका दुई जना देवताहरूले ती दुवैका बीचमा गएर उसलाई बचाए। दुवै पक्षका बीचमा केही वादविवाद भएपछि उनीहरूले आफ्ना मुद्दा पञ्चायतमा लगे। मातृसत्तात्मक देवीहरूले तर्क गरे, मातृहत्याको अपराधी 'ओरेस्टस'लाई मार्नुपर्छ। मृत्युदण्डबाहेक यस अपराधको कुनै प्रायश्चित्त छैन। ओरेस्टसले आफ्नो पक्षको समर्थन गर्दै भन्यो, मेरी आमाले आफ्ना पतिको र मेरा बाबुको हत्या गरिन् अर्थात् दुईवटा हत्या गरिन्। दुईवटा हत्या गर्ने मेरी आमाको मैले हत्या गरें अर्थात् मैले एउटै हत्या गरें। त्यसैले मलाई हत्यारा भनेर मेरो पछिलाग्नु उचित होइन।

'ओरेस्टस'को तर्कको खण्डनका साथै मातृसत्ताका देवीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कुरामा जोड दिँदै भने, तिम्री आमा र पिताका बीचमा रक्तसम्बन्ध थिएन। ती दुवै अलग-अलग गणमा जन्मे। अतः तिम्री आमाले तिम्रा पिताको हत्या गरिन् त्यसैले त्यो कुनै पापको कुरो होइन तर तिमी र तिम्री आमाका बीचमा सम्बन्ध छ। उनीहरू दुवैको रक्तबाट तिमी जन्मिएका हौ। त्यसैले आफ्नी आमाको हत्या गर्ने तिम्रो हत्या गरिनु अनिवार्य छ।

पञ्चहरूको रूपमा आएका देवताहरूले दुवै पक्षका वादविवाद र दुवै पक्षमा पञ्चहरू आधाआधा भए। त्यसमा अध्यक्षले आफ्नो विशिष्ट मताधिकार प्रयोग गऱ्यो, जसले गर्दा 'ओरेस्टस' बाँच्यो।

त्यसको प्रतिफल जब मातृसत्ताका देवीहरू आफ्नो हार भएकोमा दुःखी हुन थाले, त्यतिखेर देवीहरूलाई कुनै विशेष स्थान देखाएर उनीहरूको स्थापना विशेष रूपले गरियो।

भगवद्गीताको यस प्रश्नमा जवाफ थियो-आफ्ना नातापाताको (रक्तसम्बन्धको) हत्या पनि गर्न सकिन्छ। जब अर्जुनले आफ्ना साक्खै आफन्तहरूको हत्या गर्नु महापाप हो भनेर शस्त्र त्याग गरे, त्यतिखेर कृष्णले क्षात्र-धर्मको शिक्षा दिएर उसबाट युद्ध गराए र स्वजनहरूको हत्या भयो। त्यसैले सावित हुन्छ, महाभारतभन्दा पहिले रक्तसम्बन्धको महत्व थियो।

भागवत्मा एउटा कथा छ। त्यसबाट थाहा लाग्छ, पितृसत्तात्मक समाज शुरु हुँदासाथ आमाहरूको महत्व घट्यो। महामुनि जमदग्निकी पत्नी रेणुका देवी एक दिन पानी लिन नदीको तीरमा गएकी थिइन्। त्यहाँ चित्ररथ नामक गन्दर्भलाई अप्सराहरूसँग जलक्रीडा गरेको देखेर उनको मन बिचलित भयो। त्यो थाहा पाएर जमदग्नि रिसले आगो भए र तुरुन्तै आफ्ना छोराहरूलाई आमाको हत्या गर्ने आदेश दिए। यद्यपि त्यतिखेर बारम्बार दोहोऱ्याइन्थ्यो-'मातृदेवो भव, पितृदेवो भव' तैपनि त्यो समय यस्तो थियो कि पिताको आदेश उल्लंघन गर्नु असम्भव थियो। तैपनि तीन जना ठूला छोराहरूले आज्ञा उल्लंघन गरे तर सबभन्दा कान्छो छोरो परशुरामले बञ्चराले आमालाई टुक्रा पाऱ्यो। त्यसपछि जब जमदग्निले आफ्नो आज्ञा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमान्ने तीनै जना ठूला छोराहरूलाई पनि मार्ने आदेश दिए, परशुरामले आफ्ना तीनै जना दाइहरूलाई पनि मारिदिए। र त्यसपछि आफ्ना बाबुलाई आज्ञा पालनबाट प्रसन्न बनाएका परशुरामले आशीर्वाद लिएर आमा तथा तीनै जना दाइहरूलाई पनि बिउँताए।

चाहे यस कथालाई हामीले एकातिर पन्छाऊँ तैपनि भन्न सकिन्छ, एउटा समयमा पत्नीहरूलाई मार्न र पत्नी र बालबालिकाहरूलाई बेच्न अथवा जुवाको खालमा दाउ लगाउन नराम्रो मानिन्नथ्यो। वेदमा यो कुरा छ कि एक जना जुवाडीले आफ्नी पत्नी जुवामा हाऱ्यो धर्मराजले पनि आफ्नी पत्नी जुवामा हारे। हरिश्चन्द्रले आफ्नी पत्नी र छोरालाई बेचे। अजिगर्तले आफ्नो छोरो शुनस्सेपलाई यज्ञपशुको रूपमा बेच्यो। ती दिनहरूमा घरमालिकका अधिकार कस्ता थिए भन्ने जान्न यी कथा पर्याप्त छन्।

पुरुषहरूको महत्व स्थापित भइसकेपछि देवताहरूमा कुन देवता ठूलो हो ? भन्ने बहस चल्यो। कसैले भन्यो, अग्निको स्तुतिबाट ऋग्वेदको आरम्भ भएको हुँदा अग्निदेव नै ठूला हुन्। कसैले सूर्यलाई नै देवताहरूको वास्तविक रूप मानेर उनको स्तुति ऋग्वेदमा गरिएको हुँदा सूर्य नै प्रथम वास्तविक देवता हुन् भने। अन्तमा तय गरियो, वायु, वरुण, अग्निजस्ता देवताका अधिपति इन्द्र हुन्। किनभने पानी, हवा र आगो नभई मान्छेको अस्तित्व नै असम्भव छ, त्यसैले ऋग्वेद कालमै ती तीन वरुण वायु र अग्निलाई देवता भनेर स्तुति गरियो। चन्द्रमाबाट चन्द्रज्योत्स्ना र सूर्यबाट प्रकाश पाइन्छ, त्यसैले तिनलाई पनि देवताको सूचीमा जोडियो। केहीले 'उषस्' लाई सबभन्दा ठूलो मानेर उसको स्तुति गरे। कसैले भने, अश्वनी देवता प्रमुख हुन्। कसैको कथन थियो आकाशबाट चिर्को परेर लाग्ने चोटसँग बराबरी कसैले गर्न सक्दैन, त्यसैले 'इन्ध' (बिजुली) को प्रार्थना गर्नु राम्रो हो। 'इन्ध' लाई इन्द्रको रूपमा फेरवदल गरियो।

रातको अन्धकारमा उज्यालो फैलाउने वत्तीजस्तै आकाशमा दिव्या (नक्षत्र) ले कान्ति फैलाउँछ, त्यस प्रकारका दिव्या तेत्तिस करोड छन्, ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिव्याहरूलाई देवताको रूपमा बदलियो । ती नक्षत्रहमण्डलहरूका जुन नाम दिइयो, तिनलाई लिएर अनेक प्रकारका कथा भनिन थाले ।

जुन देवतालाई ठूलो देखाउनुपर्थ्यो, त्यसैसँग सम्बन्धित र अनुकूलका ऋचाहरू उठाएर उद्धरण दिइन्थ्यो तर ऋग्वेदको अनुशीलन गर्दा हामी के देख्दछौं ?

४.१० देवी-देवताका नाता-पाता अनौठा होइनन्

'सूर्य अग्निबाट उत्पन्न भयो, अग्नि सूर्यबाट उत्पन्न भयो, दक्ष अदितिबाट जन्मियो, अदिति दक्षबाट उत्पन्न भइन्' यस्ता कैयौं अरु वर्णन ऋग्वेदमा छन् । यो सब के हो ? छोरीबाट बाबु जन्मिनु के हो ? छोराबाट आमा जन्मिनु के हो ? यो प्रश्न गर्दा जबाफ पाइन्छ, यो देवधर्म हो । तिनलाई साँचो सावित गर्न अवतारसम्बन्धी कथाहरू जोडियो । केही अरु कथा लेखियो, जसमा देवता भएकोले उनीहरूलाई नातापाताको यो अनौठोपनसँग कुनै मतलव छैन । भागवत्मा प्रद्युम्नको कथा पढेपछि हामीले यसको बिस्तृत जानकारी पाउँछौ । भागवत्मा लेखिएको छ–'रुक्मिणी देवीबाट प्रद्युम्न जन्मे । शंबरासुरले मेरो यसै बालकको हातबाट अनिवार्य रूपले मृत्यु हुने हो भन्ने जानेर सातौं दिनका दिन शिशुलाई लगेर समुद्रमा फ्याँकिदियो । त्यस शिशुलाई एउटा माछाले निल्यो । त्यो माछोलाई माझीहरूले पक्रेर शंवरासुरलाई उपहार दिए । जब माछो काटियो, त्यतिखेर उसको पेटबाट निस्केको शिशुको सौन्दर्य देखेर शंवरासुरकी पत्नी मायावतीले मैले यसलाई पाल्छु भनिन् । जब त्यो बालक ठूलो भयो, त्यतिखेर मायावती उसप्रति आकर्षित भई । प्रद्युम्नले आमाको छोराप्रति त्यस प्रकारको आकर्षण गलत हो भनेर गाली गरे । त्यतिखेर मायावतीले भनिन्, अघिल्लो जन्ममा तिमी मन्मथ र म रति थियौं । म तिम्रो प्रतीक्षामै यहाँ थिएँ । तिमीले शंवरासुरलाई मार, अनि हामी दुवै सँगै द्वारका जाउँला । प्रद्युम्नले तरुन्तै शंवरासुरलाई मारे र उनी मायावती (रति देवी) संगै द्वारका पुगे ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरु देशमा पनि यस्ता कैयौं कथा प्रचलित छन्। मिस्र देशका देवीको पति उसकै छोरो थियो, उसको नाम थियो तम्मज। ग्रीक पुराणहरूमा अर्कै प्रकारका कथा छन्। देवाधिदेव 'जियेस'ले एउटा सुन्दर युवकलाई देख्यो र उसलाई पक्रेर ल्यायो। त्यस युवकको नाम थियो 'गानिमेड।' यी कुराले थाहा पाइन्छ मानवहरूमा जुन कमजोरी छन्, ती देवताहरूमा पनि थिए।

४.११ मानवहरूका बीचका नाता-सम्बन्धहरू

देवी-देवताहरूका बीचमा नाता-सम्बन्धको आवश्यकता नभए पनि मान्छेलाई त्यो आवश्यक भयो। यद्यपि कुनै-कुनै कबिलाहरूले एउटै गणका स्त्री-पुरुषका बीचमा लैंगिक सम्बन्ध निषेध गरे तापनि केही कबिलाहरूले त्यसो गरेनन्। तर जब पितृसत्तात्मक समाज बन्यो, त्यतिखेरबाट भाइ-बहिनीका छोरा-छोरीका बीचमा वैवाहिक सम्बन्ध निषेध गरियो। जसरी एकै रगतका भाइ-बहिनीका बीचमा लैंगिक सम्बन्ध निषेध गरियो, त्यसै गरी उनका सन्तानहरूका बीचमा पनि लैंगिक सम्बन्धमाथि रोक लगाइयो। तर त्यस प्रकारका कबिलाहरूका भाइ-भाइका सन्तानका बीचमा विवाह सम्बन्ध स्वीकृत थिए। त्यही अन्तर्विवाह पद्धति थियो।

यस प्रकारका विवाह तथा निषेध अहिले पनि छन्।

इज्राइली कबिलाहरूका योसोफ गोत्रमा जन्मेका सेलोयेहादका कुनै छोरा थिएनन् तर पाँचवटी छोरी थिए। योसोफ गोत्रीयहरूलाई डर लाग्यो, यदि यी पाँचवटै केटीहरूको विवाह अरु गोत्रका केटाहरूसँग गरिदिने हो भने उनीहरूको सम्पत्तिमा अंश लाग्ने छ। त्यसैले मोषेले आज्ञा दिए, उसका पाँचवटा छोरासँग विवाह गर्न सक्छन्। मोषेले भने, भगवान्सँग सरसल्लाह गरिसकेपछि मैले यो आदेश दिँदैछु। यसरी स्वार्थपूर्ण कामको लागि बीचमा भगवान्लाई फसाइयो। त्यसैले ती पाँचै जना कन्याहरूको आफ्ना भाइहरू (काकाका छोराहरू) सँग विवाह गरे। यो वाइविलको ओल्र्ड टेष्यामेण्टमा लेखिएको कथा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कथाले स्पष्ट गर्दछ, निकटको रक्तसबन्धमा विवाहसम्बन्ध स्थापित गर्नु राम्रो होइन भन्ने वैज्ञानिक तथ्यमाथि सम्पत्तिको लोभले गर्दा कसरी ठोक्कर लगाइयो।

सम्पत्तिको लालचको साथै वंशगौरवको कुरा पनि थियो। साथै अरु गणभन्दा हाम्रो गण श्रेष्ठ हो भन्ने अहंकार पनि प्रबल थियो। त्यसैले आज पनि कहीं-कहीं भाइ-बहिनीका छोरा-छोरीका बीचमा विवाह हुन्छन्। मामा आफ्नै भान्जीसँग विवाह गर्दछ भने आफ्नै छोरीलाई सालासँग विवाह गरिदिन्छ।

वैज्ञानिकहरूले चेतावनी दिएका छन्, यस प्रकारका सम्बन्धले विकारग्रस्त बालबालिकाहरूको जन्म हुन्छ। उनीहरूले सपिण्ड तथा सगोत्र विवाहलाई निषेध गरेका छन्। उनीहरूको भनाइ छ, आमाको तर्फबाट चार पिढीसम्म र बाबुको तर्फबाट सात पिढीसम्म वैवाहिक सम्बन्ध राख्नु ठिक हुँदैन।

यस्ता सन्दर्भहरूमा चाहे वैज्ञानिक सूत्रहरूलाई उल्लंघन गरौं, तैपनि नित्य जीवनका अनुभवमा तिरस्कार गर्न सकिन्न। **प्रविधिक तथा वैज्ञानिक शास्त्रहरूलाई छोडेर तान्त्रिक या मान्त्रिक प्रक्रियाहरूद्वारा** सम्पत्ति आर्जन गर्न सकिन्न। **यो नांगो सत्य हो, जो आज हैन, अस्ति नै सिद्ध भइसकेको छ।**

४.१२ खेतीपातिको प्रारम्भ

जब कर्मी र विश्वकर्माहरूले हलो र त्यसको लागि आवश्यक औजार बनाउन थाले, कृषिको आरम्भ भयो। उब्जनी बढ्यो र विस्तृत रूपमा खेती लगाउन थालियो। पशुहरूको पनि निकै वृद्धि भयो। यज्ञले पशुसम्पत्तिको विनाश र खेतीमा हानिबाहेक केही फाइदा भएन। त्यसैले यज्ञको विरोध गर्ने बौद्ध तथा जैन धर्महरूको प्रचार हुन थाल्यो।

यदि खेतीबारी गरेर अन्न उत्पादन नबढाएको भए पशुसम्पत्ति बढ्ने थिएन। तुरानियन पठारजस्ता ठाउँमा ठन्डीका दिनमा खेत हिउँले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढाकेका हुन्छन् र त्यस्तो समयमा पशुहरूलाई चारा–दाना पाइन्न। त्यसै गरी भारत देशमा पनि गर्मीका दिनमा चराउने ठाउँहरू सुक्छन्। त्यसैले वर्षातकै समयमा अन्न खेती गरेर घाँसपराल जम्मा गर्नुपर्छ। त्यसैले पशुपालकहरूले खेती बढाउन कम्मर कसे। त्यसको लागि उनीहरूले कैयौं कठिनाइहरूको सामना गरे तैपनि फलका बिरुवा लगाउने उनीहरूसँग जुन अनुभव थियो, त्यसको आधारमा उनीहरू अगाडि बढ्दै गए।

मान्छेहरू फल खाएर त्यसका बिजुला यत्रतत्र फ्याँक्दथे र तिनबाट बिरुवा उम्रन्थे। स्त्रीहरूले बिरुवाहरूबाट फल फलाउँथे र मान्छेहरूले खान्थे। यसरी सजिलैसँग फल पाइन थालेकोले उनीहरूले अरु पनि फलका बिरुवा लगाए। यसरी फलहरूको बगैंचा बढाउने काम स्त्रीहरूद्वारा शुरु भयो।

यसैगरी उनीहरूले जाने जौ, गहूँ आदि खेती गर्दा पशुहरूको आहारको लागि पनि उपयुक्त हुन्छ। अतः उनीहरूले गर्मीका दिनमा ठुटा डढाल्दथे, पानी पर्न थालेपछि तिखा चुच्चे काठले जमीन खनेर त्यहाँ बीउ रोप्दथे। फल फलेपछि त्यसलाई काटेर भण्डारण गरिन्थ्यो। तर पशुहरूको बढोत्तरीका साथसाथै घाँस–पानीको पनि कमी हुँदै गयो। पशुहरू दुब्लाएर सिट्ठा भए। अतः उनीहरूले धेरै क्षेत्रमा खेती बढाउनुपर्‍यो। यसै क्रममा उनीहरूलाई यस्ता जमीन पनि फेला परे, जहाँ काठले खन्न सम्भव थिएन। अतः उनीहरूलाई त्यो जमीनको लागि उपयुक्त औजारको आवश्यकता महसूस भयो। त्यसैले काठको काम गर्ने कर्मी र फलामको काम गर्ने लोहार हलो बनाउनतिर लागे। निकै बुद्धि लडाइसकेपछि एउटा राम्रो हलो तयार गर्न सफल भए र खेतीको काममा त्यसको उपयोगिता देखेर उनीहरू सन्तुष्ट भए।

उनीहरूको खुसीको कुनै सीमा थिएन। हलाको प्रशंसा गर्दै उनीहरूले आफ्नो खुसी प्रकट गरे–'यो हलो कस्तो हो, यो बज्रको जस्तो तिखो धारको छ, किसानलाई कुनै कष्ट नदिई उसले जमीन जोत्छ, उवड–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खावड जमीनमा पनि त्यो चल्छ, त्यो कृषकहरूले प्रशंसा गर्न लायक छ, यसको सहायताले खेतमा खेती मन्कन्छ, मालिक र पशुगण आदि समृद्धिले मालामाल हुन्छन्' (तै. सं. ४-२-५-६)

त्यसै हलाको मद्दतले किसानहरूले अत्यन्त कठोर जमीन जोते। खेती बढ्यो, पशुहरूका बथान पनि बढे। त्यसैले किसानहरूले खेती हुने ठाँउहरूमा आफ्ना स्थायी निवास बनाए। कृषकले गीत गाउँदै पट्बाँझो जमीन जोते ।

उनीहरूको यो प्रार्थना छ,-'हलाको चुच्चाले जोतिएकी भूमि, हामी तिम्रो वन्दना गर्छौं। तिमी हामी अनुकूल वन। सुन्दर वनका फल प्रदान गर्ने वन।' (ऋग्वेद-४-५७-६)[1]

यसरी ठुटा काटेर वनाइएका चुच्चे काठको सहारामा जमिन जोतेर खेती गर्ने जमानाका कथाहरू गाथाको रूपमा परिणत भए। रामको कथा त्यसै जमानाको हो। एसाबुको कथा पनि त्यसै जमानाको हो। रामको कथा इक्ष्वाकु वंशको हो भने एसाबुको कथा इसाक वंशको।

'इसाकले आफ्नो ठूलो छोरा एसावुलाई पट्बाँझो जमीन भएको जंगलतिर पठायो तैपनि एसावु हताश भएन। उसले बेकारको त्यसै रहेको पट्बाँझो जमीनमा आफ्नो पसिना बगाएर उब्जाउ कृषिक्षेत्रमा बदल्यो। पशुहरूका साथै कृषिसम्पत्ति बढाएर 'केवुर'मा उसले स्थायी निवासको प्रबन्ध गऱ्यो'(ओल्र्ड टेष्टामेण्ट)

श्रीरामले जंगलमा गएर हलो हातमा लिए र उनले अहल्या (नजोतिएको) जमीन जोतेर धान्यलक्ष्मी सिर्जना गरे। त्यसैले रामायणमा ढुंगालाई स्त्रीको रूपमा बदल्ने अहल्या-शाप-विमोचनको कथा कल्पना गरियो।

---

१ अर्वाचि सुभगे भवसीते वन्दामहे त्वा
यथा न सुभगाससि यथा न सुफलासरि
ऋग्वेद ४-५७।६ (नेपाली अनुवाद तिलकप्रसाद लुइँटेल, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं (२०६३ पृ. ३७८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो सारा प्रगतिको साँचो हलो थियो। जुन कबिलाका मान्छेले त्यसलाई उपयोग गर्न जान्दथे, उनीहरूले आफ्ना साथी बनेका अर्को कबिलाका मान्छेहरूलाई दिए। त्यो बनाउने तरिका र त्यसले खेत जोत्ने तरिका उनीहरूलाई सिकाए।

'सीत्यम्' 'हल्यम्' अर्थात् जोतिएको जमिन, 'द्विसीत्यम्' 'द्विहल्यम्' अर्थात् जुन जमिन दुई पटक जोतिएको छ, भनेर अमरकोशमा उल्लिखित छ।

'सीता शब्दको अर्थ भूमि, हलो र जोतेको जमिनमा हलाको चुच्चोले पारेको रेखा वताइएको छ। खेतीका लागि उपयुक्त हलो राजा जनकले पाए। त्यसैले भनियो, हलोले जोतेको जमिन रेखामा मिसियो। हलोको आविष्कार हुनाले शिकारको काममा आउने तीर–कमानको महत्व घट्यो। त्यसैले रामायणमा श्रीरामले शिवको धनु तोडे भन्ने कथा भनियो, जसले गर्दा सीता (हलो) द्वारा सूर्यवंश तथा चन्द्रवंशको बीचमा सम्बन्ध बढ्यो।' यस्तो बिचार जुन डा. मजुमदार र डा. पुसालकरले अभिव्यक्त गरे, ती अत्यन्त महत्वपूर्ण छन्।

यस्तो पनि कथा छ, अगस्त्यले बिन्ध्याचलमा औषधि राखेर उत्तरबाट दक्षिणमा हलो ल्याएर दिए, त्यसैले तमिलहरू हलोलाई 'अगस्त्यं' भन्छन्। चाहे यो कथा साँचो या झुट्टा जे होस्, अगस्त्य, अत्रि, वामदेव र बुध महर्षिहरूले हलाको प्रशंसा गर्दै कृषि विकासको लागि जुन परिश्रम गरे, त्यो वेदहरूको वर्णनमा पाइन्छ।

यसरी कृषिको बिस्तार हुनाले कृषि–सम्पत्ति र पशु–सम्पत्ति बढ्यो। पिछडिएका जातिहरूले त्यो सम्पत्ति लुटेर नलैजाउन् भन्ने बिचारले गाउँको चारैतिर पर्खाल लगाइयो। क्रमशः यी चौहद्दीभित्र नगर बने। हडप्पा तथा मोहनजोदडोका खण्डहरहरूमा भेटिएका नगर त्यसै प्रकारका हुन्। यिनै नगर क्रमशः महानगर बने। यिनै नगरमा रहनेहरूको संस्कृतिलाई नागरिकता भनियो। यसरी नागरिकताको युग (सुसभ्यताको युग) को युगमा कृषकहरूले पाइला हाले। तर, त्यसको साथै पिछडिएका कबिलाहरूका स्वतन्त्रताको अपहरण पनि प्रारम्भ भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१३ दासहरूको आवश्यकता

जब कृषि तथा पशुसम्पत्ति बढ्यो, खेतीपाती गर्नको लागि र पशुहरूको देखभाल गर्नको लागि धेरै मान्छेहरूको आवश्यकता पऱ्यो। वास्तवमा, पशुपालनको विकास हुनासाथै ज्यादा मान्छेको आवश्यकता महसूस हुन थालेको थियो। अतः पिछडिएका कबिलाहरूका मान्छेलाई दास बनाउने प्रथा चल्यो। तिनीहरूबाट निकृष्टभन्दा निकृष्ट सेवा लिन थालियो। एउटा मान्छेले अर्को मान्छेको श्रमको फल लुट्ने प्रथा शुरु भयो।

पशुपालन युगभन्दा पहिले यो स्थिति थिएन। प्रकृति–प्रदत्त खाद्य सामग्री जम्मा गरेर खाने मान्छेहरूलाई दासहरूको आवश्यकतै पर्दैनथ्यो।

त्यतिखेर कुनै एउटा ठाउँमा खाद्य वस्तुको अभाव भयो भने मान्छेहरू अर्को ठाउँमा जान्थे। यदि त्यहाँ पहिलेबाटै कोही नबसेको भए कुनै समस्या हुन्नथ्यो। यदि पहिलेबाटै कोही बसेको रहेछ भने नवागन्तुकहरूको उनीहरूसँग संघर्ष हुन्थ्यो। जित्ने कबिलाका मान्छेहरूले हार्ने कबिलाका मान्छेहरूको आम–हत्या गर्थे। उनीहरूलाई डर हुन्थ्यो, यदि त्यसो नगर्ने हो भने खाद्य वस्तु पाउन बाधा पर्छ। अरु जीव–जन्तुहरूजस्तै मान्छे पनि पूर्ण रूपले प्रकृतिमाथि नै निर्भर रहन्थे।

जुन मान्छेहरूले पशुपालन गर्दै खेती–पाती शुरु गरे, उनीहरूले आफ्नो आवश्यकताभन्दा धेरै खाद्यान्न उत्पादन गर्न सके। अतः उनीहरूलाई आहारको कमी थिएन। उनीहरूलाई काममा सहयोग गर्न सक्ने मान्छेहरूको आवश्यकता थियो। अतः हारेका कबिलाहरूको हत्या गर्नुको साटो उनीहरूलाई बन्दी बनाएर दासहरूलाईझैं प्रयोग गर्न थालियो। यसरी दास प्रथा शुरु भयो।

अत्यन्त प्राचीनतम ग्रन्थ ऋग्वेदमा दस्युहरू (दासहरू) को उल्लेख पाइन्छ। हडप्पा र मोहनजोदडोका खण्डहरहरूमा दासहरूका प्रतिकृति (चित्र) पाइएका छन्। सैयौं वर्षसम्म यहुदीहरू ऐगुप्तहरू कहाँ दासता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोग्दै रहे। यद्यपि दास रहेका यहुदीहरूले पछि कैयौं मान्छेहरूलाई आफैले दास बनाए। यो प्रथा सबै ठाउँमा थियो। ती दासहरूले अरु काम त गर्थे नै आवश्यकता पऱ्यो भने आफ्ना मालिकको तर्फबाट हातमा तरवार लिएर पैदल सिपाहीको रूपमा युद्ध पनि गर्दथे।

योद्धा भएको कारण ती दासहरू उस्तै मौका परे आफ्ना मालिकसँग पनि विद्रोह गर्थे अथवा उनीहरूको बन्धनबाट भाग्दथे। मोषेको नेतृत्वमा यहुदीहरू ऐगुप्तहरूको बन्धनबाट भागेको घटनाको उल्लेख ओल्र्ड टेष्यमेण्टमा पाइन्छ। अतः मालिकहरू यस्ता विश्वासिला मान्छे पाउन प्रयत्न गर्थे, जसले ती दासहरूलाई दवाएर राख्न सकोस्।

एउटा अर्को डरले उनीहरूलाई सताइरहन्थ्यो, कहीं आफूभन्दा शक्तिशाली कबिलाका मान्छे आएर उनीहरूमाथि हमला गरी उनीहरूको सम्पत्ति नलुटून्। आफ्ना पशुहरूका साथै आफूहरूलाई पनि बन्दी बनाएर नलैजाऊन्। त्यस्तो अवस्थामा उनीहरू दास बनेर बस्नुपर्थ्यो र उनीहरूका छोरीहरू दासी बन्नुपर्थ्यो। त्यसै कारण उनीहरूमा आफ्नो रक्तसम्बन्धका साक्खै मान्छेहरू जति धेरै संख्यामा हुन्छन्, त्यति नै उनीहरूको सुरक्षा सुनिश्चित हुन्छ भन्ने सोचाइ उत्पन्न हुनु स्वाभाविक थियो।

जुन कुनै कबिला जति ठूलो हुन्थ्यो, त्यति नै बलियो सुरक्षाव्यवस्था उसको हुन्थ्यो। कबिलाहरूमा जुन गणका मान्छे जति शक्तिशाली हुन्थे, उसैको आदेश सर्बमान्य हुन्थ्यो। त्यसै गरी जुन परिवारमा सदस्यसंख्या ज्यादा-खास गरी युवा-हुन्थे, उसैको सम्पत्तिको बढोत्तरी धेरै हुन्थ्यो। त्यसैले जति धेरै स्वास्नी हुन्छन्, त्यति धेरै छोरा जन्मन्छन् भनेर हरेक पुरुषले ज्यादाभन्दा ज्यादा विवाह गर्न थाल्यो। त्यसको लागि चाहे मुखले मागे जति दामै दिन किन नपरोस्। यदि पर्याप्त मात्रामा आफ्ना कबिलाहरूमा स्त्रीहरू नभए अर्को कबिलामाथि हमला गरी तिनका कन्याहरूलाई अपहरण गर्थे र उनीहरूलाई आफ्ना रखौटी बनाएर राख्थे। जसले हमला गर्न सक्दैनथे, उनीहरूले दाम तिरेर अर्को कबिलाका कन्याहरूलाई रखौटी बनाउँथे। छोरो त छोरै हुन्थ्यो, अब्राहमकी दासीबाट इस्माइलको जन्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो भने पत्नी शाराले इसाक जन्माई। दुवै अब्राहमकै छोरा हुन्। पर्याप्त मात्रामा छोरा जन्मेनन् या छिटो मरे भने अर्काको बालकलाई धर्मपुत्र लिने गरिन्थ्यो–कहिलेकाहीं दासहरूका छोराछोरीलाई पनि।

यदि दासहरूका बालबालिकाहरूको संख्या आफ्ना बालबालिकाको संख्याभन्दा धेरै भयो भने मालिकहरूले दासका बालबालिकाहरूलाई मार्दथे। जब गुलाम इज्रायलका कबिलाको जनसंख्या धेरै हुन थाल्यो, मालिक ऐगुप्त डरायो। त्यसैले उसले आदेश दियो, इज्रायल कबिलाका स्त्रीहरूका गर्भमा रहेका भ्रूण जन्मनासाथ नदीमा फ्याँकिदिनू।

अबसर पाउँदा दासहरूले मात्र होइन, समय र सुविधा हेरेर जंगली मान्छेहरू पनि विकाससम्पन्न मान्छेहरूमाथि आकस्मिक रूपले हमला गरेर जति सकिन्छ, धेरैभन्दा धेरै सम्पत्ति लुटेर लैजान्थे। सम्भव भएमा महिलाहरूलाई पनि अपहरण गरेर लैजान्थे। गोप्य रूपमा आएर गाउँमा या खेतीमा आगो लगाएर जान्थे।

यस प्रकारका आक्रमण तथा प्रत्याक्रमण जारी रहँदा स्त्रीहरू–खास गरी कन्याहरूले नारकीय यातना भोग्नुपर्थ्यो। केही त कबिलाका कबिलाहरू नै खतम भएका हुन्थे। त्यस्ता काम केवल एक ठाउँमा मात्र होइन, सबै ठाउँमा हुन्थे। यदि हामीले ओल्र्ड टेष्टामेण्ट पढ्यौं भने त्यस्ता दारुण अत्याचार प्रत्यक्ष देख्न पाउँछौ। त्यसैले विकसित कविलाहरूले आफ्नो गाउँको चारैतिर पर्खाल लगाएर वीर योद्धाहरूलाई तैनात गरे भने पछाडि परेका कबिलाका मान्छेहरू जंगलमा भागेर आफ्नो ज्यान बचाए।

यस्तो अवस्थामा जोकसैले पनि धेरैभन्दा धेरै छोरा–नातिको इच्छा गर्दथ्यो। त्यसैले गणका प्रमुखहरूले छोरा नभईकन कसैले सन्यासी बन्न पाउँदैन भनेर प्रतिबन्ध लगाए।

४.१४ अपुत्रस्य गतिर्नास्ति

वंशको नाम बचाएर राख्नको लागि सन्तानको आवश्यकता पर्दछ। त्यसैले कबिलाहरूले सबैले सन्तान जन्माउनुपर्छ भनेर नियम बनाए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले सन्तानहीन व्यक्तिहरूका पितृ–पितामहहरू नरकमा जानु अनिवार्य छ भनियो। यो कुरा स्पष्ट गर्ने कथाहरू महाभारत तथा अरु पुराणहरूमा पाइन्छन्।

महाभारतमा एउटा कथा छ, जरत्कारुले आजीवन ब्रह्मचारी रहन चाह्यो तर आफ्नो सन्तान नभएकोले पितृ–पितामहहरू पुन्नामको नरकमा पर्ने डरले ऊ निकै दुःखी भयो। त्यस दुर्गतिबाट पितृहरूलाई बचाउन उसले आस्तिक नामको छोरो नजन्मदासम्म एउटी नागकन्यासँग दाम्पत्य जीवन बितायो।

त्यस्तै अर्को कथा छ, मन्दपाल नामक एक जना ऋषिले हजार वर्ष तपस्या गरे। त्यसपछि जब मानवशरीर त्यागेर उनी स्वर्ग जाँदै थिए, उनले बाटो देख्न सकेनन्। त्यतिखेर देवताहरूले भने, चाहे जति तपस्या गरे पनि जसका सन्तान छैनन्, उनीहरू स्वर्ग जान पाउन्नन्। त्यसैले मन्दपाल भूलोकमा फर्केर आए र छिटोभन्दा छिटो सन्तान जन्माउन एउटा चातक पक्षीलाई सम्भोग गरे। जसले गर्दा तुरुन्तै एउटा ब्रह्मवेत्ता छोरो जन्म्यो।

जसरी हाम्रा पुर्खाहरूले यस्ता असंभव कल्पनाले भरिएका कथा रचना गरे, त्यसै गरी सेमेण्टिक कबिलाहरूका मान्छेहरूले पनि कथाहरू कल्पना गरेका छन्। अतः तिनीहरूका कथाहरू त्यस समयका वास्तविक परिस्थितिका नजिकमा छन्। पाइला–पाइलाहरूमा हाम्रा पण्डितहरूले अवतारहरूका, श्रापका, वरदानका कुरा गर्दा गर्दै वास्तविक परिस्थितिका घटनाहरू पृष्ठभूमिमा गए।

भागवतमा एउटा कथा छ, रुचि प्रजापतिकी पत्नी याकूति थिइन्। उनका छोराको नाम श्रीयज्ञ थियो र छोरीको नाम दक्षिणा थियो। भाइ–वहिनी बीच लैगिक सम्बन्ध हुनाले बालबालिकाहरू जन्मिए। अवतार सिद्धान्तलाई बीचमा ल्याइयो र भनियो, रुचि प्रजापतिलाई दिइएको वरदान अनुसार श्रीमहाविष्णु श्रीयज्ञको रूपमा र श्रीमहालक्ष्मी श्रीदक्षिणाको रूपमा जन्मिएकोले यस्तो कुरा भएको हो। त्यसैले तिनीहरूको यौन–सम्बन्ध गलत होइन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब्राहमको भतिजाको नाम 'लोतु' थियो। कुनै कारणले उसलाई आफ्ना छोरीहरूसँग पहाडको उपत्यकामा बस्नु पऱ्यो । त्यसै बेलामा उसकी छोरीले सन्तान पाउने अभिलाषाले गर्दा अरु कुनै पुरुष पाउने अवस्था नदेखेर पितासँगै सम्भोग गरी। त्यसैको फलस्वरूप मोयावीहरूको मूल पुरुष 'मोयाव' को जन्म भयो। यसपछि कान्छी छोरीले पनि बाबुसँग सम्भोग गरी। जसले गर्दा अम्मोनिहरूको मूल पुरुष 'वेन्मम्मि' जन्म्यो। यो कुरा ओल्र्ड टेष्टामेण्टमा स्पष्ट रूपले लेखिएको छ। हो, त्यसमा अलिकति घुमाउरो गराइएको छ र लेखिएको छ, द्राक्षारसपानको नसामा भएको कारणले 'लोतु'लाई थाहै भएन कि मैले आफ्नै छोरीहरूसँग सम्भोग गर्दैछु।

अब्राहमकी पत्नी थिई शारा, ती दुवैको बाबु एउटै थियो तर उनीहरूका आमाहरू अलग-अलग थिए । जवान भइसकेपछि पनि उनीहरूका सन्तान थिएनन् । अब विनासन्तान नाम कसरी चल्छ ? त्यसैले शाराले आफ्नी एउटी दासीलाई आफ्ना पतिसँग पठाई । त्यसबाट इस्माइलको जन्म भयो। यो कुरा ओल्र्ड टेष्टामेण्टमा स्पष्ट रूपले उल्लेख छ।

४.१५ 'देवर-न्याय'

सन्तान नजन्मदै विधवा भएका स्त्रीहरूको लागि र सन्तान जन्माउन नसक्ने पुरुषका पत्नीहरूको लागि सन्तान जन्माउने उद्देश्यले 'देवर-न्याय' उचित मानियो।

पहिली पत्नीबाट सन्तान जन्मेनन् भने पुरुषले अर्की महिला बिहे गर्छ। उ मरी भने पनि उसले अर्को बिहे गर्छ। त्यस्तो अवस्थामा पति मऱ्यो या नपुसंक भयो भने स्त्रीको अवस्था कस्तो होला ? सन्तान भएन भने स्त्रीले सम्पत्तिबाट अंश पाउँदिन र वंश पनि बढ्दैन । त्यसैले यस्तो अवस्थामा स्त्रीले आफ्नो देवरसँग लैंगिक सम्बन्ध कायम गरेर या अरु कुनै पुरुषसँग सम्पर्क गरेर सन्तान प्राप्त गर्न सक्छे भन्ने त्यो बेलाको न्याय व्यवस्था थियो। यूदाको जेठो छोरो सन्तान नजन्मिदै मऱ्यो। देवरन्याय पालन गर्नको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियुक्त अर्को छोराले जन्मेको सन्तान आफ्ना पशु–सम्पत्तिको हकवाला हुन्छ भन्ने सोचेर आफ्नी भाउजुलाई गर्भवती नहुन आवश्यक सावधानी अपनायो। त्यसो गर्नु पाप भएकोले ऊ मऱ्यो। तेस्रो छोरो सानो भएकोले यूदाले आफ्नी बुहारीलाई माइत पठायो। उसले वचन दिएको थियो, मेरो छोरो बालिग हुँदा साथ उसलाई म तिमीसँग पठाउनेछु। तर यूदाले आफ्नो वचन पूरा गर्न सकेन। उसलाई जसरी बुहारीसँग सम्भोग गर्नाले मेरा दुईवटा छोरा मरे, त्यसै गरी यो कान्छो छोरो पनि मर्छ भन्ने डर थियो। अनि उसकी बुहारी एउटी वेश्याको रूप धारण गरेर आई र स्वयं यूदासँग उसले सम्भोग गरी। अनि त्यसलाई जुम्ल्याहा शिशु जन्मे। तीमध्ये ठूलाको नाम 'जेरहू' र कान्छाको नाम 'पेरुसू' थियो। त्यसै 'पेरुसू'कै वंशज थिए, दाविद तथा सोलमन राजा।

त्यसै 'देवर–न्याय' अनुसार नै वेदव्यासले धृतराष्ट्र तथा पाण्डु राजाको कथा रचना गरे। पाण्डु राजा सन्तान जन्माउन अयोग्य थिए। त्यसैले पाँच पाण्डव कुनै अन्य व्यक्तिहरूबाट उत्पन्न भए। महाभारतमा लेखिएको छ, कुन्ति र माद्रीले देवताहरूलाई निम्ता गरेर उनीहरूद्वारा पुत्रहरू जन्माए। यसरी जन्मेका क्षेत्रजहरू (विवाहित स्त्री र पराई पुरुषको संसर्गले जन्मेका छोराहरू) तथा धर्मपुत्र लिएका छोराहरूलाई पनि आफ्नै छोरा (विवाहित स्त्री–पुरुषका छोराहरू) बराबर लिइयो। क्षेत्रज पाण्डवहरूलाई पाण्डु राजाका पत्नीहरूले जन्माए। त्यसैले उनीहरूलाई पाण्डु राजाकै छोरा भनियो। त्यस प्रकारको आवश्यकता दोस्रो पटक नहोस् भनेर भीष्मले राक्षस–विवाहको पद्धति अनुसार सयवटी कन्याहरू ल्याएर धृतराष्ट्रसँग तिनको विवाह गरिदिए। कुनै न कुनै प्रकारले धृतराष्ट्रलाई सयवटा छोरा जन्मे।

गाईमा लाग्ने साँढे चाहे कसैको होस् तर गाईबाट जन्मिएको बाछो गाईको मालिककै मानिन्छ। त्यही कुरा त्यतिखेर मान्छेका सन्तानको लागि पनि लागू थियो।

यति धेरै प्रकारले स्वजनहरूको संख्या वढाउँदा पनि विकसित समाजका समस्याहरूको हल हुन सकेन। दासहरूसँग कसेर काम लिन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुहरूलाई हराउन योग्य वीरहरूको आवश्यकता थियो । अतः उनीहरूले आफ्ना युवकहरूलाई धनुर्विद्या, खड्गयुद्ध र घोडचढीमा निपुण बनाए । अत्यधिक बल र पराक्रम प्रदर्शन गर्न सक्ने समर्थ व्यक्ति चाहे जहाँ देखिए पनि, जहाँ जन्मेको भए पनि उनीहरूले आफ्नो कबिलामा आउन निमन्त्रणा दिए र मुखले मागे जति सबै चीज दिए। यसरी सुशिक्षित समुदायहरूबाट त्यति बेला क्षत्रिय वर्णको व्यवस्था भयो । (यससँग सम्बन्धित कथाहरू महाभारतमा त छँदै छन्, अरु देशका पुराणहरूमा पनि छन् ।)

४.१६ पुरोहितका प्रार्थनाहरू

खड्ग धारण गर्ने योद्धाहरू हमेशा शत्रुहरूसँग भिड्न तत्पर रहन्थे। मिस्त्रीहरू उनीहरूलाई आवश्यक पर्ने हतियार तयार गर्नुका साथै खेतीपातीको लागि उपयोगी औजार पनि बनाउँथे । किसानहरूले खेतीपातीका साथै पशुपालन पनि गर्दथे। पूजारीहरू पूजा गर्दथे भने पुरोहितहरू यज्ञ-यागादि चलाउनुका साथै समाजको लागि राम्रो-नराम्रो के हो भन्ने निर्णय गर्दथे। दासहरू ती सबैको सेवा गर्दथे। पूजारी र पुरोहितका साथै 'ह्रिं क्लिं ह्रुं ह्रां' भन्दै भूत भगाउने विश्वास दिलाउने भूतवैद्य तथा आफ्ना तन्त्र-मन्त्रद्वारा कुनै पनि असंभव कामलाई संभव गराउन सक्ने डिंग हाँक्ने तान्त्रिक पनि थिए।

ती सबैमध्ये यज्ञ-यागादि कर्महरू विधिवत् चलाउने शक्ति भएका ऋषिहरूको ज्यादा महत्व थियो । जस्तोमा पनि उनीहरू पूजासम्बन्धी काम गर्न योग्य थिए।

'हाम्रा गोरुहरूले राम्रोसँग समान वोकून्। किसानहरूले राम्रोसँग खेतीपाती गरुन् । हलाहरूले सीधा ढंगले खेत जोतून् । रस्सीहरूले कुम्लाहरू कसेर बाँधून्' (ऋग्वेद-४-५७-४)[२]

'हाम्रा हलाहरूले खेत राम्रोसँग जोतून्, हाम्रा गोठालाहरू गोरुसँगै सहीसलामत फर्कून् ।'

---

२ शुनं वाहा शुनं नर शुनं कृषतु लाङ्गलम्
शुनं वात्रा बध्यन्तां शुनमष्ट्रामुदिङ्गय। (ऋग्वेद - पूर्ववत् पृ. ७३८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हे सोमरस, जसरी बाबुले छोरालाई सुख दिन्छ, त्यसै गरी तिमी हाम्रो पेटमा गएर हामीलाई आनन्द देऊ।'

'हामीले जुन सोमरस पियौं, त्यसले हामीलाई कर्माचरण गर्न समर्थ बनाओस्, हामीलाई उसले रोगहरूवाट बचाओस्।' (ऋग्वेद ८-४८) [३]

उनीहरूका प्रार्थनाहरू यसै प्रकारका हुन्थे । जब पुरोहितहरू भन्दथे, यी प्रार्थना नभई पानी पर्दैन, खेती उम्रन्न, पशुहरूले दुध दिन्नन्, जनता सुखले वाँच्न सक्दैनन्, शत्रुहरूलाई हराउन सम्भव हुन्न। त्यतिखेर हातले काम गर्नेहरूले उनीहरूका विरुद्ध विद्रोह गरे र **'यी सब बेकारका कुरा हुन्। अल्छी, धोकेबाज र अर्काको अन्नले पालिने धूर्तहरूका षड्यन्त्र हुन्'** भने।

हलो तयार गर्ने सिकर्मी हुन्। फलामको फाली बनाउने लोहार हुन्। त्यो तान्ने गोरु हुन्। त्यसले खेत जोत्ने किसान हुन्। यसरी कैयौं जनाको परिश्रमले खेती हुन्छ, न कि **'हे हला, तिमी राम्रोसँग खेत जोत, हलाले जोतिएको जमिनबाट हामीलाई अनाज देऊ, भन्ने प्रार्थना गरे । के यो कुरा तपाईलाई सही लाग्दैन ?** त्यसो भए, यी पूजारीहरू र तान्त्रिक-मान्त्रिकहरूसँग भन्नुहोस्, प्रार्थना गरेर एउटा हलो बनाउन्। अथवा एउटा घैंटो या अरु कुनै चीज बनाउन्। उनीहरूले यस्ता चुनौती दिन लागे कि ती तन्त्र-मन्त्रद्वारा कुनै पनि जीवनोपयोगी उत्पादन हुन सक्दैन। (चार्वाक् सिद्धान्त)

त्यस्ता विद्रोही व्यक्तिहरूमा बृहस्पति, लंक, धिषण, परमेषिन्, भृगु आदि थिए। उनीहरूपछि पुराण काश्यप, मख्खली, गोशाल, प्रक्रुध, कात्यायन, अजित केशकम्बलि आदिले भौतिक सिद्धान्तहरू थप सुस्पष्ट ढंगले प्रस्तुत गरे। किनकि ती सिद्धान्त आफूहरू विरुद्ध थिए, त्यसैले पुरोहितहरूले उनीहरूलाई मूर्ख, नीति-नियम नभएका आदि भनेर निन्दा गरे। उनीहरूले प्रचार गरे, जल, अग्नि, वायु आदि देवता हुन्। यदि हामीहरूले उनीहरूको प्रार्थना नगर्ने हो भने राम्रो प्रतिफल पाउने छैनौं।

३ सोमसूक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैपनि मजदूरहरू उनीहरूमाथि हावी भए। घरेलु कामकाजका चीजहरू, खेतीपातीका औजारहरू, हतियार, वस्त्र आदि दैनिक आवश्यक वस्तुहरू बनाउने, घर र डुंगामा चाहिने सामान बनाउनेहरूलाई मजदूर भनिन्छ। आज पनि उनीहरूलाई मानिन्छ। कुनै न कुनै रूपमा यिनको महत्व छ।

आज पनि विवाहको समयमा घडाको र पञ्च पल्लवयुक्त घडाहरूको पूजा हुन्छ। सिकर्मी र सुनारलाई पैसा, सुपारी दिएर उनीहरू कहाँबाट विवाहको लागि खाट, भाषिकम् (औंठी), मगलसूत्र, विच्छिया आदि गहना ल्याइन्छ। अन्तमा पूजारीहरूलाई खाद्य सामग्री दिइन्छ। गृहप्रवेशको अवसरमा हतियार र सहकर्मीका औजारहरूलाई पूजा गर्ने र त्यसपछि पूजारीहरूलाई आदरसत्कार हुन्छ। पहिले ती आदर-सत्कार व्यक्तिहरूको हुन्थ्यो तर अहिले प्रतिस्पर्धामा हस्तकलाले मार खान थालेपछि परिस्थतिमा परिवर्तन भयो। धनी व्यक्तिले गरीब कारीगरहरूलाई आदर गर्न मन पराउन्नन्। अतः अत्यन्त प्राचीन कुलबाट चलिआएका प्रचलनमा परिवर्तन आयो र व्यक्तिहरूको साटो उनीहरूका औजार पूजिन थाले। उनीहरूले तयार गरेका वस्तुको पूजा हुन थाल्यो।

४.१७ भाववाद र भौतिकवाद

चार्वाकले जुन भौतिकवादको प्रतिपादन गरे, त्यो बीज-रूपमा ॠग्वेदमा पाइन्छ। भौतिकवादका सूत्र उपनिषद्हरूमा स्पष्ट रूपले देखिन्छ। स्वसंवेद्य उपनिषद्ले पदार्थवाद र स्वभाववादलाई महत्व दियो। जावाली महर्षिले श्रीरामलाई जुन सल्लाह दिएका छन्, ती भौतिकवादी दृष्टिकोणले नै दिएका हुन्। महाभारतमा नास्तिकवाद, स्वभाववाद, परिणामवाद तथा यादृच्छवादको उल्लेख पाइन्छ। त्यसमा यस्ता केही काल्पनिक कथाहरू पनि छन्, जसमा धर्मराजले चार्वाकको बध गरेको कुरा वताइएको छ। त्यसैले डा. सर्वपल्लि राधाकृष्णन्ले भनेका छन्, **भाववाद अध्यात्मवाद जत्तिकै प्राचीन हो। भौतिकवाद पनि त्यति नै प्राचीन हो।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिकवादलाई ध्वस्त पार्नको लागि भाववादीहरूले कैयौं कथाहरू कल्पना गरे। उनीहरूले तेंत्तीस करोड देवताहरू रचना गरेर उनीहरूलाई भौतिक जगत्मा भरे। यज्ञहरूको धूम मच्चियो। तान्त्रिक सिद्धान्तको बोलवाला भयो। पानी नबर्षंदा केही मान्छेहरू यज्ञ गर्दथे। कसैले भ्यागुताको जुलुस निकालेर तिनको पूजा गर्दथे। तान्त्रिकहरूले कन्याहरूबाट खेत जोताउँथे। उनीहरूले के विश्वास दिलाउँथे भने स्वच्छ जुनेली रातमा, सम्मो भूमिमा, अविवाहित नांगा कन्याहरूले हलो तान्ने हो भने चन्द्रमा उनीहरूको लागि आकाशबाट उत्रेर आउँछन् र साथै पानी पनि बर्साउँछन्। (अहिले पनि कैयौं ठाउँमा भ्यागुताको पूजा र नांगा कन्याहरूबाट हलो जोत्ने काम हुन्छ)

त्यसको विरुद्धमा भौतिकवादीहरूको कथन छ, तिनका सबै कुरा सफेद झूट्टा हुन्। वृत्त (अर्थात् मेघ) मा इन्ध अर्थात् बिजुली छ, तिनकै घर्षणले गर्जना र बिजुलीको चमकका साथै वर्षा हुन्छ।

यदि भौतिकवादीहरूको कुरामा विश्वास गर्ने हो भने यज्ञ गर्नेहरू बाँकी रहन्नन्। अतः पुरोहितहरूले एउटा लामो कथा रचना गरे। उनीहरूले इन्ध अर्थात् ईन्धन-बिजुलीलाई इन्द्रको रूपमा तथा मेघलाई वृत्रासुरको रूपमा वर्णन गरे। वृत्रासुरको जन्म, इन्द्र-वृत्रासुरका बीचमा युद्ध आदि कथाहरू रचिए। मेघलाई वृत्रासुरको रूप तथा इन्धलाई इन्दको रूप दिएर त्यस इन्द्रलाई तीन करोड देवताहरूको अधिपतिको रूपमा अभिषिक्त गरे। यज्ञ-यागहरूको धूम मच्चियो। ज्यादा पानी बर्षे पनि यज्ञ गरियो, पानी बिल्कुल परेन भने पनि यज्ञ गरियो। अर्काको सम्पत्ति हरण गर्नको लागि प्रार्थनाहरू गरियो, सोमरस-पान अत्यधिक मात्रामा हुन थाल्यो।

'हे इन्द्र, अनार्यहरूका निवास कीकट नामक जनपद-गाउँहरूमा रहनेहरूका गाईहरूले तिमीलाई के दिँदैछन्? के सोमरसमा मिसाउन दुध दिँदैछन्? ती गाईहरू ल्याएर हामीहरूलाई दिनुहोस्, नीच शाखा (नीच जाति) का मान्छेहरूको धन ल्याएर हामीलाई दिनुहोस्' (ऋग्वेद, ३-५३-१४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरू यस प्रकारका कामना गर्दै खूब सुरापान गर्दै कोचाकोच गाईको मासु र बाखाको मासु खान्थे। त्यसैले वाल्मीकिको रामायणमा सीता र रामले गौमांस–भक्षण गरेको र अयोध्याका निवासीहरूको सुरापानको वर्णन पाइन्छ। अनि महाभारतको बारेमा त भन्नु नै के पर्‍यो र ? त्यसो त वेदहरूमा पनि यो कुरा सुस्पष्ट देख्न सकिन्छ।

'हे राम, कुनै छोराले जसरी आफू बढेको अनुभव गर्छ, त्यसरी नै हामीले पनि तपाईंलाई त्यस्तै अनुभव गर्छौं। तपाईंले हामीलाई दीर्घायु प्रदान गर्नुहोस्।' (ऋग्वेद, ८–४८)

'अंगिरसहरूले इन्द्रको लागि अत्यधिक मांसल–मोटा शरीर भएका बाखा पकाए'

'इन्द्रले हाम्रा यज्ञपशु भक्षण गरुन्'

'हे इन्द्र, बाँझा र बली (दिइने) गाईहरूबाट, बली (दिइने) गोरुहरूबाट मृगहरूबाट आराधित भएर.. (ऋग्वेद, १०–२७–१७, १०–२८–८, १०–८६–१३)

देवताहरूको नाममा मासु खाने, सुरापान गर्दै सोझासाझा जनतालाई वर्ण ल्याउनेहरूको भौतिकवादीहरूले तीव्र विरोध गरे। जसले ती भौतिकवादीहरूका तर्क सुने, तिनीहरूका मनमा भाववादी (अध्यात्मवादी) हरूका कुरामा शंका जन्म्यो।

'कसले इन्द्रलाई देखेको छ ? कसैले पनि छैन, त्यसैले हामीले कसको स्तुति गरौं ? इन्द्रको अस्तित्व काल्पनिक हो, वास्तविक हैन' (ऋग्वेद, ८–१००–३)

यसरी केही मान्छेहरूले इन्द्रयाग परित्याग गरे। भागवत्को यो कथामा ध्यान दिन आवश्यक छ कि यादवहरूले इन्द्रयागको तयारी गर्दा श्रीकृष्णले त्यसो नगर्न आदेश दिए।

इन्द्रप्रतिको भक्ति यसरी कमजोर बन्दै गएपछि केही ऋषिहरूले पञ्च–रुद्रका सूक्तहरू रचना गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'रुद्र मेघको गर्जना गर्नेवाला हुन्, मेघको पेटमा रहेर ध्वनि गर्दै त्यसलाई द्रवित गर्नेवाला हुन्, उनी शत्रुहरूलाई दुःखी गराउँछन्' त्यसैले रुद्रयाग गर्नु श्रेयस्कर हो भनेर जनतालाई प्रोत्साहित गरे। इन्द्रको स्थानमा उनीहरूले रुद्रलाई सिर्जना गरे।

केही मान्छेहरूले विष्णुको स्तुति रुद्रदेवका भाइ उपेन्द्रका रूपमा गर्न थाले। 'यिनै विष्णुको चरणबाट जन्मेकी गंगाको जलले मान्छे जीवित छ, मान्छेका साथै समस्त जीवहरूको सृष्टि पनि उनैले गरेका हुन्।' यस्ता कैयौं कथाहरू बनाएर प्रचार गरियो।

भैतिकवादीहरूले त्यस प्रचारको पनि विरोध गरे र प्रश्न गरे– 'पृथ्वी, जल आदि पञ्च महाभूतले युक्त सृष्टिमा प्राणीहरूको जन्म हुनु, हुर्कनु र अन्तमा नष्ट हुनु सहज परिणामबाहेक केही होइन। यस सृष्टिको मूल कर्ता कुनै भगवान् होइन। यदि तपाईं भगवान् छ भन्नु हुन्छ भने देखाउनुस् भगवान् कहाँ छ ? भन्नुस्, उसले यो संसारको रचना कसरी गऱ्यो ?'

यस प्रश्नको उत्तरमा वैदिक पण्डितहरूले एउटा राम्रो कथा रचे। उनीहरूले भक्तहरूलाई सिकाए, श्रीमहाविष्णुले समुद्रमा वरको पातमा सुतेर आफ्नो नाभिको कमलबाट ब्रह्माको रचना गरे र तिनै ब्रह्माले यो चराचर जगत्को रचना गरे।

हाम्रा पण्डितहरूलेझैं इज्राइलका याजकहरूले पनि भनेः–'भगवान्को आत्मा जलमा घुम्दै थियो, .. भगवान् यहोवाले पृथ्वीको माटेबाट मान्छेको रचना गरे र त्यसको नाकका प्वालमा जीववायु फुकेर जीवात्मा बन्यो।'

केही अरु मान्छेहरूले भने–'सृष्टिकर्ता ब्रह्माको शरीरका दुई टुक्रा भए। एउटा टुक्राबाट स्वयंभू मनु र अर्को टुक्राबाट शतरूपा नामक कन्या जन्मिए। तिनीहरूका दुई छोरा र दुई छोरीको जन्म भयो।'

त्यो देखेर जब भौतिकवादीहरूले प्रश्न गरे–'त्यसो भए त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिमानवकी कुनै आमा थिइन ? ती ब्रह्माकी पत्नी कुन थिइन् ? तिनका सन्तान कसरी जन्मिए ?' त्यतिखेर उनीहरूले उत्तर दिए, 'ब्रह्माले पहिले सरस्वती सृष्टि गरे र उसैलाई आफ्नी पत्नी बनाए।' (भागवत)

अनि कुनै विद्वान्ले 'ब्रह्माको दाहिने हातको औंलाबाट दक्ष नामक पुरुष र बायाँ हातको औंलाबाट धरणी नामक कन्या भइन्। ती दुवै मिलेर सय छोरा र पचास छोरीहरू जन्माए। ती छोरीहरूको गर्भबाट सर्प, भ्यागुता र पक्षीहरूका साथै सुर-देवता र असुर-राक्षस पनि जन्मे।' भन्ने कथा लेखेर महाभारतमा जोडिदिए।

याजकहरूले भने-'आदमको कोखाको एउटा हाड निकालेर यहोवाले हव्वाको रचना गरे, आदम र हव्वाका दुईवटा छोरा जन्मे।' ओल्र्ड टेष्टामेण्टमा अगाडि भनिएको छ-'त्यसपछि लोतु र उसकी छोरीबाट अब्राहम र उसकी सौतेनी वहिनी यूदा र उसकी बुहारीबाट जन्मेका सन्तान वढ्दै गए।'

त्यसै गरी भागवत्मा पनि वर्णन गरिएको छ, श्रीयज्ञ र उनकी वहिनीबाट कश्यप र उसकी वहिनी पूर्णिमा जन्मे र तिनबाट उत्पन्न सन्तानहरू कैयौं गुना वढ्दै गए।

जब यहुदीहरूले यो एउटा कथा सुनाए-संसारका सबै मान्छे हाम्रा 'नोवहू' का सन्तान हुन्, त्यतिखेर आर्यहरूले अर्को कथा सुनाए-सम्पूर्ण मानव जाति हाम्रा 'मनु' का सन्तान हुन्।

ओल्र्ड टेष्टामेण्टमा लेखिएको छ, संसारमा पाप अत्यधिक मात्रामा बढेपछि भगवान्ले त्यो समाप्त गर्न चाहे तर नोवहूबाट प्रसन्न भगवान् सरका अगाडि प्रकट भए। र भगवान्ले नोवहूलाई सल्लाह दिए कि तिमीले तीन तले जहाज बनाएर त्यसमा आफ्नी पत्नी र बालबालिकाहरूका साथ बस। प्रलय आउँदा साथ भगवान्ले त्यसमा सबै जीव-जन्तुका एक-एक जोडी त्यस जहाजमा पुऱ्याए र नोवहूसँगै ती सबैको उनले रक्षा गरे। भगवान्ले आशीर्वाद दिए, 'यसरी बचाएका नोवहूका सन्तानद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवजातिको बिस्तार हुनेछ।' उनले यो पनि संकल्प गरे, 'त्यसपछि मैले कहिल्यै सृष्टिको विनाश गर्ने छैन।' त्यति मात्र हैन, 'त्यसको प्रमाणस्वरूप उनले आफ्नो धनु (इन्द्रधनु-इन्द्रेणी) मेघमा राखे। त्यसरी बचाएका पशुपक्षी आदिबाट भूमण्डलमा समस्त जीवहरूको वृद्धि भयो।'

यता शतपथ ब्राह्मण ग्रन्थमा एउटा कथा छ, 'जलप्रलयको बेला मत्स्यावतारले केवल मनुलाई डुंगामा चढाएर बचाए। त्यसपछि जब मनुले पाक-यज्ञ गरे, त्यसबाट एउटी स्त्री उत्पन्न भई। ती दुवैका सन्तान क्रमशः बढ्दै गए। मनुको यो कथा अथर्ववेदमा पनि छ र महाभारतमा पनि। पारसीहरूको धर्मग्रन्थ वेंदिदादमा जलप्रलयको कथा छैन तर हिमप्रलयको कथा छ। त्यसमा 'अहुरमाज्दा' नामक देवताले हिमप्रलयबाट 'इमा' नामक राजालाई बचाएको कथा लेखिएको छ।

भागवत्मा उल्लेख छ, द्रविस राजा सत्यव्रत जब सन्न्यास लिएर तपस्या गर्दै थियो, त्यतिखेरै एउटा माछाको रूपमा उसको अगाडि प्रकट भए। उनले राजालाई चेतावनी दिए, जलप्रलय सन्निकट छ। जलप्रलयको बेला सत्यव्रतका साथै सप्तर्षिहरू र औषधि पनि जहाजमा चढाएर स्वयं मत्स्यावतार बनेर जहाजको रक्षा गर्दै भगवान्ले उनीहरूलाई वचाए। त्यतिखेर जुन-जुन जीवित रहेर वाँचे, तिनैद्वारा फेरि यस भूमण्डलमा समस्त जीवहरू तथा औषधिको वृद्धि भयो।

४.१८ अविश्वसनीय कथाहरू

भगवान्ले मत्स्यावतार लिएर सत्यव्रतको रक्षा गर्नु, आदमको कोखाको हाडबाट हव्वाको सृष्टि हुनु, ब्रह्माको वायाँ हातको औंलाबाट धरणिको जन्म हुनुजस्ता दन्त्यकथाहरूलाई विकासवादीहरूले अस्वीकार गरे। मानवविकासको क्रममा आएका परिणाम-क्रमलाई दश अन्तर्दशाहरू उनीहरूले स्पष्ट पारे। सबभन्दा पहिले प्राणीको जन्म समुद्री जलबाट भयो। त्यसरी उत्पन्न भएको प्राणी केवल समुद्र-जलमा विचरण गर्न सक्थ्यो। अतः उसलाई 'मत्स्य-अवस्था' नाम दिइयो। त्यसपछि कुनै जनावरले समुद्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनारामा पनि जिउन सक्ने अवस्थालाई 'कूर्म-अवस्था' भनियो । त्यस जीवकोटिका पशु, पक्षी, सर्प इत्यादि रूपमा पुगेको अवस्थालाई 'वराह-अवस्था' भनियो । मृग रूपबाट मानवको रूपमा विकासको अवस्थालाई 'नरसिंह' अवस्था भनियो । आदि मानवको आविर्भावको त्यस अवस्थालाई 'वामन-अवस्था' भनियो । त्यसपछि जंगली अवस्था, पशुपालन-अवस्था, कृषि-अवस्था र वैज्ञानिक अवस्था उल्लेख गरियो । यसै विकासक्रमले मानव अहिलेको अवस्थामा आइपुग्यो ।

यसरी विकासवादीहरूद्वारा प्रतिपादित सिद्धान्तहरू जनतासम्म नपुगुन् र गहिरो खाडलमा त्यी सबै जाकियुन् भनेर अध्यात्मवादीहरूले मरुन्ज्याल कोसिस गरे र दश अवतारहरूको कल्पना गरी वामन, परशुराम, बलराम आदि विष्णुका अवतार हुन् भन्ने प्रचार गरे । राम-लक्ष्मण, रावण-कुम्भकर्ण एवं कुरु-पाण्डवहरूको रूपमा जन्मका साथै सवा लाख जन्महरूका साथ अवतार सिद्धान्त जोड्दै उनीहरूले अनगिन्ती कथाहरू बनाए । यिनमा कैयौं महाभारतमा छन्, केही रामायणमा । अनि भागवत्को त के कुरा गर्नु ? त्यसमा यस्ता अनेक जन्मका कथा देख्न सकिन्छ, जसलाई विश्वासै गर्न सकिन्न ।

पुराणहरूका कथाहरू जेसुकै होऊन्, आदिमानवहरू नातापाताको वास्ता गर्ने विवेक राख्दैनथे । आदिमानवहरूमा मात्र होइन, अन्य कबिलाहरूमा पनि नातापातामा यौन-व्यवहारका उदाहरणहरू र स्वेच्छा-सम्बन्धलाई अनुमति दिएका अनेक उदाहरणहरू पाइन्छन् । धेरै पछिसम्म नातापातामा ख्याल नराख्ने गरेका प्रमाण पाइन्छन् । यूनान देश (ग्रीस)मा हिस्थापसले आफ्नै बहिनीसँग विवाह गऱ्यो । मिस्र देशकी रानी क्लियोप्याट्राको पति आफ्नै दाइ थियो भन्ने कुरा विश्वविख्यात छ । आफ्नो कुललाई नै श्रेष्ठ मान्ने गरेको कारणले गर्दा दाइ-भाइ र बहिनीका बीचमा पनि विवाह भए । त्यसैले एउटा रामकथामा पनि भनियो, राम र सीता दाइ-बहिनी थिए । यी नांगा सत्यलाई जसले स्वीकार गर्न चाहेनन्, तिनै विद्वान्हरूले कैयौं झुट्टा कथा कथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूले लेखे बालि इन्द्रको छोरो थियो र सुग्रीव सूर्यको। त्यति मात्र होइन, गौतमकी पत्नी अहिल्याबाट बालि र सुग्रीव जन्मे।

अर्को एउटा कथा पनि बनाइयो, शिवको वीर्य जमिनमा खस्नै थालेको बेलामा वायु आई त्यसलाई तुरुन्तै उडाएर अञ्जनी देवीको गर्भमा राखिदियो, जसबाट हनुमान् जन्मिए।

अरु केही कथाहरू पनि प्रचलित भए। सीता जमिनबाट जन्मिइन्, मत्स्य वल्लभ नामको माछाबाट, भीष्म गंगाको गर्भबाट, द्रोणको कुम्भबाट र द्रौपदीको होमकुण्डबाट जन्म भएको थियो भनियो। शक, यवन, पौण्ड्र, पुलिन्द, द्रविड, सिंहल, शवर र बर्बर वशिष्ठको होमधेनुको पुच्छरबाट र त्यसैका मलमूत्रबाट जन्मे। तिनलाई सत्य बनाउन कैयौं अरु कथाहरूको परिकल्पना गरियो। जसको बाबुको बारेमा कुनै जानकारी थिएन, ती सबैलाई देवताको सूचीमा जोडिदिइयो। यस प्रकारका कथाहरू पुराणहरूमा दर्ता छन्।

यस्ता दन्त्यकथाहरू रामायणमा थोरै र महाभारतमा निकै धेरै पाइन्छन्। त्यसैले रामायण व्यभिचारको कथा हो र महाभारत शुद्ध झुट्टा कुराको, भनेर आलोचना गर्नेहरूलाई मौका प्राप्त भयो। त्यति मात्र होइन, ती कथाहरूले गर्दा देवताहरूको संख्या पनि बढ्दै गयो। देवताहरूको पूजाका साथै अरु प्रकारका पूजा पनि प्रारम्भ भए।

जसै-जसै कबिलाहरूको बिस्तार हुन थाल्यो, त्यसै-त्यसै गरी उनीहरूले आफ्ना कबिलाहरूको चिनारिको लागि पनि नाग, गरुड, वानर आदि नाना-किसिमका नाम राख्न थाले। आफ्ना-आफ्ना विशाल ध्वजाहरूमा तिनका चिन्ह टाँस्न थाले। त्यसैले तिनीहरूको लागि वानर जाति, गरुड जाति, नाग जातिजस्ता नाम सुस्थिर भए। अतः कबिलाहरूलाई नाग, वानर, गरुड आदि भनेर बोलाउने प्रथा चल्यो। जुन कबिलाले जुन पशु-पक्षी आदिलाई लिएर नाम राखे, उनीहरूले त्यसैलाई पवित्र मानेर पूजा गर्न थाले। अहिले पनि केरलमा 'कदार' जातिका मान्छेहरू भैंसीको पूजा गर्छन्। त्यसको रगत छोइयो भने सम्झन्छन्-वस, पापको घैंटो फुट्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.१९ वीर-पूजा

जसले हातमा तरबार लिएर मान्छेको रक्षा गर्छन्, तिनको पूजा हुनु स्वाभाविकै हो तर जसले अर्काको सम्पत्ति मात्र हैन, बरु उनका कन्याहरूको इज्जत पनि लुट्थे, त्यस्ता मान्छेलाई पनि वीर भनेर पूजा गर्ने गरिन्थ्यो। त्यसै कारण पिछडिएका जातिमाथि विकसित जातिले हमला गर्नु धर्म-सम्मत मानियो। त्यसैले युद्धमा विजयी वीरहरूले पराजित जातिहरूको सम्पत्ति लुट्दथे। तिनका कन्याहरूलाई रखौटी बनाउँथे। र, जनताबाट उल्टै आदर-सत्कार पाएर छाती तन्काएर हिंड्थे। तिनका घरमा लूटमारको सम्पत्तिका साथै दासहरू पनि रहन्थे। बालबालिका जन्माउनका लागि पत्नीहरूका साथै रखौटीहरू पनि राखिन्थे। उनीहरू मरेपछि पनि ती वीर योद्धाहरूको पूजा जारी रहन्थ्यो। त्यसैले जो तरवार उठाएर लड्न सक्थे, ती सबले आफूलाई क्षत्रिय र कुलीन घोषित गर्दथे।

कुलीन को हो ? के तिनीहरूका वंश उन्नत हुन् ? के वास्तवमा तिनका जन्म पवित्र हुन् ? भनेर यदि हामीले अनुशीलन गर्ने हो भने यो सब खेलचारी हो भन्ने थाहा लाग्नेछ। ती दिनहरूमा चाहे मालिक होस् या दास, आफ्नै छोरो होस् कि क्षेत्रज, जोसुकै होस्, यदि बल र पराक्रम प्रदर्शन गर्न सक्यो भने त्यसलाई वीर र क्षत्रिय मानिन्थ्यो।

यूनान (ग्रीस) देशवासी 'तुक्रोस' दासीको छोरो थियो र पनि के भो त ? ट्रोय नगरमा घेरा हालेका यूनानी सैनिकहरूमा सबभन्दा अव्बलदर्जाको तीरन्दाज (तीर हान्न सक्षम) र बहादुरको रूपमा उसलाई मान्यता प्राप्त थियो। साँढेजस्तै तगडा मान्छे देखियो भने पाशन जातिका मान्छेहरू आफ्ना स्वास्नीहरूलाई तिनीहरूसँग लैंगिक सम्बन्ध राख्न पठाउँथे। अभिनियन स्त्रीहरू स्पाशन पुरुषहरूलाई सम्भोगको लागि निमन्त्रित गर्दथे। मतलब के भने कुनै न कुनै तरिकाले बलियो शरीरका बालबालिका पाउन चाहन्थे उनीहरू। त्यसैले यूनानीहरूले कैयौं जातिहरू तथा देशहरूलाई जिते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतमा हामी के देख्दछौं ? पाण्डु राजाले आफै आफ्ना स्वास्नीहरूलाई प्रोत्साहित गरे अतः कुन्ति र माद्रीले नजाने क–कसलाई सन्तान प्राप्तिको लागि निमन्त्रित गरे जसको फलस्वरूप पाँच पाण्डवको जन्म भयो। राक्षस–कन्या हिडिम्बासँग विवाह गर्नको लागि धर्मराजले भीमलाई प्रोत्साहित गरे। तिनबाट घटोत्कच जन्म्यो। नागकन्या उलूसँग अर्जुनले विवाह गरे, त्यसबाट इरावन्त नामको छोरो पाए। अनि उनले चित्रांगदासँग विवाहित भएर वभ्रुवाहनलाई र सुभद्रासँग पाणिग्रहण गरेर अभिमन्युलाई जन्माए। त्यसै गरी धर्मराज, नकुल तथा सहदेवले पनि छोरा जन्माए। त्यसका साथै पाँचै पाण्डवकी पत्नी द्रौपदीबाट जन्मेका छोरा त छँदै थिए। यसरी अनेक स्त्रीहरूलाई पत्नी बनाएकोले पाण्डवहरूलाई पाञ्चाल, विराट तथा यादव वीरहरूको सहायताको साथै अन्य जातिहरूको पनि सहयोग मिल्यो। त्यसैले कौरवहरूमाथि विजय प्राप्त गरे।

भनिएको छ, कर्ण जन्मना साथ कुन्तिले उसलाई एउटा सन्दूकमा राखेर गंगा नदीमा बगाइदिइन्। अतिरथ नामक सूत (क्षत्रिय लोग्ने र बाहुनी स्वास्नीको छोरोलाई सूत भनिन्छ–अमरकोशः–अनुवादक) ले त्यो सन्दूक पाए। त्यस सन्दूकमा रहेको बालकलाई पालन–पोषण गरेर ठूलो बनाए। यसरी जन्म लिएर ठूलो भएको कर्ण चाहे अबैध नै किन नहोस्, आफ्नो अद्वितीय पराक्रम र दानशीलताको कारणले गर्दा दानवीर–शूरवीर कर्णको नामले विख्यात भयो।

लेवी वंशकी दासी स्त्रीका गर्भबाट निकै राम्रो बालक जन्म्यो। मालिक ऐगुप्तहरूको आदेशानुसार उसले त्यो बालकलाई फ्याँकिदिनुपर्थ्यो, अन्यथा उसलाई मृत्युदण्ड दिइनु अनिवार्य थियो। तैपनि त्यस स्त्रीले त्यो बालकलाई, मातृप्रेमको कारणले, उसलाई एउटा सानो सन्दूकमा राखेर नदीको किनारामा घाँस–पातमा लगेर लुकाएर राखी। नदी–स्नानको लागि आएकी राजकुमारीले घाँस–फुसभित्र बालक रोएको आवाज सुनेपछि उसले आफ्ना दासीहरूलाई त्यो सन्दूक ल्याउन भनी। त्यसमा खोलेर हेर्दा त्यहाँ बालक देखेर उसले त्यस बालकलाई पालन–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोषण गर्न दासीहरूलाई आदेश दिई। त्यही बालक ठूलो भएर मोसे नामले परिचित भयो। यही त्यो मोसे थियो, जसले ऐगुप्तहरू कहाँ दास बनेर बाँचेका इस्राइली जनतालाई मुक्ति दिलाएर विशेष कीर्ति कमायो।

यस्ता कैयौं ख्यातिप्राप्त वीर रहेका छन्। त्यसैले त महाभारतमा भनियो–'शूर–वीरहरूको जन्म, देवताहरूको जन्म तथा नदीहरूको मुहान थाहा पाउन सकिन्छ कि क्या हो ?' इतिहास साक्षी छ, यस्ता वीरहरूको मृत्यु हुँदा उनीहरूको सम्मानमा ठाउँ–ठाउँमा पिरामिड, मकवराहरू र समाधिस्थल निर्माण गरियो।

तैपनि तिनमा कर्ण, एकलव्य र मोसेजस्ता योद्धा कम थिए। क्रूर, रक्तपिपासु र भोगविलासी वीरहरूको संख्या धेरै थियो। तीमध्ये केही त पछि सेनापति बने। र, कालक्रममा केही सेनापति राजा चुनिए। त्यसपछि राजा पद पाउनु वंशपरम्परागत अधिकार बन्यो। त्यस पछि जनताको पञ्चायतले गर्ने शासन खतम भयो। र निरंकुश प्रशासनमुनि जनता दबियो।

यस्ता कैयौं कथा प्रचलित भए, फलानो राजा वरदानको प्रभावले गर्दा जन्मेका हुन्। फलाना राजा होमकुण्डबाट जन्मेका हुन् तथा फलानो–फलानो राजा वायु, वरुण, इन्द्र आदिबाट जन्मन पाएका हुन्। त्यसले पनि नपुगेर कसैले भन्यो, हाम्रो वंश त चन्द्रवंश हो र कसैले भन्यो, हामी सूर्यवंशी हौं। कसैको अग्निवंश थियो भने कसैको पद्मवंश। यसरी हरेकले आफ्नो वडप्पनका डिङ् हाँक्न थाले।

त्यसपछि ब्राह्मण उठेर खडा भए र, भने–यदि क्षत्रिय सूर्यवंशी र चन्द्रवंशी हुन् भने हामी पनि ब्रह्माका सन्तान हौं। अनि दानवहरूको दावी थियो, कश्यप ब्रह्मबाट हामी जन्मिएपछि देवता जन्मिएका हुन्। हरकसैले यस्ता कथा बनाउन थाले। ताकि यिनीहरूले भनेको अक्षरशः सत्य हो भनेर मान्छेमा विश्वास उत्पन्न होस्। यस्ता कथाहरूले रामायण र महाभारत भरिदिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्न सकिन्छ, जुन समयमा मान्छेहरू परस्पर एकभन्दा अर्को ठूलो देखिन वीरताका डिङ् हाँक्दै कथाहरू कथ्दै थिए, त्यसै समयमा वाल्मीकिको रामायण र पछि महाभारतको जन्म भयो । त्यसैगरी यूनानमा इलियाड र ओडिसीको काव्यहरूको आविर्भाव भयो। त्यसैले यी सब काव्यहरूमा समानताहरू पाइन्छन्। जसरी रामायणका रचयिता वाल्मीकि र महाभारतका रचयिता वैशंपायन कहिलेका थिए भन्ने थाहा पाइन्न, त्यसै गरी इलियाड र ओडिसीका काव्य-रचयिता कहिलेका हुन् भन्ने थाहा हुँदैन। होमर कुन जमानाका थिए ? केही भन्छन्, उनी ई. पू. ८५० वर्ष अघिका हुन्, कसैले उनी ई. पू. १२०० का हुन् भन्छन्। कसैले त के प्रश्न पनि गर्छन् भने होमर नामका कुनै महाकविको अस्तित्व साँच्चै थियो ?

जसरी हाम्रा रामायणको गायन कुशीलवहरूले गरेका थिए, त्यसै गरी गायकहरूले होमरका काव्यहरू गायन गरेर मान्छेहरूलाई सुनाएका हुन् । जसरी हाम्रा रामायण र महाभारत अनेकौ पण्डितहरूका हातमा पुगेर विस्तृत हुँदै गए, त्यसै गरी पिसिट्राटस, हिस्पार्कस र हिप्पियासजस्ता मान्छेहरूका हातमा परेर होमरका काव्य व्यापक बने।

वाल्मीकिले रावणले सीताहरण गरेको कारणले राम-रावण-युद्ध भयो भनेका छन् भने होमरले पारिसद्वारा हेलेनलाई अपहरण गरेको कारणले ट्राजन युद्ध भएको हो भनेका छन्।

महाभारतका भीमलाई झैं यूनानी पुराणहरूमा हामीले हर्क्युलसलाई देख्दछौं । महाभारतको कर्ण र इलियाड काव्यको अकिलेसमा अनेकौ समानताहरू पाइन्छन् तर अकिलेस केवल वीरजस्तो देखिन्छ भने कर्ण वीर मात्र छैन, दानवीरको रूपमा पनि देखिन्छ।

एंगेल्सले आफ्नो बिचार यसरी व्यक्त गरेका छन्, **प्रकृति-आराधक प्राचीन आर्य-संस्कृतिबाटै यूनानी पुराणहरूका सयकडौं कथाहरू आविर्भूत भए । दुवैका पुराणगाथाहरूमा समानता हुनु स्वाभाविक हो । त्यसैगरी ओल्र्ड टेष्टामेण्ट तथा हाम्रा पुराणहरूका कथाहरूमा पनि समानताहरू**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छन् । टैग्रस र युफ्रटिस नदीहरूका पूर्वी तथा उत्तरी दिशाहरूमा आर्यहरू तथा पश्चिमी दिशामा सेमेटिक जनता फैलिइरहेका थिए र दुवैका बीचमा केही आदान-प्रदान हुनाले केही समानताहरू पनि पाइन्छन् । अर्को खास कुरो के भने पारसीहरूको 'अवस्था' र आर्यहरूको ऋग्वेदमा परस्पर सम्बन्ध छ । भनिन्छ, दुवैका पूर्वजहरू जब आजको इरानमा थिए, त्यतिखेरै त्यस्तो सम्बन्ध बनेको थियो ।

४.२० बहु-पत्नी तथा बहु-पति प्रथा

त्यस युगमा संयुक्त परिवारका मालिकहरू जतिसक्दो धेरै स्वास्नी मान्छेहरूलाई पत्नी बनाएर राख्दथे । जोसँग ज्यादा सम्पत्ति हुन्नथ्यो, तिनी मात्रै एउटै पत्नीमा सन्तुष्ट भएर रहन्थे ।

त्यस अवस्थामा सबै पुरुषहरूलाई पत्नी पाउन मुस्किल थियो । त्यसैले गरीब परिवारमा सबै भाइ मिलेर एउटै स्त्रीसँग विवाह गर्दथे ।

'दश प्रचेताहरू मिलेर मरिष नामकी स्त्रीसँग विवाह गरे' (भागवत)

'विवन्तु' नामका राजर्षिका छोरा साल्वेय शूरसेन आदि मिलेर 'अजित' की कन्यासँग विवाह गरे ।

बहुपति र बहुपत्नी प्रथासँग सम्बन्धित कैयौं कथाहरू ग्रीक पुराणहरूमा छन् । जर्मनहरूका बीचमा पनि बहुपति प्रथा प्रचलित थियो । सिजरले लेखेका नोट्समा उल्लेख छ, दश-बाह्र बृटन मिलेर एउटै स्त्रीलाई बिहे गर्थे । त्यो पनि जसलाई सम्भव थिएन, तिनीहरू देवताका मन्दिरमा रहने दासीहरूसँग अथवा प्रेम-मन्दिरमा रहने बेश्याहरू कहाँ जान्थे ।

पुरोहितहरूलाई जहिले चाह्यो तहिले कन्याहरू पाइन्थे । ऋषिहरू रांजकन्या पाउँथे । महाभारतमा च्यवनले सुकन्यासँग, अगस्त्यले लोपामुद्रासँग, ऋचिकले सत्यवतीसँग विवाह गरेका थिए भन्ने कथा छन् । अर्कोतिर मुनिहरूका कन्याहरूले राजाहरूलाई वरण गर्दथे । शकुन्तलाले दुष्यन्तलाई वरण गरिन् । एउटी मुनिकन्याले दक्षलाई वरण गरिन् र तिनबाट शातवाहन जन्म्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह गरेर आफ्नो घरजम नगर्ने परिव्राजकहरूले गृहस्थहरूका अतिथि–सत्कारबाट फाइदा उठाउँथे। जुन घरमा धेरै स्त्रीहरू हुन्थे, त्यसै घरमा गएर पेटभरि भोजन पनि गर्दथे र मालिकद्वारा तोकिएकी स्त्रीसँग शयन–सुखको अनुभव पनि गर्थे। एउटा ऋषिले अर्को ऋषिकी पत्नी पठाउने माग गर्थ्यो। भागवतमा लेखिएको छ, ऋषि बृहस्पतिले उचथ्यकी पत्नी ममतालाई पाएका थिए र त्यसबाट भारद्वाजलाई जन्माएका थिए। महाभारतमा उद्दालक नामका ऋषिकी पत्नीलाई एउटा वृद्ध ब्राह्मणले चाहेको कुरा उल्लेख छ। यस्ता कैयौं कथाहरू अरु ठाउँमा पनि छन्।

आज पनि संसारका केही देशमा यस प्रकारका अतिथिसत्कारका प्रथाहरू छन्। आदिवासी जातिहरूमा तथा हाम्रो देशका दुई–तीन जंगली कबिलाहरूमा यी प्रथाहरू अझै पनि चालू छन्।

त्यतिखेर पुरुषको कामना पूरा गर्नु स्त्रीहरूको शिष्टता मानिन्थ्यो। त्यसै कारण पुरुषको कामना पूरा नगर्ने स्त्री पूर्ण हुन्न भनिन्थ्यो। वरदराज रामायणमा यो कुरा साहसपूर्वक लेखिएको छ, अहल्याले इन्द्रको कामना पूरा गरिन्। यूनानी पुराणहरूका अनुसार स्पर्टन स्त्रीहरूले त्यस्तो शिष्टता पालन गरेको पाइन्छ। स्त्रीले जसरी पुरुषको कामना पूर्ति गर्दथे, त्यसै गरी स्त्रीको कामना पूरा गर्नु पनि लोग्ने मान्छेको शिष्टता मानिन्थ्यो। तारा र चन्द्रको कथा यस्तै शिष्टतासँग सम्बन्धित छ।

बृहस्पतिकी पत्नी ताराले चन्द्रमासँग प्रेम गरिन्। चन्द्रले त्यो कुरा स्वीकार गरे। अनि दुवै मिलेर कुनै एकान्त प्रदेशमा गए। त्यसपछि उनीहरूलाई एउटा छोरो जन्म्यो। त्यो समाचार थाहा पाएपछि बृहस्पति त्यसलाई हेर्न तुरुन्तै गयो। बालक निकै सुन्दर थियो। त्यसैले त्यो देखेर बृहस्पतिको खुसीको कुनै सीमा रहेन। त्यसैले उसले भन्यो, मेरी पत्नीबाट जन्मेको छोरोमाथि मेरै हक लाग्छ। त्यसैले म यसलाई लैजान्छु। त्यो सुनेर चन्द्रले भन्यो, यो हुन सक्दैन। त्यसमाथि तारा पनि जान राजी भइन्। अनि विचरा बृहस्पतिले क्रोधले आँखै देखेन। आफ्ना ठूल्दाइकी पत्नी, जो गर्भवती थिई, लाई बलात्कार गरेको र दीर्घतमका दुवै आँखा फोरेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसले बिर्स्यो। चन्द्रलाई ठिक गर्ने धम्की दिँदै उसले सारा देवताहरूलाई जम्मा पारेर ल्यायो। त्यसपछि तुरुन्तै बृहस्पतिलाई पनि ठिक गर्न भनेर शुक्राचार्यले सारा राक्षस सेनाका साथ चन्द्रसँग गएर भेट गरे। त्यहाँ चन्द्रले सारा देवताहरूलाई हायलकायल पाऱ्यो। अतः लाचार भएर बृहस्पतिका बाबु अंगिरसले ब्रह्मासँग बिन्ति गरे। ब्रह्माले दुवै पक्षबीच सम्झौता गराएर तारा बृहस्पतिलाई सुम्पे। उसको छोरालाई बुध नाम राखेर उनले चन्द्रलाई नै सुम्पिने काम गरे। जसले गर्दा चन्द्रको शिष्टताको पालना पूरा भयो। तर ब्रह्माको 'दुधको दुध पानीको पानी' वाला न्यायले गर्दा बृहस्पतिले क्षत्रज (आफ्नी पत्नीले अर्कैबाट गर्भधारण गरी जन्मेकोलाई क्षत्रज भनिन्छ– अमरकोशः) बुधमाथिको हक गुमायो।

तारा र चन्द्रको कथाभन्दा भिन्न रूपमा अर्जुन र उर्वशीको कथा छ। जसरी ताराको कामनाको पूर्ति चन्द्रले गऱ्यो, त्यसै गरी उर्वशीको कामनाको पूर्ति अर्जुनले गरेन। अर्जुनले उर्वशीको कामना पूर्ति के बहानामा गरेन भने उनी वंश बढाउने पुरुषकी पत्नी हुन्, र आफ्ना बाबु इन्द्रकी सेविका। त्यसैले तपाईं मेरी आमा हुनुभयो। अतः तपाईले मप्रति त्यस्तो कामना गर्नु उचित होइन। त्यो सुनेर उर्वशी आगो भई र अर्जुनलाई सराप दिई–'तिमीले मेरो इच्छा पूर्ति गरेनौ, अतः तिमी मर्त्यलोकमा गएर मानसम्मान नभएको तर सुन्दरी मान्याहरूको बीचमा नपुंसक बन ' (महाभारत)

यस प्रकारका प्रसङ्ग आज धर्मसम्मत पनि छैनन् र कानून अनुकूल पनि छैनन्। तर यो कुरा निर्विवाद हो, कुनै समयमा यी कुरा धर्मसम्मत मानिन्थ्यो। कालक्रममा समाजमा आएको परिवर्तनले यस्तो भएको हो।

अतिथिको रूपमा आएका एक जना ब्राह्मणले उद्दालक नामक एक जना मुनिकी पत्नी पाउन इच्छा गऱ्यो। अनि उद्दालकको छोरा श्वेतकेतु अत्यन्त क्रुद्ध भयो र उसले नियम बनायो, 'स्त्रीहरूले अर्काको पुरुषसँग सम्भोग गर्न हुँदैन।' उसले घोषणा गऱ्यो, 'जसले यो नियम मान्दैन, उसलाई ठूलो पाप लाग्नेछ। त्यसैले त्यसपछि स्त्रीहरूको लागि परपुरुषसँग सम्भोग गर्नु धर्म–विरुद्ध भयो। (महाभारत)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजभोलिका कानूनहरूले पति या पत्नी कसैलाई पनि व्यभिचारको अनुमति दिदैनन् तैपनि स्त्री–पुरुषका बीचमा यस्ता व्यवहार जारी छन्। अतिथि–सत्कार र देवर–न्यायजस्ता प्रथाहरू कुनै–कुनै कबिलाहरूमा आज पनि प्रचलित छन्। बहुपत्नीत्व र बहुपतित्व आज पनि हाम्रो देशमा प्रचलित छन्। इस्लाम धर्मानुसार एउटा पुरुषले चारवटी स्त्रीसम्म बिहे गर्‍यो भने गलत मानिंदैन। हिमालयको छेउछाउका केही कबिलाहरूमा अहिले पनि बहुपतित्वलाई गलत मान्दैनन्।

महाभारत–कालकी कुन्तीले पाँच पाण्डवको एउटी द्रौपदीसँग विवाह गरिदिनुको उद्देश्य थियो, उसका तीन छोराहरू धर्मराज, भीम र अर्जुन तथा उसकी सौता माद्रीका छोराहरू नकुल र सहदेव सधैं मिलेर बसून् भन्ने। त्यसको कारण थियो, यदि पाण्डवहरूका बीचमा फूट पर्‍यो भने दुर्योधनको षड्यन्त्र सफल हुन्छ र उनीहरूले राज्य पाउँदैनन्।

जुन पण्डितहरूले यसलाई सोझै भन्न चाहेनन्, उनीहरूले श्राप र वरदानका कथासँग जोडिदिए। बहुपतित्व स्वीकार गरियो भने पुरुषको महत्व घट्छ र समाज कलुषित हुन्छ भन्ने डरले गर्दा यस्तो गरिएको हो। अनि एउटा कथा रचियो र त्यसमा भनियो, द्रौपदी यज्ञकुण्डबाट उत्पन्न भइन्। त्यसरी हुनुभन्दा पहिलेको जन्ममा कामवासनाबाट तृप्त नभएको हुँदा उनले शिवको ध्यान गरेर तपस्या गरिन्। अनि जसै भगवान् प्रकट भए, त्यसै बेला उसले हत्पत्मा 'पति' 'पति' 'पति' 'पति' 'पति' भनेर पाँच पटक वरदान मागिन्। त्यसैको फलस्वरूप उनले पाँच जना पतिहरू प्राप्त गरिन्।

यस प्रकारका वरदानविना नै हिमाञ्चल प्रदेशहरूमा केही कन्याहरू अहिले पनि चार–पाँच पतिहरूसँग विवाह गर्दैछन्। पतिको लागि तपस्या पनि गरेका छैनन्, पति पति भनेर वरदान मागेका पनि छैनन्। कुरो यत्ति हो, त्यहाँको आवश्यकता अनुसार यस्ता विवाह भइरहेका छन्।

हिमाली क्षेत्रका केही स्थानहरूमा दैनिक आवश्यकताका वस्तु उत्पादन गर्न पर्याप्त अबसर छैनन्। जमिनको अधिकांश हिस्सा ढुंगा–पत्थरले ढाकिएका र धेरै भाग हिउँले भरिएका छन्। यदि जनघनत्व धेरै भयो भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक खाना र कपडा पाउन मुस्किल हुन्छ। सबै भाइले छुट्टाछुट्टै स्त्रीहरूसँग बिहे गरेर आफ्नो छुट्टै घर वसाल्ने हो भने जिउनको लागि आधारभूत जमिन र पशुहरू बाँडिने छन्। सन्तान बढ्छन् र जिउन ज्यादै कठिन हुन्छ। त्यसैले सबै भाइहरू मिलेर एउटै स्त्रीसँग विवाह गर्छन्। अनि त्यसबाट जन्मेका सन्तानले पनि मिलेर एउटै विवाह गर्छन्। त्यसैले पिढीका पिढी घर, खेत, पशु र औजार अविभाजित रहन्छन् । जनसंख्या धेरै बढ्दैन । जीवन व्यतीत गर्न सजिलो हुन्छ। त्यसै कारण त्यहाँ बहुपति–प्रथा धर्मसम्मत मानिन्छ।

त्यस्ता ठाउँहरूमा धेरै छोरीहरू हुनु पुरानो जमानामा राम्रो मानिन्नथ्यो । एक–दुइटी जन्मेपछि अरु जन्मे भने आमा–बाबुले नै घाँटी अठ्याएर मार्दथे। धेरै छोरी भए भने तिनको बिहे गरिदिने समस्या हुन्थ्यो। उनीहरूको पालन–पोषण गर्न कठिन थियो। त्यस बाहेक एउटा डर अर्को थियो, कहीं बलवान् समुदायहरूले हमला गरेर कन्याहरूलाई अपहरण गरी बन्दी नबनाउन् । त्यसैले उनीहरूले आफ्नै छोरीहरूलाई मार्दथे तर आजभोलि परिस्थिति बदलिएको छ । अविवाहित कन्याहरू पनि मिहिनेत–मजदूरी गरेर आफ्नो जीवन निर्वाह गर्न सक्छन्।

जसले स्वेच्छासम्भोग, अतिथिसत्कारजस्ता कुराहरू जस्ताको तस्तै रहन दिन र व्यक्त गर्न चाहेनन्, तिनीहरूले ती कथाहरूमा श्राप र वरदानका उपकथाहरू जोडे। कसैले तिनको आलोचना गर्दै नीतिको शिक्षा दिने कथाहरू सुनाए। त्यसको साथसाथै ब्राह्मण र क्षत्रियहरूका बीचमा चल्ने प्रतिस्पर्धामा कैयौं कथा जन्मे। त्यसै समयमा रामायण र महाभारतका कथालाई प्रधानता दिइयो। अतः हरेकले आफ्नो बडप्पनको प्रचारको लागि आफै आ–आफ्ना कथा रचेर तिनमा जोडिदिए। यसरी काव्यहरूले बिस्तार पाउँदै गए।

पुराण संस्कृतमा लेखिएका बौद्ध जातक कथाहरू आम जनताले बुझ्ने पाली भाषामा लेखियो । जैन गाथाहरू अर्धमागधीमा लेखियो । गुणादयले आफ्नो बृहत्कथा पैशाची भाषामा लेखे भने हालको गाथा–सप्तशति प्राकृत भाषामा लेखियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बृहत् कथा संस्कृत भाषामा अनुदित भयो । तिनै कथाहरूको आधारमा रूपकहरू लेखिए । हालको गाथा–सप्तशतिको पनि संस्कृत भाषामा अनुवाद भयो। त्यसका सात सय गाथाहरू ललित श्रृंगारका भण्डार हुन् । तिनको साथै भट्टि–विक्रमार्कका कथाहरू, सर्वसाधारण लेखकका विविध कथाहरू तथा लघुकथाहरू आदि कैयौं कथाहरू लेखिए ।

त्यसै प्रकारका कथा हुन् अरेबियन नाइट्सका कथाहरू । कुनै पनि देशमा यस्ता कथाहरू प्रचलित छन् । तीमध्ये केही आदान–प्रदान पनि भए । तैपनि रामायण र महाभारतजस्ता प्रख्यात कथाहरू कमै छन् ।

एउटा कुरा साँचो हो, निस्सन्देह रामायण या महाभारत अथवा यूनानी महाकवि होमरद्वारा लिखित काव्यहरू त्यस समयका देन हुन् ।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.

कथाहरूका आधारमा काव्य बने

अहिले जसरी कुनै कथा चुनेर सिनेमा बन्दछन्, त्यसै गरी विगत कालमा काव्यहरूको सिर्जना गरियो । भास, कालिदास आदि महाकविहरूका अधिकांश रचनाहरू त्यसै गरी प्रणीत भएका हुन् । समाजका गुण–दोष र आशा–अकांक्षा प्रतिविम्बित गर्ने कथाहरूको अहिले कुनै कमी छैन । पत्रपत्रिकाहरूमा अनेक प्रकारका कथाहरू प्रकाशित भइरहेका छन् । श्रोताहरू आकाशवाणीद्वारा प्रसारित हुने कथाहरू उत्सुकतापूर्वक सुन्दैछन्। सिनेमा तथा नाटकहरू धक्कामुक्की गरेर पनि हेर्दैछन्। तैपनि लोककथाहरूको महत्व कम भएको छैन। यिनै आधारमा हामी कल्पना गर्न सक्छौं जुन समयमा पत्रपत्रिकाहरू थिएनन्, सिनेमा तथा आकाशवाणीका प्रसारण थिएनन्, अक्षरहरूको आविष्कार भएको थिएन, त्यो समयमा कथाहरूको महत्व कति थियो होला ? कसैले कथाहरू सुनाउँदा कति उत्सुक भएर मान्छेहरूले सुन्थे होलान् ?

त्यसबाहेक पनि त्यतिखेर रामकथाको एउटा विशिष्ट स्थान थियो । आर्यहरूको पशुपालनको अवस्थामा उत्पन्न भएर जुन रामकथा समय अनुसार बढ्दै गयो, त्यो अत्यधिक लोकप्रिय हुनुको मुख्य कारण हो, भाइ–भाइ परस्पर मिलेर रहने हो भने सुख हुन्छ अन्यथा दासजीवन जिउनुपर्ने छ भन्ने सन्देश उद्घोष गर्न उक्त काव्य अत्यन्त उपयुक्त थियो।

अतः वाल्मीकिले रामकथालाई आफ्नो काव्य–वास्तुको रूपमा स्वीकार गरे। वेदहरूमा यत्रतत्र पाइने 'अनुष्टुप्' छन्दलाई संभार–सुधार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर माझिएको शैलीमा उनले रामायणको रचना गरे। त्यसलाई उनले त गाए नै, वीरगाथा गाउने चारणहरू वा भाटहरूलाई पनि सिकाए। अन्यथा यो काव्य हामीले पाउने थिएनौं। किनभने त्यतिबेला कुनै काव्यलाई लिपिबद्ध गर्नको लागि अर्थात् कुनै पत्रमा लेख्नको लागि लिपिकै अभाव थियो। अत एव सबै श्लोकहरू कण्ठस्थ गर्नुपर्दथ्यो। एउटा हैन, दशवटा हैन, हजारौं श्लोकहरू एक–एक गरेर कण्ठस्थ गर्दै अनि फेरि अरु श्लोकहरू रचना गर्दै काव्य सिर्जना गर्ने समय थियो त्यो। त्यसै कारण वाल्मीकिले आफ्नो काव्य स्वयं आफैले गाउनुका साथै आफ्ना शिष्यहरूलाई पनि गाउने शिक्षा दिए।

आजभोलि जसरी हरिको कथा गाउनेलाई 'हरिदास'–भजने भनिन्छ, त्यसरी नै त्यतिखेर वीरगाथा गाउनेहरूलाई 'कुशीलव' भनिन्थ्यो। वाल्मीकिले रामायण महाकाव्यको गायन गरे भने उग्रश्रवा, वैशम्पायन तथा सञ्जयले महाभारतका गाथा सुनाए। यस्ता गाथाहरू अरु देशका पुराणहरूमा पनि उपलब्ध छन्। हाम्रा रामायण र महाभारत ग्रन्थका मूल कथाहरू जस्ता कथाहरू इसाइहरूका ओल्र्ड टेष्टामेण्टमा पनि उपलब्ध छन्।

राम नामका व्यक्तिहरू यूरोप तथा एशियाका आर्यहरूमा मात्र थिएनन्, सेमेटिक तथा ल्याटिन भाषाभाषी व्यक्तिहरूका पनि थिए। 'रामास' नामका तीन जना राजाहरूले मिश्र देशमा शासन गरेका थिए। यहुदीहरूका गाउँमा कसैका नाम 'रामा' थिए। यूदाको वंशमा 'रामु', 'आरामु', 'यहोरामु' नामका व्यक्ति थिए। अब्राहमको असली नाम 'अब्रामु' थियो। इज्राइलका राजा 'वायेषा' ले 'रामा' नामको नगर निर्माण गराएका थिए। आजको दमास्कस नगर–प्रदेशको नाम कुनै जमानामा 'आरामदेश' थियो।

रामलोव, कुश्लोवजस्ता नाम भएका मान्छे अहिले पनि सोभियत संघमा छन्। पेरु देशका 'इंका' कबिलाका मान्छेहरूले 'रामसित्वा' नामक चाड मनाउँछन्। त्यहाँका स्त्रीहरूले सारी लगाउँछन्। ती 'इंका'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कबिलाका मान्छेहरूको आर्यहरूसँग कुनै सम्बन्ध थियो कि थिएन भनेर अनुन्धान पनि भएका थिए। त्यसबाट थाहा भयो, 'इंका' कबिलाका मान्छेहरू दक्षिणपूर्व एशियाका देशहरूबाट प्रशान्त महासागर भएर पेरु देशमा पुगेका हुन्।

ल्याटिन कबिलाहरूमा पनि यो नाम प्रचलित थियो। ई.पू. आठौं शताब्दीमा रोम नगर वसाल्नको लागि जुन व्यक्तिले शिलान्यास गऱ्यो, त्यो 'रामुलस' नामक गोठालो थियो। त्यसैको नाममा त्यस नगरको नाम 'रोम' राखियो।

सेमेटिक कबिलाहरूका साहित्यमा अथवा ल्याटिन कबिलाहरूका साहित्यमा रामकथा त छैनन् तर रामकथासँग मिल्दाजुल्दा कथा ओर्ल्ड टेस्टामेन्टमा पाइन्छन्।

५.१ कथाहरूमा समानताहरू

दशरथका तीन पत्नीहरू थिए भने अब्राहमका पनि तीन पत्नी थिए। दशरथले आफ्नो जेठो छोरालाई वनवास पठाए भने अब्राहमले पनि आफ्नो ठूलो छोरो इस्मायेललाई जंगलमा पठाए। दशरथले कैकेयीको कुरा मानेर भरतलाई राज्य सौंपे भने अब्राहमले शाराको कुरा मानेर इस्साकलाई सारा सम्पत्तिको मालिक बनाए। कैकेयीले आफ्ना पतिलाई मोहजालमा फसाएर आफ्नो सौतेनी छोरालाई वनमा पठाई भने शाराले पनि आफ्ना पतिलाई आफ्नो जादू चलाएर आफ्नो सौतेनी छोरालाई जंगल पठाई।

दशरथलाई बुढेसकालमा सन्तान जन्मेका थिए भने अब्राहमलाई पनि बुढेसकालमै सन्तान जन्मेका थिए। यज्ञको प्रतिफलको रूपमा दशरथलाई छोरा जन्मेको कुरा भनियो भने यहोवाको कृपाले गर्दा अब्राहमलाई छोरा जन्मेको कुरा वताइयो। कैकेयीलाई दिएको वरदानलाई तिरस्कार गर्न नसकेर दशरथले श्रीरामलाई वनवास पठाएका थिए भने यहोवाको आज्ञा उल्लंघन गर्न नसकेको कारणले अब्राहमले शाराको इच्छा अनुसार इस्मायेललाई जंगल पठाए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यता इस्साकका छोराहरूका विषयमा पनि यस्तै कुरा भए। इस्साककी पत्नी इव्का थिई। त्यसका जुम्ल्याहा छोरा भए। तीमध्ये ठूलाको नाम एसाव र सानाको नाम याकोव थियो। सानो छोराको लागि इव्काले यस्तो उपाय रची कि अन्धा इस्साकको सारा सम्पत्ति कान्छो छोरालाई प्राप्त होस्। त्यसैले विचरा ठूलो छोरो जंगल गयो। दशरथकी पत्नी सुमित्राका पनि जुम्ल्याहा छोरा जन्मे। ठूलो छोरो लक्ष्मण र सानो छोरो शत्रुघ्न थियो। कान्छो घरमा रह्यो भने जेठो रामसँग वनमा गयो।

जसरी भरत आफ्नो मामाको घरमा थियो, त्यसै गरी याकोव पनि आफ्नो मामा कहाँ नै थियो। भरतले आफूलाई दिएको राज्य रामलाई अर्पित गरिदियो भने याकोवले पनि आफूले पाएको सम्पत्ति एसावलाई सुम्पियो।

रामजस्तै एसाव पनि तारो हान्न चौपट्टै सिपालु थियो। त्यसैले हिम्मत गरेर ऊ कुनै घनघोर जंगलमा गयो र त्यहाँ जंगल फाँडेर खेतीपाती र पशुपालन शुरु गऱ्यो। उसले यस्तो ठाउँमा आफ्नो बासस्थान बनायो, जहाँ सजिलैसँग पशुहरूको लागि आवश्यक घाँस–पात पाइयोस्। जंगलमा जाँदा लक्ष्मण रामसँग गयो भने रामले अहल्या (नजोतिएको भूमि) सुधारेर जोतेर सुनौलो खेती गऱ्यो। लाग्छ, अहल्याको श्रापबाट मुक्तिको कथाको अर्थ हो, श्राप र वरदानहरूका कथा जोड्दा तथा बिजुलीको इन्द्र, बंजर भूमि (अहल्यालाई) को रूपमा वर्णन गर्दा असली कुरा लुक्यो।

जे होस्, दुवै कथाहरू एकै प्रकारले चले। यस कथाको दशरथजस्तै त्यस कथाको अब्राहम थियो। यहाँ भरतले जे काम गऱ्यो, त्यहाँ याकोवले त्यही काम गऱ्यो। यहाँ कैकेयीझैं त्यहाँ शारा र इव्का थिए। यस कथामा राम र लक्ष्मणजस्तै त्यस कथामा इस्मायल र एसाव देखिन्छन्। यो एकै पिढीसँग सम्बन्धित कथा हो भने त्यो दुई पुस्तासँग सम्बन्धित कथा हो। वस यही मात्र अन्तर हो।

तैपनि दुवै कथाहरूले रक्तसम्बन्धलाई प्रधानता दिए। चाहे सही हो या गलत, पिताको कुरा छोरोले मान्नैपर्दछ र त्यस अनुसार चल्नैपर्दछ। जबान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नीप्रतिको मोहको कारणले परिवारको मुखियाले भलै गल्ती गर्न पुगोस् छोराहरूले त्यो मान्नुपर्दछ । किनकि विद्रोह गरेर झगडा गर्दा परिवारको हितमा आघात पुग्छ । त्यसैले ठूलो छोरालाई जंगलमा जाने आदेश दिइयो भने ऊ जंगल जानैपर्दछ।

आर्यहरूको रुसी संघको दक्षिणी भेगका मैदानहरूमा र इरानको आर्याना इलाकामा पशुपालन तथा सेमेटिकहरूको इराक र आसपासका इलाकाहरूमा पशुपालनले गर्दा दुवैका बीचमा केही आदान-प्रदान हुनु स्वाभाविक थियो। त्यसै कारण मूल कथाहरूमा समानता भए।

तर आर्यहरूका रामकथाजस्तै सेमेटिक जनताका कथाहरूको विस्तार भएन । सायद इज्राइली जनता ४०० वर्षसम्म ऐगुप्तहरूको दास भएर बाँचेको कारणले गर्दा उनका कथाहरू वीरगाथाको रूपमा परिणत हुन पाएनन् तर रामकथाले विविध रूपमा विस्तृत भएर अन्तमा एउटा महाकाव्यको रूप ग्रहण गऱ्यो। अतः हामीले त्यसलाई अनुशीलन गर्नुपर्दछ, रामकथा कहिलेको हो र त्यसको प्रसार कसरी भयो।

५.२ जब धनसम्पत्ति थिएन, रामकथा पनि थिएन

फेडेरिक एंगेल्सले लेखेका छन्-'जंगली अवस्थामा मान्छेले रुखका बोक्राबाट रेसा निकालेर त्यसबाट कपडा बनाएर लगाए । उनीहरूले बोक्रा तथा हाँगाबाट टोकरीहरू बुने । ढुंगाका बञ्चरा तयार भएपछि तिनको सहायताले डुंगा बनाउन सम्भव भयो । केही ठाउँमा मान्छेहरूले काठ र बाँसको सहयोगमा घर बनाउन सिके । यत्रतत्र गदा र बर्छाजस्ता साधारण हतियारको साथै विशेष हतियारको रूपमा तीर-कमान तयार गरियो । तैपनि उनीहरूलाई त्यति बेला घैंटा बनाउन आउन्नथ्यो । आज अमेरिकामा रेड इण्डियनहरू त्यसै अवस्थामा छन् ।'

मोर्गनले भनेका छन्-'कुमालेका चक्का आविष्कार गरेर घैंटा बनाउन सिकेपछि मान्छे जंगली अवस्था पार गरेर असभ्य अवस्थामा प्रवेश गऱ्यो ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः केवल वञ्चरा, गदा र तीर–कमान भएर मात्र रामकथाजस्ता कथा भन्ने अबसर जुट्दैन । त्यसको लागि सम्पत्ति हुनुपर्दछ अथवा राज्याधिकार हुनुपर्दछ।

भन्नै परेन, आर्यहरू, सेमेटहरू (सेम नामक पुरुषका वंशज) र सायद तुरानीहरू जस्ता कबिलाहरूका सैयौं मान्छेहरू पशुपालन अपनाएर नै उन्नति गर्न सके। त्यसै कारण असभ्य जनजातिहरूबाट गोपालक जातिहरू अलग भए। यही सबभन्दा पहिलो श्रमविभाजन थियो। अरु असभ्य जातिले भन्दा गोपालकहरूले आफ्नो दैनिक जीवनको लागि आवश्यक वस्तुहरू अधिक मात्रामा कमाउन सके। दुध, दुधबाट बनेका चीजहरू, ऊन र ऊन कातेर बनाएका कपडाजस्ता नयाँ–नयाँ वस्तुहरू उपलब्ध गर्न सके।

सेमेट कबिलाहरूको सम्पत्ति केवल पशुसम्पत्ति मात्र थियो । अब्राहमले आफ्नो छोरालाई जंगलमा पठाएर इस्साकलाई जे दियो र, एसावलाई जंगलमा पठाएर इस्साकले यकोवलाई जुन कुरा सौंप्यो, त्यो पनि केवल पशुसम्पत्ति थियो । त्यसै सम्पत्तिसँग सम्बन्धित हुन् अब्राहम, एसाव इत्यादिका कथाहरू । त्यसैले भन्न सकिन्छ, रामकथा पनि पशु–सम्पत्तिसँग सम्बन्धित होला र आर्यहरू जब असभ्य अवस्थाको मध्यकालमा थिए, त्यतिखेरै यी कथा जन्मे होलान्।

पशु–सम्पत्ति बढाएर प्रगति गर्ने पशुपालक जातिहरूमा स्त्रीहरूको महत्व कम भयो र पुरुषको महत्व बढ्यो । यद्यपि त्यतिखेर छोरो बाबुको सम्पत्तिको उत्तराधिकारी हुन्थ्यो, तैपनि उसले बाबुको आज्ञा उल्लंघन गर्न सक्दैनथ्यो।

त्यतिखेर धनी परिवारको मालिकले चाहे जति स्त्रीहरूसँग विहे गर्न सक्थ्यो। किनभने जति छोरा जन्मे, त्यति फाइदा हुने उद्देश्य हुन्थ्यो। त्यसैले जति सक्यो त्यति धेरै स्त्रीहरूसँग विवाह गर्थ्यो। तीमध्ये जसबाट पुत्र सन्तान जन्मन्नथ्यो, त्यस स्त्रीको अवस्था राम्रो हुन्नथ्यो। छोरो भए पनि यदि उसको हातमा सम्पत्ति भएन भने उनीहरूको दासको जीवन अनिवार्य थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सम्पत्तिको कारणले सृष्टि हुने कलह रोकथाम गर्दै आर्य, सेमेटजस्ता विकसित समाजहरूले पशुहरूका ठूला-ठूला गोठहरू पाल्न-पोस्न थाले। घाँसको कमी हुँदा उनीहरूले पशुहरूलाई अर्कै ठाउँ हाँकेर लैजान्थे। त्यहाँ पनि घाँस कम भयो भने झन् अर्को नयाँ ठाउँको खोजीमा लाग्थे।

यसरी फैलिंदै अर्यानाबाट निस्केर आर्यहरू (अनु-द्रह्यु-तुर्वय-यदु-पुरुव-वंशका मान्छेहरू) सिन्धु तथा सरस्वती नदीहरूका तीरमा पुगेर त्यहाँका हरिया घाँस भएका फाँटहरूमा वस्न थाले। उनीहरू पछि त्रुत्सु तथा भरत वंशका मान्छेहरू पनि आए। केही आर्यहरू यूरोपमा फैलिए। एंगेल्सले लेखेका छन्-' आर्य र सेमेटहरू पशुहरूलाई पाल्तु बनाएर ठूला-ठूला समूह वनाई पाल्दथे। अरु असभ्य जातिहरूभन्दा उनीहरू अगाडि वढ्नुको कारण यही लाग्छ।

सुप्रसिद्ध इतिहासकार श्री एस्. वी. रायले लेखेका छन्-'वेदकालका आर्यहरूका इतिहास, संस्कृति आदि सबै कुरा आर्यानाबाटै शुरु भए।'

त्यसैले हामी खसोखास भन्न सक्छौं, आर्यानामा र रुस र तुर्कमेनियामा बग्ने सिरदरिया नदी र आमू नदीका तीरमा जुन आर्यहरूले पशुपालन आरम्भ गरे, उनीहरू कालान्तरमा अरु प्रान्तहरूमा फैलिए।

यसरी हरिया घाँसका मैदानहरूमा पशुचराउनेहरूले पशुपालकहरूले निकै प्रगति गरे। दुध, दही र मासु पर्याप्त मात्रामा पाएकोले जनसंख्या पनि बढ्यो। उनीहरूले पशुहरूलाई आँखाको नानीलाईझैं रक्षा गर्दथे। त्यसैले पशुहरूका झुण्डमा पनि बढोत्तरी भयो। उष्ण प्रदेशहरूमा गर्मीको मौसममा र चिसा प्रदेशहरूमा जाडोको मौसममा पशुहरूलाई घाँस-पात यथेष्ट पाइन्नथ्यो। त्यसैले यस्ता मौसममा पशुहरूलाई खुवाउन उनीहरूले खेती लगाउन थाले। यसरी खेती शुरु भएपछि आफूहरूलाई खान अन्न पनि पाइयो। अनि त्यसले विकास पनि तीव्र ढंगले हुँदै गयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैपनि पशुपालकहरूले अर्को समस्याको सामना गर्नुपऱ्यो । सुस्त–सुस्त यी वद्दै गएका मान्छेहरू एउटै ठाउँमा रहन असम्भव भयो। त्यसैले केही मान्छेहरूले नयाँ ठाउँमा वस्न जानुपऱ्यो। त्यसको लागि केही मान्छेहरूले केही ठाउँ रोजे । पहिले केही मान्छे त्यहाँ गए । उनीहरूले त्यहाँका झाडी र खोरिया फाँडे र आगो लगाए। पछि उनीहरूले जमिन जोतेर बीउ छरे। खेती बढिसकेपछि तिनीहरू पहिलेको स्थानमा आएर आफ्ना पशुहरू हाँक्दै त्यहाँ गए।

एंगेल्सले भने–**'अनिवार्य परिस्थितिमा उनीहरू (आर्य र सेमेट) कहिले पश्चिम दिशातिर त कहिले उत्तर दिशातिर निस्के । यूरोपमा फैलिएका जंगली जमीनहरूका झाडीहरू फाँडेर उनीहरूले पशुहरूको लागि आवश्यक घाँस-पातको प्रबन्ध गरे। तिनीहरूले पशुहरूका खानाको लागि नै सबभन्दा पहिले खेती गरे र पछि अनाज मान्छेको लागि महत्वपूर्ण खाद्य पदार्थ बन्यो।'**

हिमाली उपमहाद्वीपमा पनि ठिक यस्तै भयो। पहिले सिन्धु नदीको माथिल्लो भागमा गएर जुन आर्यहरू बसेका थिए, उनीहरू क्रमशः अरु ठाउँमा फैलिए। नयाँ ठाउँमा गएर बस्नुभन्दा पहिले उनीहरूले त्यहाँका जंगलमा आगो लगाएर जमिन जोते। कुनै ठाउँहरूमा जंगली मान्छेहरू रहेछन् भने तिनीहरूलाई उनीहरूले भगाइदिए । यदि कही विकसित समाजका मान्छे भेटिए भने उनीहरूले तिनीहरूसँग सम्बन्ध कायम गर्ने प्रयत्न गरे। आवश्यक पर्दा लडाईं पनि गरे।

ध्यान दिनुपर्ने कुरा के छ भने त्यसरी मान्छे फैलिने काममा केही ऋषिहरू उनीहरूका मार्गदर्शक बने। ऋग्वेदमा यो कुरा उल्लेख छ, बुध वासुदेव, अगस्त्य, अत्रिजस्ता महर्षिहरूले आश्रम कयम गरेर किसानहरूलाई मद्दत गरे–

'मित्र हो, हलो तयार गर, हलामा गोरु नारेर जोत, हलाले जोतेर बनेको जमिनको खाल्टोमा बीउ रोप। हाम्रा मनःकामनाका साथ खेती पनि राम्रो होस्, हाम्रा हँसियाहरूले पाकेको खेती काटून्।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'साथी हो, पानीका बाल्टीहरू बनाओ, तिनमा छालाका बलिया डोरी बाँध, कहिल्यै नघट्ने पानीले भरिएका कुवाबाट पानी निकाल।'

'ए होसियार मान्छे हो, घोडा र गोरुलाई पेटभरि दाना ख्वाएर पानी खुवाओ। खेतीका डाँठ, घाँस-पराल एकै ठाउँ बोकेर लैजानको लागि जम्मा गर।' (ऋग्वेद,१०-१०१)

ती ऋषिहरूले किसानहरूलाई सल्लाह दिनुका साथै आश्रमवासीहरूलाई शिक्षा पनि दिन्थे। गैरआर्यहरूलाई आफू अनुकूल बनाउनको लागि र यदि त्यस्तो सम्भव भएन भने उनीहरूसँग लडेर हराउनको लागि पनि उनीहरू अथक प्रयत्न गर्दथे।

त्यति बेला केही मान्छेहरू मैदानहरूमा रहेर पशु चराउँथे भने केही जंगल काटेर आगो लगाई त्यहाँ खेती-पाती गर्नुपर्थ्यो। आवश्यकता पर्दा उनीहरूले जंगली मान्छेहरूसँग लड्नु पनि पर्दथ्यो। अतः पशुहरू चराउनु खेती गर्नुभन्दा बढी अप्ठेरो हुन्थ्यो। त्यसै कारण कैकेयी तथा शाराले आफ्ना पतिहरूलाई मोहजालमा फसाएर आफ्ना पुत्रहरूलाई पशु-सम्पत्ति दिलाए होलान्। र सौताका छोराहरूलाई जंगलमा धपाएर उनीहरूबाट खेती-पाती गराए होलान्।

यद्यपि जंगलमा रहेर झाडी-काँडा फाँडेर बाँझा जग्गा जोतेर खेती गर्न मुस्किल थियो तैपनि त्यसरी खेती गर्ने किसानहरू नै उन्नतिको बाटोमा अगाडि वढे। पशुहरूको लागि दानाका साथै उनीहरूलाई अनाज पनि प्राप्त भयो। त्यसैले खेती-पाती गर्दै पशुहरू पनि पाल्न-पोस्न सके। खेती-पाती नगर्ने गोपालकहरूलाई दाना कम हुन्थ्यो। त्यसैले तिनीहरू किसानहरूमाथि निर्भर रहनुपर्दथ्यो। त्यसैले इस्साकलाई फिलिस्तिन (भूमिपुत्र, हालका प्यालेष्टाइनहरू)ले कव्जा गरेर राखेको जमिनमा गएर उनीहरूको अनुमतिमा त्यहाँ गएर खेती-पाती र पशुपालन गऱ्यो। खेती नगर्ने याकोवले आफ्ना पशुहरू एसाव कहाँ खेदेर पुऱ्यायो, जसले खेती-पाती गर्दै र पशुहरू पाल्दै शेवूरमा आफ्नो स्थायी वासस्थान वनाइसकेको थियो। भागवत्‌मा भनिएको छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छो भाइ श्रीकृष्ण गाई चराउन लैजान्थ्यो र ठूलो दाइ बलरामले हलो हातमा लिएर खेत जोत्थ्यो। यी कथाहरू साँचा होऊन् या भुट्टा, परन्तु यो कुरा साँचो हो, पशुपालनका साथै खेती-पाती गर्नाले नै यादवहरूलाई उन्नति गर्न सम्भव भयो। त्यसपछि नै उनीहरूको राज्यस्थापनाको बाटो खुल्यो।

यसरी भन्न सकिन्छ, पशुपालन गर्ने हो भने खेती गर्नुपर्ने आवश्यकता ऋग्वेदकालमा नै महसूस भयो। ऋग्वेदमा भनिएको छ,"ए जुवाडी, जुवा नखेल, खेती-पाती गर, खेती गर्नाले गाई पाइन्छन्, पत्नी पनि पाइन्छे।" यो एउटा जुवाडीलाई तपस्वीको सल्लाह हो। यसले खेतीको महत्व थाहा पाइन्छ।

त्यसैले रामको लागि मात्र होइन, उनलाईझैं जंगलमा पठाइएका कुनै पनि व्यक्तिको लागि त्यति बेला जंगलका खोरिया फाँडेर खेती-पाती गर्नु स्वाभाविक थियो। तर साधारण मानवभन्दा पर अलौकिक व्यक्तिको रूपमा रामको वर्णन हुँदा असली कुरा आँखाले नदेखिने भए।

त्यसैले रामले सीता (हलो) लिएर वनमा गए भन्नुको साटो सीता रामसँग वनमा गइन् भनियो। रामले जंगल फाँडेर बाँझो जमिन जोतेर खेती गरे भन्नुको साटो रामले धान्यलक्ष्मी सृष्टि गरे भनियो। त्यति मात्र नभएर रामले शिलालाई पनि स्त्री बनाए भन्ने कथासमेत चलाइयो।

यसरी परिवर्तित हुँदै गएको रामकथा क्षात्र (वीर) युगको आरम्भमा केही थप बढ्यो। त्यतिखेरै क्षत्रियहरूका वीरता र पराक्रमका वर्णन गर्ने कैयौं कथाहरू अस्तित्वमा आए। त्यस्तो अवस्थामा एउटा वीरगाथाको रूपमा रामकथा परिणत हुनु सहज कुरा हो।

त्यतिखेर कैयौं क्षत्रियहरूले वर्वर मान्छेले भन्दा पनि नराम्रा व्यवहार गर्दथे। पिछडिएका वर्गका मान्छेहरूमाथि हमला गरेर उसको सम्पत्ति लुटेर र उनीहरूका कन्याहरूलाई अपहरण गरेर घमण्ड गर्दै जुँघामा ताउ दिँदै हिंड्थे। चाहे कुनै पनि देशको इतिहास हेरौं, यस्तै हालत देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीर युग (क्षेत्रिय युग) का यूनानीहरूको व्यवस्थाको वारेमा एंगेल्सले जे लेखे, त्यो हामीले पढ्ने हो भने ती वीरहरू कस्ता थिए भन्ने थाहा पाइन्छ।

एंगेल्सले लेखेका छन्–'**सम्पत्ति कम वा बढी हुनाले पनि समाज-निर्माणमा परिवर्तन भयो। वंश-परम्परागत कुलीनता एवं राज्यसत्ताको लागि जग वस्यो, दासता बढ्यो। शुरुमा युद्धबन्दीहरूसम्म मात्र त्यो दासता सीमित थियो। तर क्रमशः अरु मान्छेहरूका साथै आफ्ना कबिलाहरूका मान्छे मात्र हैन, आफ्नै गणका मान्छेलाई पनि दासतामा धकेल्न थालियो। त्योभन्दा पहिले कबिलाहरूका बीचमा पनि संघर्ष हुन्थे। तर जब तिनीहरूद्वारा पशु तथा अरु प्रकारको सम्पत्ति लुट्नको लागि र दासहरू पक्रनको लागि हमला र चढाइ हुन थाले।**'

त्यसै गरी कार्लमार्क्सले लेखेका छन्- '**वीर युगका यूनानी स्त्रीहरूले भन्दा पुराण युगका अप्सराहरूले बढी महत्व पाएका थिए। दासकन्याहरूसँगको प्रतिस्पर्धामा वीरहरूका पत्नीहरूले कैयौं प्रकारका अपमानको शिकार हुनुपऱ्यो।**'

महाभारत पढ्यौं भने या ओल्र्ड टेष्टमेन्ट, त्यस्ता कार्यसँग सम्बन्धित विवरण स्पष्ट हुन्छन्। अतः रक्तसम्बन्ध बताउनुको साथै बाल्मीकिले पितृ-वचनको पालन, भ्रातृवात्सल्य, त्याग, पातिव्रत्य, एकपत्नीव्रत जस्ता आदर्श शिक्षा दिनको लागि कम्मरै कसे। त्यसैको परिपूर्तिको लागि उनीहरूले सुनेको सानो रामकथालाई काव्य वस्तुको रूपमा परिणत गरेर रामायण महाकाव्य रचना गरे।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.
वाल्मीकि रामायण

इक्ष्वाकूणामिदं तेषां रक्षां वंशमहात्मनाम् ।
महदुत्पन्नमाख्यानं रामायणकथामिदम् ॥

'सुनिन्छ, रामायण महाख्यान इक्ष्वाकु-वंशमा उत्पन्न भएको हो ।' यो कुरा स्वयं वाल्मीकिले भनेका हुन्, जसलाई ध्यान दिएर हेर्न लायक छ । यसबाट स्पष्ट हुन्छ उनले आफूले सुनेको कथालाई एउटा रामायण महाकाव्यको रूप दिएका हुन् ।

त्यसबाहेक रामकथालाई संक्षिप्त पारेर महाभारतमा पनि घुसाए । भागवतमा पनि जोडियो । भागवतमा वर्णित इक्ष्वाकु राजवंशलाई हेर्ने हो भने यस्ता अनेकौं काल्पनिक कथा पाइन्छन्, जसलाई विश्वासै गर्न सकिन्न ।

एक पटक मनु च्याँट्ठिदा उनको नाकबाट इक्ष्वाकु फुत्त बाहिर निस्क्यो । त्यसरी उत्पन्न भएको इक्ष्वाकुका सयवटा छोरा जन्मे । तीमध्ये ठूला छोराको नाम थियो, 'निकुक्षि' र दोस्रो छोराको नाम थियो 'निमि ।'

निकुक्षिको वंशमा पन्ध्र पुस्ता बितेपछि 'युवनाश्व' जन्म्यो । उसका सयवटी पत्नी थिए । तैपनि सन्तान जन्मेनन् । अतः ऋषिहरूले युवनाश्वबाट यज्ञ गराए । यज्ञ समाप्त भएपछि पवित्र जललाई अभिमन्त्रित गरेर (मन्त्रले फुकेर) ऋषिहरूले एउटा कलशमा लुकाएर राखे । ताकि युवनाश्वकी जेठी रानीलाई त्यो जल खुवाउन पाइयोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर त्यस दिन आधा रातमा युवनाश्वलाई निकै प्यास लाग्यो र उसले त्यो जल पियो। जसले गर्दा उसको पेट चिरेर मान्धाता जन्म्यो।

मान्धाताको छब्बिसौं पुस्ता बितेपछि 'सुदात' जन्म्यो। उसका पनि सन्तान भएनन्। त्यसैले उसकी पत्नी दमयन्तीले वशिष्टका साथ सम्भोग गरेर गर्भधारण गरी। तर सात वर्ष बित्दा पनि सुत्केरी नहुँदा उसले निकै कष्ट सहेकी थिई। त्यस्तो बेला वशिष्टले एउटा ढुंगाको चुच्चे औजारले उसको पेट चिरेर बच्चा बाहिर निकाले। यसरी जन्म्यो, 'अश्मक।'

अश्मकबाट मूलक जन्म्यो । त्यतिखेर परशुरामले सारा क्षत्रियहरूलाई संहार गर्दै थिए। त्यसैले स्त्रीहरूले अश्मकलाई लुकाएर राखे। यद्यपि परशुरामका हातबाट सारा क्षत्रियहरूको संहार भएको थियो, तैपनि त्यो मूलक जीवित रहेको हुँदा निर्मूल भएको क्षत्रियवंशको मूल बन्यो र उसको मूलक नाम सार्थक भयो। मूलकपछिका आठौं पुस्ता गुज्रेपछि श्रीराम जन्मिए।

इक्ष्वाकुको दोस्रो छोरो निमिले वशिष्टको अनुपस्थितिमा यज्ञ गऱ्यो। त्यसबाट रुष्ट भएर वशिष्टले निमिलाई श्राप दिए भने निमिले वशिष्टलाई प्रतिश्राप दिए। त्यसैको परिणाम-स्वरूप दुवैको मृत्यु भयो। तैपनि वशिष्ठ मित्रा-वरुणको सहयोगमा उर्वशीको गर्भबाट उत्पन्न भएका थिए। भने, देवताले पनि निमिलाई ब्यूँताउने निर्णय गरे तर निमि फेरि जीवित हुन तयार भएनन्।

उसका सन्तान पनि थिएनन्। त्यसैले राज्यमा अव्यवस्था फैलिने डरले मुनिहरूले निमिको शवलाई मर्दन गरे(माडें) जसबाट जनकको जन्म भयो। यिनै जनकका मिथुल र वैदेह पनि नाम हुन्। त्यसैले उनीद्वारा निर्माण गरिएको नगरको नाम मिथिला रह्यो।

मिथल-वंशका बिसौं पुस्तापछि शीरध्वज जन्मिए। जब उनले यज्ञ गर्नको लागि जमिन जोत्दै थिए, त्यतिबेलै हलाको फालीको मुनिबाट सीता निस्किन् यसरी लम्बा-चौडा कथाको कल्पना गरियो। त्यसो भए के सीता शीरध्वजकी छोरी थिइन् ? या जनककी छोरी थिइन् ? कुन्नि के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा ? यी काल्पनिक गाथाहरूका न टाउका छन् न पुच्छर। सबै अभूत-नभएका कल्पना हुन्। सबै असम्भव जन्म हुन्।

भैगो, ती जन्महरूका कुरा जेसुकै होऊन् तर यो कुरा निश्चित रूपले जानकारी हुन्छ, सीता र राम दुवै इक्ष्वाकु वंशमा जन्मेका हुन्। अतः ती दुवै भाइ-वहिनी थिए। कसैको यस्तो बिचार पनि छ र उनीहरूले यस्तो पनि लेखेका छन्, इक्ष्वाकुको जेठो छोरो निकुक्षिको वंशको पचपन्नौं पुस्तापछि रामको जन्म भएको हो भने इक्ष्वाकुको अर्को छोरो निमिको वंशमा बाइसौं पुस्ता गुज्रेपछि सीताको जन्म भएको कुरा गरिएको छ। यसबाट लाग्छ, सीता रामभन्दा जेठी थिइन्।

सीता र रामको वंश-तालिका भागवत्मा लेखिएको छ भने रावण र कुम्भकर्णको जन्मको कथा महाभारतमा यस्तो छः-

ब्रह्माले आफ्नो मनमा कल्पना गर्नासाथ पुलस्त्य जन्म्यो। उसको एउटा छोरा कुबेरको जन्म भयो। उसले आफ्ना बाबुको पर्वाह नगरी आफ्ना बुढा बाबु ब्रह्माप्रति ध्यान लगाएर तपस्या गऱ्यो र उनबाट कैयौं वरदान पायो। कुवेरले आफ्नो कुनै परवाह नगरेको कारण पुलस्त्यले आफ्नो छोरोसँग क्रुद्ध हुँदै आफ्नो शरीरको आधा भागबाट निश्रवसु नामको व्यक्ति जन्माए र उसलाई कुबेरमाथि हमला गर्न पठाए। त्यस विपत्तिबाट बच्नको लागि कुबेरले ऊसँग क्षमा मागेर निश्रवसुलाई नृत्य-गीत-विद्यामा निपुण स्त्रीहरूसँग विवाह गरिदियो।

ती राक्षस स्त्रीहरूद्वारा गरिएको सेवाले प्रसन्न भएर विप्रवर निश्रवसुले उनीहरूलाई गर्भ प्रदान गऱ्यो। जसको फलस्वरूप ती राक्षस स्त्रीहरूमध्ये पुष्पोत्कटाबाट रावण र कुम्भकर्ण, मालिनीबाट विभीषण र वक्राबाट खर तथा शूर्पणखा जन्मिए। यसरी आफूबाट जन्मेका चार छोराहरूको जात-कर्म आदि संस्कार विप्रवर निश्रवसुले गऱ्यो। र पछि तिनीहरूको उपनयन-व्रतबन्ध पनि गऱ्यो। त्यसपछि रावण, कुम्भकर्ण र विभीषण तीनै जनाले तपस्या गरेर ब्रह्मालाई प्रसन्न गराई उनीबाट अनेक वरदान पाए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः उत्तर रामायणमा लेखिएको छ, त्यस्ता ब्राह्मणको हत्या गरेका कारणले रामलाई ब्रह्महत्याको पाप लाग्यो। जसबाट मुक्त हुनको लागि रामले अश्वमेध यज्ञ गरे। तर यो कथा महाभारतको कथामा पाइन्न। यसरी एक-अर्कासँग नमिल्ने भिन्न लाग्ने कैयौं रामकथा पाइन्छन्।

ई. सन् ४१२ मा चिनियाँ भाषामा अनुदित रामायणमा न सीताहरणको कुरा उल्लेख छ न रावणको संहार गरेको। सीतालाई वाल्मीकिको आश्रममा पठाउने र लव र कुश जन्मने कथा पनि त्यसमा लेखिएको छैन।

६.१ बौद्ध कथाहरूमा रामको चर्चा

थेरवादी बौद्धहरूको रामकथा हेर्ने हो भने ती कथामा दशरथ दशवटा रथवाला होइन, दश प्रकारका व्यसनको बानी परेको व्यक्ति छ। त्यसै कारण उसले आफ्नी प्रिय पत्नीसँग डराएर रामलाई वनमा पठायो। रामले पिताको वचन पालना गरे। बाह्र वर्षपछि राम, लक्ष्मण र सीता अयोध्या फर्केर आए। अनि जब भरतले रामलाई राज्य सञ्चालनको लागि प्रार्थना गरे तर रामले त्यो कुरा स्वीकार गरेनन्। अन्तमा कैयौं मान्छेले आग्रह गरेपछि र भरतले थप अनुनय गरेपछि बल्ल राज्याभिषिक्त भए।

अर्को एउटा रामकथा अनुसार 'दशरथ बृद्ध थियो र जवान पत्नी कैकेयीको दास थियो। तैपनि उसलाई रामप्रति अपार माया थियो। त्यसैले उसलाई शंका थियो, कैकेयीबाट रामलाई खतरा पुग्न सक्छ। अतः उसले एक दिन एकजना ज्योतिषीलाई बोलाएर सोध्यो-'भन म कति वर्ष वाँच्छु ?' ज्योतिषीले हिसाब गरेर, कुण्डली लेखेर, ताराबल र चन्द्रबल बिचार गरेर दावीका साथ भन्यो-'बाह्र वर्ष बाँच्नुहुन्छ।'

त्यसपछि दशरथले आफ्नो अधीनतामा रहने जंगली कबिलाहरू कहाँ रामलाई रहने-बस्ने प्रबन्ध गर्‍यो र के भनेर जंगलमा पठायो भने-'हे राम, यहाँ रहँदा तिमीलाई कुनै खतरा हुनसक्छ, अतः बाह्र वर्षको लागि तिमी जंगली मान्छेहरू कहाँ रहेर फिर्ता आऊ। त्यतिखेरसम्ममा म मर्नेछु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र यो राज्य तिमीले पाउनेछौ' तर दशरथ तुरुन्तै मऱ्यो । तैपनि राम फिर्ता आएनन् । भरतले अनुनय-विनय गर्दा पनि आएनन्, बाह्र वर्ष पूरा भएपछि मात्र उनी फिर्ता भए ।'

यस्ता कथा मात्र होइन । थप, प्रारम्भमा रामकथा केवल वनवाससम्म सीमित थियो भन्ने पनि पर्याप्त प्रमाण पाइए । श्री एस्. वी. रामले घोषणा गरेका छन्- 'चार हजार वर्ष पहिले बनेको राम-कथाको विषयमा ऐतिहासिक आधारहरू पाउनु निकै मुस्किलको काम हो । तैपनि राष्ट्रिय हितको लागि यसको समग्र अनुशीलन हुनु आवश्यक छ । पाण्डवहरूसँग सम्बन्धित कथाहरू त एउटै प्रकारका छन् तर रामकथा एकै प्रकारका छैनन् । त्यति मात्र होइन, रामकथा पूर्वी प्रदेशतिर लेखिनुभन्दा पहिले नै पश्चिम एशियामा खास गरी इरानमा रचना गरियो । तैपनि यी सब कथाहरूमा भारतमा रचित रामकथा सबभन्दा महान् छ ।'

त्यसो नभएर यदि रामायण महाकाव्य त्रेतायुगबाटै अर्थात् नौ लाख वर्ष पहिले नै वाल्मीकि महर्षिले लेखेको भए यो कुरा पाणिनि र पतञ्जलिलाई थाहा हुन्थेन ? यदि उनीहरूलाई यो कुरा थाहा थियो भने उनीहरूले रामको नाम किन लिएनन् ? सोभियत संघको सिरदर्या नदी र आमुदर्या नदीहरूका तटमा रहने डान र नीपर नदीहरूका तटमा फैलिएका आर्यहरूलाई अथवा जर्मनीमा रहने आर्यहरूलाई अहिलेसम्म रामायणको नाम पनि थाहा नहुने कारण के हो ?

यो कुरा साँचो हो, जुन रामकथा स्वयं वाल्मीकिले सुने र त्यसैलाई महाकाव्यको रूप दिए । त्यसैले उपर्युक्त प्रश्नहरूको उत्तर पाइएको छैन । चाहे कसैले कति नै घुमाई-फिराई वताओस् । चाहे कति नै नभएका कल्पना जोडोस् । तैपनि 'यो रामायण महाख्यान इक्ष्वाकु राजबंशमा उत्पन्न कथाको रूपमा विख्यात छ' भनेर स्वयं वाल्मीकिले भनेको कुरा कसैले इन्कार गर्न सक्दैन ।

आर्य, दानव, राक्षस आदि गण र जातिहरूका बीचमा जुन झगडा भए, तिनैलाई ध्यानमा राखेर वाल्मीकि महर्षिले राम-रावण-युद्धको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन गरे। रामायणमा वानरहरूको एउटा विशेष स्थान छ। श्रीरामसँग सम्झौता गरेर आफ्ना भाइ बालिलाई जुन सुग्रीवले माऱ्यो, उसैको नेतृत्वमा सारा वानरहरू श्रीरामका सहयोगी बनेर खडा भए। वानरहरूले युद्ध गर्नु, आफ्नो पुच्छरले बेरेर पहाड उँखेलेर शत्रुहरूमाथि फ्याँक्नु, समुद्र नाघ्नुजस्ता कल्पनाहरू विश्वास गर्न लायक लाग्दैनन्। तैपनि वानरहरू रामका सहारा बन्नु र विभीषणले आफ्नो दाजुसँग विद्रोह गरेर स्वार्थ पूरा गर्दै रामको पक्षमा पुग्नुले तत्कालीन परिस्थिति प्रकट गर्दछन्। यसले आर्य र आर्येतर जातिका बीचमा जुन संघर्ष भएका थिए, तिनीहरूमध्ये केही आर्येतरहरूले आफ्नै पक्षको विरुद्धमा विद्रोह गरेर आर्यहरूसँग हात मिलाए।

यदि यस्ता अनेक विभीषणहरू आर्यहरूका पक्षमा नमिलेको भए दानव, राक्षस जातिहरूलाई जितेर सिन्धुसभ्यताको केन्द्र बनेका प्रान्तहरू आफ्नो हातमा पार्न आर्यहरूलाई सम्भव हुन्नथ्यो।

६.२ सिन्धु घाटीको सभ्यता

जब आर्यहरू पशु चराउँदै पञ्चनद (सिन्धु नदीको माथिल्लो भाग) का ठाउँमा पुगेका थिए हडप्पा र मोहनजोदडोमा नगर सभ्यताहरू उच्च अवस्थामा पुगिसकेका थिए। सिन्धु घाटी सभ्यताको नामले प्रसिद्ध सभ्यता त्यही थियो। त्यस पुरातन सभ्यतालाई कुनै विद्वान्ले मिस्री, बेबिलोनी र सुमेरी सभ्यताको समकक्षी भने भनें कसैले त त्योभन्दा पनि उँचो भनेर त्यसको प्रशंसा गरे।

मोहनजोदडो र हडप्पामा कैयौं उत्खनन भए। त्यहाँ किल्लाका चौघेराहरू, दुई तले भवन, पक्की सडक, फोहर पानीका नालीहरू, पानी खाने धाराहरू, काँसाका औजारहरू, हतियार र गरगहना, एक हजार मुद्राहरू, नुहाउने स्नानागार, धनसार रंगी-विरंगी माटाका भाँडाहरू, लगभग चार सय वर्णसंकेत रहेका चित्रलिपिहरू आदि प्राप्त भए। तर अयोध्या र हस्तिनापुरमा उत्खनन गर्दा माटाका भाँडाबाहेक त्यस्ता केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीज पाइएनन् । त्यसले सिन्धु घाटीको सभ्यता आर्यहरूको थिएन भन्ने स्पष्ट भयो। त्यसो भए त्यो सभ्यता कसको थियो ?

सिन्धु घाटीको त्यस उत्खननमा पाषाण युगका औजारहरूका साथै कृषिविकासको लागि आवश्यक उपकरण र खेती स्याहार्ने खलाहरू पनि भेटीए। व्यापार वाणिज्यको लागि आवश्यक साधन पनि त्यहाँ उपलब्ध भए। त्यसैले भन्न सकिन्छ त्यस सभ्यतालाई त्यस अवस्थामा पुग्न पनि हजारौं वर्ष लागेको हुनुपर्छ। तर त्यसलाई कुनै एक जातिको जनताको सभ्यता भन्न सकिँदैन । कैयौं जातिका मान्छेहरूले त्यस सिन्धु घाटी सभ्यताको विकासमा योगदान प्रस्तुत गरेको हुनुपर्छ । पाषाण-युगका स्थानीयहरूदेखि लिएर आर्यहरूसम्मका कैयौं जातिका जनता यहाँ वस्नु र अनेक कारणहरूले त्यो ठाउँ छोडेर अन्यत्रका ठाउँमा जानु आदि घटना घटित भए होलान्।

तैपनि हरान र मकदेवनले घोषणा गरे, त्यो द्रविडहरूकै सभ्यता हो। तर एन्. वी. रायको कथन छ, यस विषयमा अझै अन्तिम निर्णय हुन बाँकी छ।

प्रो. के.श्रीनिवास राघवन्को भनाई छ–'द्रविड' शब्द प्राचीन संस्कृत वाङ्मयमा या तमिल वाङ्मयमा देखिंदैन । ई. सन् पाँचौं शताब्दीसम्म प्राकृत तथा संस्कृत भाषाहरूका साथै तमिल भाषा पनि ब्राह्मी लिपिमा लेखियो।

आचार्य के. लक्ष्मीरञ्जनले आफ्नो वक्तव्यमा भनेका छन्, केही समयसम्म तमिलहरूले वेंगी लिपि (तेलुगु-कन्नड लिपि) प्रयोग गरे। वेंगी लिपि चालुक्य राजाहरूका जमानामा बन्यो । यस्तो अवस्थामा मोहनजोदडो र हडप्पाको उत्खननमा पाइएका चित्रलिपि द्रविडहरूकै थिए भनेर कसरी भन्न सकिन्छ ? यदि चित्रलिपि उनीहरूका थिएनन् भने सिन्धु घाटीको सभ्यता द्रविडहरूको थिएन भन्नु अनिवार्य हुन्छ।

तर यो कुरा सत्य हो, उत्तरतिरबाट दक्षिणतिर जुन जातिहरू निस्कँदै गए, तिनमा कुनै कबिलाका जनता द्रविड नामका थिए। भनिन्छ, दक्षिण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशातिर जाने मान्छेहरूलाई आर्यहरूले 'द्रविड' भनेर सम्बोधन गर्दथे।

आचार्य खण्डवल्लि लक्ष्मीरञ्जनले आफ्नो 'आन्ध्रहरूको इतिहास तथा उनका सस्कृतिहरू' नामक ग्रन्थमा लेखे - तेन + अगु = तेनगु शब्दको व्युत्पत्ति अनुसार दक्षिण दिशामा बस्ने जनता अथवा दक्षिणतिर फर्केर विचरण गर्नेहरू नै 'तेनगु' हुन्। भाषा-विज्ञानीहरूको कथन छ, तेलुगु, कन्नड, तमिल, मलयालम र तुलु भाषाहरू द्रविड परिवारका भाषा हुन्। त्यसै कारण कुनै पनि कारणले होस् उत्तरबाट दक्षिणतिर निस्केर आएका मान्छेहरू नै द्रविड हुन् भन्न सकिन्छ। हो, यति चाहीं भन्न सकिन्छ, जुन मानिसहरूले सिन्धु घाटीको सभ्यता विकसित र विस्तृत गर्न आफ्नो योगदान गरे, तिनीहरूमा द्रविड पनि थिए तर साराका सारा सिन्धु घाटीको सभ्यता द्रविडहरूको थियो भन्न सकिंदैन।

सिन्धु घाटीको सभ्यता केवल हडप्पा र मोहनजोदडोसम्म मात्र सीमित थिएन। त्यसको पूर्व तथा दक्षिणी प्रान्तहरूमा पनि त्यस सभ्यताका रूपहरू देख्न पाइन्छ। उत्तरमा कास्मिर प्रान्तमा पनि देखिएको हो। त्यसैले सिन्धु घाटीको सभ्यतामा असुर, दानव, राक्षस आदि जातिको पनि योगदान छ भन्ने केही अरु शोधकर्ताहरूको बिचार छ।

सुप्रसिद्ध इतिहासकार श्री एस् वी. रायले भनेका छन्-'हडप्पा राज्य दुई निकटतम सांस्कृतिक सम्बन्धसँग मिलेको हुनुपर्छ। उत्तरी भागको दानव संस्कृतिको हडप्पा थियो भने दक्षिणका दानव राज्य केन्द्रको राजधानी मोहनजोदडो रहेको हुनुपर्छ। ती दुवै राज्यका जनताले शिव-पशुपति तथा आदीशक्तिको आराधना गरेका थिए।'

सायद त्यसै कारण वेदकालका आर्यहरूले आफ्ना शत्रुहरूको रूपमा असुर र राक्षस जातिका नाम लिए होलान्। तैपनि तिनै मान्छेहरूसंग उनीहरूले नाता-सम्बन्ध जोडेका थिए। रावण, कुम्भकर्ण, खर, दूषण आदिका साथै अनेक असुरहरूलाई आर्यहरूका जीवनका कथाहरूका साथै, ययाति र शर्मिष्ठाको सम्बन्ध, भीमसेन र हिडिम्बाको सम्बन्ध, प्रभावति र उषा नामक असुर कन्याहरूसँग प्रद्युम्न तथा अनिरुद्धको विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु इत्यादि कथाहरू पनि ध्यान दिन लायक छन्। अतः सिन्धु घाटीको सभ्यताको केन्द्रस्थलमा जातिहरू र पञ्चनद प्रदेशमा रहने आर्यहरूका बीचमा युद्ध र विवाह सम्बन्ध दुवै भए भन्न सकिन्छ।

ध्यान दिन योग्य अर्को कुरा के भने सिन्धु घाटीको सभ्यता केवल कृषिमाथि अबलम्बित भएर विकसित भएको होइन। ती प्रदेशहरूमा रहने मानिसहरूको अरु देशका मान्छेहरूसँग बनेका व्यापारिक सम्बन्धका कारणले उनीहरूको उन्नति भयो।

खुर्सिद हसन शेख, शरूपद अश्फाक नामक दुई जना पाकिस्तानी पुरातत्वविद्हरूले 'यूनेस्को'द्वारा प्रकाशित एउटा ग्रन्थमा लेखेका छन्–'सिन्धु घाटीमा दौडँदै–कुँदै फैलिएको कपासको खेती नै मोहनजोदडो सभ्यताको मूल हो। कपासको धागोबाट बनेका कपडाको ईरान तथा मेसोपोटामियाबाट माग बढेको कारण कपासको खेती वलुचिस्तानबाट सिन्धु घाटीमा फैलियो। त्यसै कारण हडप्पा र मोहनजोदडोका सभ्यताको मिलन भयो।' मेसोपोटामियामा पाइएका व्यापारसम्बन्धी शिलालेखहरूमा मेललुहाबाट सामग्री आयात भयो भनेर लेखिएको छ। त्यो मेल्लुहा सिन्धु घाटीको कपासको व्यापक क्षेत्रबाहेक केही होइन।

यसरी फैलिएको सिन्धु घाटी सभ्यताको सदरमुकाम बनेका प्रान्तहरूलाई यद्यपि आर्यहरूले जिते तैपनि उनीहरूले मोहनजोदडो र हडप्पालाई जितेर नष्ट गरे भन्ने प्रमाण पाइएन। तर कैयौं यस्ता प्रमाण पाइएका छन्, जसबाट सिन्धु नदीको वाढीले खेती–खास गरी कपास खेती–नष्ट गरेको र त्यहाँका कैयौं समूह मोहनजोदडो प्रदेशबाट अन्यत्रै गएको भन्ने निर्णय गर्न मद्दत गर्छ। त्यसैले सिन्धु घाटीको सभ्यताको केन्द्र–प्रदेशबाट दक्षिणतिर गएका आर्येतर जातिहरूलाई आर्यहरूले 'द्रविद' भनेर सम्बोधन गरे र कालक्रममा त्यही 'द्रविद' शब्द 'द्रविड'को रूपमा परिवर्तित भयो होला भन्न सकिन्छ। त्यसैगरी दक्षिणतिर अभिमुख भएर फैलिएका मान्छेहरूलाई 'तेलुगु' नाम दिइयो। यद्यपि सिन्धु घाटी सभ्यता आँखाबाट ओझेल भयो तापनि त्यससँग सम्बन्धित जानकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही हदसम्म वैदिक वाङ्मयमा उपलब्ध छन्।

श्री के. दामोदरन्ले लेखेका छन्–'तिनीहरूको शरीरको रंग कालो थियो, नाक च्याप्टो थियो। आजभन्दा चार हजार वर्ष पहिले नै तिनीहरूका बलिया किल्ला र विशाल नगर थिए। खेतीको लागि उव्जाउ जमिन थिए। धनी व्यापारी थिए, खेती गर्नु, धागो कात्नु, कपडा वुन्नु, माटाका घैंटा, तामाका भाँडा र सुन–चाँदीका गहना बनाउन तिनीहरूले राम्रोसंग जानेका थिए। ती सब कुराको।उल्लेख वैदिक वाङ्मयमा पाइन्छ।

प्रश्न हो, आर्यहरूले त्यस अत्यन्त विकसित जातिमाथि कसरी विजय प्राप्त गरे ?

आर्यहरू धनुर्विद्यामा अत्यन्त निपुण थिए । शिरस्त्राण, कवच, फलामका तरवारजस्ता हतियार उनीहरूसँग थिए । घोडा र रथ पनि उनीहरूसँग थिए ।

जहाँ सिन्धु घाटी सभ्यता विकसित भयो, त्यहाँ रहने आर्येतर जातिका मान्छेहरू कुशल तरिन्दाज (तीर हान्न जान्ने) थिएनन्। फलामबाट बनेका हतियार पनि उनीहरूसँग त्यति धेरै थिएनन् । त्यतिखेरसम्म उनीहरूलाई फलामका खानी खनेर फलाम बाहिर निकाल्न र त्यसलाई पगालेर साँचामा ढाल्न ठिकसँग आउन्नथ्यो । त्यसको साथै कैयौं विद्रोही विभीषणहरूले आफ्नो पक्षबाट निस्केर आर्यहरूसँग हात मिलाएका थिए। सारा वानर जाति आर्यहरूको पक्षमा खडा भयो। एकातिर सिन्धु नदीका अप्ठेरा घाटहरूका समस्या र अर्कोतिर आर्यहरूका हमलाको मुकाविला गर्दा उनीहरू फँसे। उनीहरूका धन–दौलत र विविध सम्पत्तिहरू उनीहरूका आपसी फूटका कारण बने। त्यसैले उनीहरूलाई आर्यहरूका अगाडि झुक्नुपऱ्यो। तैपनि उनीहरूका संस्कृतिहरू अपनाउन आर्यहरूका लागि अनिवार्य भयो।

वैभव–विलास एवं सुख–सुविधा–सम्पन्न रोम साम्राज्य, तीन सय वर्षसम्म भएका जर्मन कबिलाहरूका लगातार विद्रोह तथा हमलाहरूका युद्ध र प्राकृतिक शक्तिहरूको तीव्र प्रकोपको शिकार भएर सिन्धु घाटीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभ्यताका प्रमुख नगर उजाड भए। केवल तिनका खण्डहर वँचेका छन्।

त्यति बेला असुर, दानव, राक्षस आदि जातिहरूको आर्यहरूसँग घमासान युद्ध भइरहन्थे। त्यसै कारण आर्यहरूले उनीहरूलाई विकृत एवं भयंकर आकृतिका रूपमा चित्रण गरे। तैपनि उनीहरूले सत्य लुकाउन सकेनन्। अभेद्य किल्ला र नगरवाला त्रिपुरासुर, रावण एवं बलि–चक्रवर्ती, तत्वज्ञ विरोचन तथा प्रह्लाद इत्यादि असुर, दानव, राक्षस जातिकै त थिए, होइन ? के शुक्राचार्य दानवगुरु थिएनन् ? पुराणहरूमा लेखियो, कश्यप ब्रह्माबाट असुरहरूको जन्म भएपछि मात्र देवताहरू जन्मिएका हुन्।

त्यसो भए स्वर्णलंका अहिले कहाँ छ ? श्री एस्. वी. रायले एउटा लेखमा लेखेका छन्–'सिन्धु नदी र नारारूपको बीचमा मोहनजोदडो एउटा लंकाको रूपमा थियो। यस्ता केही पुराना वस्तु तथा साहित्यसम्बन्धी प्रमाण प्राप्त भएका छन्, जसको आधारमा सिद्ध गर्न सकिन्छ, मोहनजोदडो नगर नै रावणको स्वर्णलंका थियो।

त्यो कुरा बताउने एउटा कथा छ, रेवा नदीको किनारामा जुन युद्ध भयो, त्यहाँ कार्तवीर्यार्जुनले रावणलाई बन्दी बनायो र उसलाई खूब मरम्मत गरेर छोडिदियो। मध्यप्रदेशमा रावणासुरको मन्दिर छ, रावणासुरका मूर्तिहरू तमिलनाडुमा उपलब्ध छन्। डा. सांकलिया, डा. पुसालकर आदिजस्ता प्रमुख विद्वान्हरूका विचारमा बिन्ध्याचलको उत्तरमा रहेको छोटानागपुर क्षेत्रमा अथवा त्यसैको वरिपरि कुनै अर्को ठाउँमा रावणको स्वर्णलंका रहेको हुनुपर्छ।

अतएव भन्न सकिन्छ, रावणको लंका श्रीलंका होइन। हडप्पाको सभ्यता जहाँ व्याप्त थियो, त्यहींकै कुनै स्थानमा त्यो उपस्थित थियो। हामी यसरी सम्झन सक्छौं, दानव, राक्षस आदि जातिमाथि जब आर्यहरूको आधिपत्य जमेको थियो, त्यतिखेरै रामकथाहरूमा युद्धका घटना जोडेर वाल्मीकि महर्षिले रामायण महाकाव्यको रचना गरे।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.

महाभारत

रामायणको कथाभन्दा भिन्न छ, महाभारतको कथा। रामायणको मूल त्याग हो भने महाभारतको मूल हो, स्वार्थ र राज्यको लोभ। रामकथाले रक्तसम्बन्धलाई मान्यो। सञ्जयद्वारा वर्णन गरेको युद्धगाथाले त्यसलाई तिरस्कार गऱ्यो। जब पशुगणको बढोत्तरी भयो र कृषि आरम्भ भयो, त्यतिखेर निस्केको थियो, रामकथा। जब खेतीको विकास र नागर-सभ्यताको आरम्भ भयो, त्यतिखेर प्रकट भएको थियो, महाभारतको कथा। त्यसैले तिनका दृष्टिकोण अलग-अलग छन्।

जति बेला आर्यहरू असुर, राक्षस आदिसँग लड्दै थिए, त्यतिखेर उनीहरूमा निकै एकता थियो। रक्तसम्बन्धको महत्व थियो। एउटा गोत्रका सबै मान्छेहरू आफ्ना सारा गाईहरू एकै ठाउँ चराउँथे। यदि अरु कसैसँग लड्नुपऱ्यो भने पालै पालोसंग गोत्रको मद्दतको लागि अरु सबै गोत्रका मान्छे आएर लड्दथे। एकता केवल त्यहाँ मात्र थिएन, पशुपालन गर्ने अवस्थामा पुगेका अरु देशमा पनि थियो। यूनानमा रक्तसम्बन्धको जुन महत्व थियो, त्यसको वर्णन होमर महाकविले आफ्नो काव्यमा गरे।

होमरको काव्यमा लेखिएको छ, ट्र्जन युद्धमा सेनाहरूलाई कबिलाका हिसावले र गणका हिसावले विभाजन गरे। त्यसो गर्दा कबिलाका र गणका मान्छेहरू आपसमा मिलेर शत्रुहरूसँग युद्ध गर्दछन्। कबिलाको एउटा गण अर्को गणको सहारा बन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यति महत्व राख्ने रक्तसम्बन्धको कालान्तरमा राज्यको लोभले गर्दा तिरस्कार भयो । जब अर्जुनले गुणधर्मको कुरा उठाए, त्यतिखेर कृष्णले क्षत्रियधर्मको शिक्षा दिए। कृष्णले भने, चाहे पिता होस् कि गुरु होस्, कसैको मतलब नराखी जसले तिमीलाई बाधा पार्छ, त्यसलाई तुरुन्तै खतम गर।

कार्ल मार्क्सले भने– **'जसै-जसै जमाना बदलिँदै जान्छ, त्यस बेलामा रक्तसम्बन्ध बरफजस्तै घनीभूत हुन्छ तर जब समाजमा मुख्य परिवर्तन हुन्छन्, त्यतिखेर सुस्त-सुस्त पग्लन्छ।'**

हो, ठिक त्यस्तै भयो । जंगली अवस्थामा यदि मान्छे गण तथा कबिलाका रूपमा मिलेर बच्दैनथे भने उनीहरूको अस्तित्व असंभव हुन्थ्यो। त्यसै कारण रक्तसम्बन्धले त्यति महत्व प्राप्त गऱ्यो। पशुहरू पाल्ने अवस्थामा पनि त्यही स्थिति जारी रह्यो। तर कृषियुगमा आवश्यक वस्तुहरू उत्पादन हुनाले सम्पत्ति बढ्यो। जसको फलस्वरूप समाजमा उल्लेखनीय परिवर्तन भए। रक्तसम्बन्धको प्रधानता घट्यो। परिवर्तन कसरी भयो भन्ने विवरण दिँदै एंगेल्सले लेखेका छन्:–

"जब मान्छेले काँचो फलाम पगालेर ढलोट गर्न सिक्यो, त्यतिखेरबाट असभ्यताको युगभन्दा पछिको अवस्था शुरु भयो। मानवसमाजको विकासक्रममा त्यतिखेरसम्म बितेका अवस्थामा जे-जति उत्पादन भयो, त्योभन्दा असभ्य अवस्थाभन्दा पछिको अवस्थामा गरिएको उत्पादन कैयौं गुना ज्यादा थियो। त्यस युगका युनानी, रामनगरको निर्माण कालभन्दा पहिलेका इटालियन, टानिटनको समयका जर्मन तथा वैकिंगको समयका नर्सिमनजस्ता मान्छेहरू यसै अवस्थाका थिए।

होमरका गीतहरूमा-खास गरी इलियाड महाकाव्यमा-हामी देख्दछौं, असभ्य अवस्थापछिको अवस्था निकै राम्रो अवस्थामा थियो। त्यति बेलासम्म फलामका औजारहरूको अत्यधिक विकास भयो। लोहारको खलाँती, हस्तकला, कुमालका चक्का आदि आविष्कार भए। तेल निकाल्न पनि त्यस जमानाका मान्छेहरूले सिके। फलाम उद्योग कलाको रूपमा विकसित भइरहेका थिए। गाडी र रथ पनि बने। काठका खाट तथा रुखका जरा-लहराबाट जहाज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बने। छिमेकी देशसँग मात्र होइन, समुद्र-पारका देशहरूसँग पनि व्यापार शुरु भयो। घर बनाउने विद्या पनि एउटा कलाको रूपमा परिणत हुँदै थियो। वुर्जा र गुम्बज-मस्तुलहरूको निर्माण हुन लाग्यो। होमरका काव्यजस्ता महाकाव्य तथा पुराण लेखियो।"

यसरी सबै क्षेत्रमा विकास भयो। त्यस विकासका साथै समाजमा वर्ग बने। यूनानको समाजका मान्छेहरू कुलीनहरू (पञ्चायत) का प्रमुख तथा (वीर योद्धा) किसान तथा हस्तकलाकार यी तीन वर्गमा संगठित भए। तिनको वेगारी (दासत्व-सहयोग) गर्नेहरू दास हुन्थे। ध्यान दिनुपर्ने कुरा, ती दासहरूमा केही आर्य जातिका मान्छे पनि थिए।

७.१ वर्णव्यवस्थाको प्रारम्भ

त्यो वर्ण (वर्ग) विभाजन त्यहीं रोकिएन। आर्यहरूबाट हारेका आर्येतर जातिहरूसँग वैदिक कर्मानुष्ठान नगर्ने आर्यहरूलाई पनि शूद्र वर्णमा सामेल गरियो। यी शूद्र वर्णका मान्छेलाई अग्रवर्णका मान्छेलाई जस्तै बाँच्ने र शिक्षा पाउने अधिकार छैन भनियो। शूद्रले यदि तपस्या गर्‍यो भने उसको टाउको काटिदिनुपर्छ भन्ने दण्डका निर्णय गर्ने धर्म-सूत्रहरूको निर्माण गरियो । वेद-पाठ सुनेमा सिसा पगालेर कानमा हालिदिनुपर्छ। वेद-पाठ गर्‍यो भने जिभ्रो काटिदिनुपर्छ। अग्र वर्णको सेवा गर्नुपर्ने कथाहरू लेखियो र भनियो, त्यति गरेपछि शूद्रहरूको मुक्ति भइहाल्छ। यो कस्तो अन्याय हो ? भनेर सोध्नेहरूलाई नाजवाफ गराउन पुरुष-सूक्त रचना गरियो- **ब्राह्मणोऽस्यमुखमासीद्वाहुराजन्यः कृतः। उरुतदस्य यद्वैश्यः पदभ्यां शूद्रोऽजायत ॥ (ऋग्वेद १०।९०।१२)** यस ऋचाका साथै पुरुष-सूक्तलाई ऋग्वेदमा जोडियो। र 'वेद ब्रह्माको मुखबाट निस्क्यो अतः त्यसलाई कसैले तिरस्कार गर्न सक्दैन' भनेर वर्णाश्रम धर्म जनताको टाउकोमा थोपरियो। तैपनि के साँचो कुरा लुक्न सक्छ ?

श्रीमल्लादिसूर्यनारायणशास्त्रीलेआफ्नो'वैदिकवाङ्मयकोइतिहास' मा लेखेका छन्-'ब्राह्मण, क्षत्रिय आदिको वर्णव्यवस्था ऋग्वेदकालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तिम भागमा बन्यो, न कि आरम्भकालमा–भनेर इतिहासकारहरूले जुन कल्पना गरे, त्यो समुचितै लाग्छ।' उनको यो कथन ध्यान दिन लायक छ।

पुरुष–सूक्तका निर्माता वैदिक पुरोहितहरू 'हामी ब्रह्मज्ञानी हौं, बह्माका मुखबाट जन्मेका ब्राह्मण हौं तथा देवताभन्दा पनि उन्नत हौं' भनेर डिंग हाँक्ने गर्थे भने हातमा तरवार लिएर लड्ने क्षत्रिय योद्धाहरू आफ्नो छाती ठोकेर भन्थे, 'हामी क्षत्रिय हौं, हामीले सुर–असुर युद्धमा सुर–देवताहरूको पक्षमा डटेर असुरहरूलाई पराजित गऱ्यौं।' यसरी धाक लगाउँदै उनीहरू सामान्य जनतालाई आफ्ना दास–दासीको रूपमा प्रयोग गर्दथे।

त्यति बेलासम्ममा कृषि तथा गोपालन गर्ने वैश्यहरू सुस्त–सुस्त ती काम छोडेर लाभदायक व्यापारमा लागे। अतः खेती–पाती गर्नु, पशु–पालन गर्नु र त्यसको प्रतिफल उच्च वर्णका व्यक्तिहरूलाई सौंपनु शूद्रहरूको कर्तव्य बन्यो। यदि शूद्रहरूले त्यो कर्तव्य पालन गरेनन् भने क्षत्रियहरू कार्यक्षेत्रमा उत्रेर उनीहरूको छाला काढ्थे।

एकातिर उच्च वर्णका आर्यहरू सामान्य जनतालाई शोषण गर्दथे भने अर्कोतिर केही कबिलाका मान्छेहरू लूट–मार गर्दथे। आन्ध्र, पुण्ड्र, पुलिन्द, शवर र मूतिव दस्युहरू (चोर–लुटेराहरू) मा प्रमुख छन्। त्यस विषयमा ऐतरेय ब्राह्मणमा जे लेखेको छ, त्यो ध्यान दिन लायक छ।

यस्ता परिस्थितिमा केही क्षत्रिय वंशहरू शक्तिसम्पन्न भए। उनीहरूका मुकाविलामा कोही ठहर्न सक्दैनथ्यो। त्यसैले रथ, हात्ती, घोडाका समूहहरूका साथै पैदल सिपाहीका रूपमा शूद्रहरूलाई भर्ती गरेर चढाइ गर्न तयार हुन्थे। र, आर्य र आर्येतरको विभेद नगरी सबैलाई लुट्दथे। सम्पत्ति अपहरण गर्नुका साथै उनीहरूले कन्याहरूलाई पनि अपहरण गर्दथे। त्यति मात्र होइन, अरु प्रकारका वैवाहिक पद्धतिको साटो कन्याहरू अपहरण गरेर गरिने विवाह (राक्षस–विवाह) पद्धतिलाई उत्तम भनेर प्रशंसा गर्दथे। अरु माथि हमला गर्नु क्षत्रिय–धर्मको रूपमा वर्णित हुन्थ्यो। (ती चढाइ र राक्षस–विवाहसम्बन्धी कैयौं कथाहरू महाभारत र भागवत् ग्रन्थमा प्रस्तुत छन्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.२ गणतन्त्रहरूको व्यवस्था र शासकहरूको चुनाव

यसरी मनोमानी ढंगले चल्ने लूटमार तथा हमलाहरूबाट बच्नको लागि आफ्ना साक्खै नातासम्बन्धका मान्छेहरू र मैत्रीभाव राख्ने अरु कबिलाका मान्छेहरू एक साथ जुटे। अतः ती कबिलाहरूको अधीनमा रहेका सारा प्रान्तहरू एउटै सामूहिक सरकार अन्तर्गत एकत्र भए। आफ्नो सुरक्षाको साथै विविध वस्तुहरूका उत्पादन र तिनको साटासाट गर्नुजस्ता सबै काम आफै गर्न उनीहरू समर्थ भए। त्यस मिलजुलसंग सम्बन्धित जानकारी महाभारत तथा भागवत्मा कथाका रूपमा पाइन्छन्।

ती कथाहरूलाई बिस्तृत विवेचन गरेर हेर्दा हामी पाउँछौं, यदु, वृष्णि, भोज, कुकुर, अन्धक तथा केकय वंशका मान्छेहरू मिलेर एकताका साथ बसे। उग्रसेन त्यस समूहको अधिपति थियो। कृष्ण, बलराम, सात्यकि, कृतबर्माजस्ता वीरहरू ती वंशका नेता थिए। जब उग्रसेनको छोरो कंसले सैनिक अधिनायक तथा दुराचारीको रूपमा व्यवहार गऱ्यो, बसुदेवका छोरा बासुदेवले त्यसलाई मारे। तैपनि यादवहरूले राज्यसत्ता आफ्नो हातमा लिएनन्। बासुदेवले फेरि पनि उग्रसेनलाई नै अधिपतिको रूपमा नियुक्त गरे र सबका बीचमा एकता कायम गरे। त्यसपछि उनले कैयौं शत्रुहरूमाथि विजय प्राप्त गरे।

तर कुरु-पाण्डव युद्धमा जो जसको पक्षमा सामेल हुन चाह्यो, ऊ त्यसको दलमा गएर मिसियो। सात्यकिको नेतृत्वमा वृष्णि वीर पाण्डवहरूको पक्षमा लडे भने कृतवर्माको नेतृत्वमा भोजहरू कौरवको पक्षबाट लडे। बासुदेवले पाण्डवहरूको जिम्मेवारी सम्हाले। तर दुर्योधन आदिका प्रेमी बलराम तीर्थयात्रा गर्न गए। केकयहरू आधा यता, आधा उता बाँडिए। महाभारतमा स्पष्ट लेखिएको छ, युद्ध समाप्त भएको केही दिनपछि नै यादव कुलमा मुसल (फूट) उत्पन्न भयो। यदु, वृष्णि, भोज आदि सबैले प्रतिस्पर्धी बनेर एकले अर्काको हत्या गरे।

समाज-विकासको क्रममा कुनै एउटा अवस्थामा गणतन्त्रहरू वन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्ना गणमुखियाहरू चुन्ने जुन घटना भए, त्यसको ठिक थाहा नहुनुका कारणहरू हाम्रा विद्वान्हरूले लेखेका रचना नै हुन् । त्यस अवस्थाको जानकारी दिने कथाहरू या गाथाहरू हामीलाई प्राप्त छैनन् । यदि हामीले पुराणहरू हेर्‍यौं भने ती श्राप र वरदानका अद्‌भूत कल्पनाले भरिएका छन्।

आन्ध्र प्रदेशमा आज पनि खास कुलका सबै व्यक्तिहरू राजा कहलाउँछन्। त्यसैले त्यस जमानामा उपर्युक्त सबै मान्छेहरू राजा नै थिए तर तीमध्ये कोही पनि चन्द्रगुप्त, समुद्रगुप्तजस्तो सर्बतन्त्र-स्वतन्त्र राजा थिएनन्। एकच्छत्र अधिपति भएर उनीहरूले राज्य-शासन पनि गरेनन्। त्यसो भन्नका लागि निम्नलिखित उदाहरण पर्याप्त छन्।

बहुश्री मल्लादि सूर्यनारायणले लेखेका छन्-'ऋग्वेदका 'राजा' शब्दहरूले-केवल दशौं मण्डलको एउटा ऋचालाई छोडेर-अरु सारा मण्डलहरूमा गणतन्त्र-शासक, कुलप्रमुख अथवा प्रभुको अर्थ प्रकट गर्दछन्।'

महाभारतमा यो कुरा स्पष्ट छ-'कुलीन, शौर्यसम्पन्न, धैरै सेनाका अधिनायक यस्ता तीन प्रकारका व्यक्तिहरू राजाको नामले विख्यात हुन योग्य हुन्छन्।' त्यसैले महाभारतकालमा जो क्षत्रिय कुलमा जन्मिए, जुन वीर सेनापति थिए, ती राजा नामले पुकारिए। अब चुनावको कुरा हेरौं।

आफ्नो राजालाई चुनेर त्यस राजाको विजयप्राप्तिको लागि प्रजाले जुन प्रार्थना गरे त्यो अथर्व वेदमा लेखिएको छ। (अथर्व-३-४) त्यसरी चुन्ने चलन त्यतिखेर थियो। त्यसैले 'देवताहरूले नहुषलाई राजा चुने' भनिएको हो।

त्यसैले हामी त्यस जमानामा राजा केवल कुलप्रमुख, गणशासक या सेनानायक मात्र थिए र तिनलाई जनताले चुन्दथे भन्न सक्छौं। त्यसको साथै क्षत्रिय वर्णका मान्छेले आफूलाई राजा भनेर जुँघामा ताउ दिनाले पनि असली कुरो आँखाबाट ओझेलमा पर्‍यो।

चन्द्रगुप्त मौर्यको दरबारमा यूनानी राजदूत मेगस्थनिजले जुन कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्यो, त्यसबाट थाहा लाग्छ, आन्ध्रहरूका एक लाख सिपाही, दुई हजार घोडाको सेना, हजार हात्ती र चारैतिर चार किल्लावाला तीसवटा नगर थिए। तैपनि त्यहाँ राजा को थियो ? भन्ने कुरा थाहा पाइन्न। यदि सर्बाधिकार-सम्पन्न कुनै राजा भएको भए मेगस्थनिजले लेख्ने थिएन ? त्यसबाहेक हामीले केही त्यस्ता ऐतिहासिक प्रमाण पाउँछौ, जसबाट चन्द्रगुप्त मौर्यले कुनै गणतन्त्रलाई जितेको थियो भन्ने थाहा होस् ?

अशोकको शासनकालमा मगधपछि गन्न लायक राज्य आन्ध्रहरूको राज्य थियो भन्ने कुरामा कुनै शंका छैन। तैपनि त्यतिखेर आन्ध्रहरूको राजा को थियो भन्ने थाहा पाउन सकिन्न। अशोकले निकै मुस्किलले कलिंग जितेको थियो भन्ने प्रबल प्रमाण छन् तर त्यतिखेर कलिंगको राजा को थियो भन्ने कहीं देख्न पाइन्न।

त्यसैले त्यतिखेर कैयौं नेताहरू रहेको उच्च पदाधिकारीका समूहको शासनमा कलिंग तथा आन्ध्र राज्य थिए भन्न सकिन्छ। त्यसपछि थोरै समयमा कलिंग तथा आन्ध्रमा श्रीमुख सातवाहन सर्बतन्त्र र स्वतन्त्र शासकको रूपमा सिंहासनमा चढ्ने कुरा थाहा पाइन्छ।

यसरी सम्पूर्ण स्वतन्त्र सत्तावाला शासन शुरु हुनासाथ पञ्चायती शासनपद्धति पूर्ण रूपले नष्ट भयो। राजा पद तथा अरु पद उनीहरूका वंशानुगत अधिकारका रूपमा परिणत भए। यूनान, इटली आदि देशहरूमा राजा पद वंशानुगत अधिकारको रूपमा कसरी परिणत भए भन्ने विषयको विवरण दिंदै एंगेल्सले यसरी लेखे- **'असभ्यता-युगको पछिको अवस्थामा कैयौं कबिलाहरू साना गणतन्त्रहरूका रूपमा बने। भिन्न-भिन्न कबिलाहरूका जमिनहरू एकत्र हुँदा त्यो सारा प्रदेशले एकै जातिको देशको रूपमा मान्यता प्राप्त गर्न सक्यो। त्यसको सुरक्षाको लागि सेनापतिहरूको आवश्यकता महसूस हुन थाल्यो।'**

सेनानायक, त्यसपछि परिषद् र त्यसपछि प्रजासभा-लोकसभा यिनै त्यस समयका गणव्यवस्थाको शासनका अंग थिए। ती पछि क्रमशः सैनिक लोकतन्त्रहरूको रूपमा परिणत भए। सेना तथा युद्धका तयारीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिको जीवनका मुख्य अग बने। सम्पत्तिको संग्रह गर्नु नै जसको जीवनको परम ध्येय हुन्छ, तिनीहरूलाई आफ्नो छिमेकीको सम्पत्ति देख्दा जलन हुन थाल्छ। पुरुषार्थ नभएका असभ्य मान्छेहरू मिहिनेत गरेर कमाउनुभन्दा लुटमार गरेर सम्पन्न वन्नु सुलभ र सम्मानजनक सम्झन्छन्। त्यसै प्रवृत्तिको कारण, त्योभन्दा पहिले आत्मरक्षाको लागि अथवा आफ्नो कबिलाको बढ्दो जनसंख्याको लागि नयाँ ठाउँहरू आवश्यक परेकोले त्यो पाउनको लागि जुन युद्ध भए, ती व्यवसायका रूपमा परिणत भए। केवल लूट-मारको लागि युद्ध भए, किल्लाको रक्षाको लागि नगर बने। किल्लाका चारै तिरका पर्खालका जगको लागि खनेका खाल्टमा गणतान्त्रिक व्यवस्थाका समाधि बने। किल्लाका पर्खालमा जुन वुर्जा बने तिनले सभ्यताका सीमाहरू छोए। आन्तरिक परिस्थिति पनि यस्तै थिए। लूट-मारको लागि गरेका युद्धमा सेनापति तथा उनीहरूका अनुयायी सशक्त बने। तिनको चुनाव गर्ने जनताको अधिकार केवल नाम मात्रको भयो। त्ययसपछि केही सेनापतिहरू राजा बने भने केही सामन्तहरू राजा बन्न सके।'

एंगेल्सले जुन चढाइ र युद्धका तयारीहरूका वारेमा भनेका छन्, ती सब हाम्रो महाभारतमा पनि हामी देख्दछौं। चढाइ गर्नु, कन्याहरू अपहरण गर्नु, उत्तर-गोग्रहण, दक्षिण-गोग्रहणजस्ता कुराहरू त्यसमा उपलब्ध छन्। खाण्डव वन जलाएर, नागहरूलाई भगाएका घटना पनि त्यहाँ वर्णित छन्। राजसूय यज्ञको नाममा हमला गरेर कतिपय जातिहरूसँग कर असुल गर्ने कुरा पनि त्यहाँ देखिन्छ। निवात, कवच, कालकेयादि दानव जातिको सर्बनाश गरिएका कुरा उल्लेख त्यसमा पाइन्छन्। धर्मसंस्थापनाको नाममा कैयौं अधर्मका काम भए। भागवत आदि पुराणहरू पढ्दा यिनको कुनै सीमा देखिंदैन। असम्भव कल्पनाहरू र तिनलाई श्राप र वरदानहरूका बीचमा सुन्दर रूपमा जडेको कारणले ती ठीकसँग चिन्न समेत सकिन्न। तर यस कुरामा शंका छैन कि असभ्य अवस्थापछिको अवस्थामा यूनान, इटली आदि देशहरूमा जुन घटना भए ती हाम्रो देशमा पनि घटित भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.३ असम्भव कल्पना

महाभारत ग्रन्थमा महाभारत युद्ध द्वापर युगमा भयो, अठार अक्षौहिणी सेना त्यहाँ धराशायी भए । अन्तमा पाँच पाण्डवका अतिरिक्त वासुदेव, सात्यकि र कृतवर्मा, अश्वत्थामा, कृपाचार्य र युयुत्सु जीवित रहे भनेर लेखिएको छ।

यदि महाभारत युद्ध द्वापर युगको अन्तमा भएको हो भने त्यसको समाचार सूत्रकार अश्वलायन र शांखायनभन्दा पहिले कसैलाई थहा नहुने कारण के हो ? यो प्रश्नको उत्तर पाइँदैन । ब्राह्मण ग्रन्थहरूमा कुरुक्षेत्रको यज्ञ–याग आदि कर्मभूमिको रूपमा वर्णन गरिएको छ। न कि महाभारतजस्तै युद्ध क्षेत्रको रूपमा । कौरवहरूको नाम, पांडवहरूको नाम अथवा द्रोण, कर्ण, धृष्टद्युम्न आदि वीरहरूको नाम ब्राह्मण ग्रन्थहरूमा उपलब्ध छैन । तिनमा कौरवहरूको नाम र पांडवहरूको नामको कुनै उल्लेख छैन । कुनै एउटा ब्राह्मण ग्रन्थमा अर्जुनको नाम पाइन्छ तर उसलाई इन्द्रको प्रच्छन्न नाम भनिएको छ । धृतराष्ट्रको नाम यजुर्वेदमा छ। एउटा यज्ञ गर्ने प्रक्रियाको वर्णनको सिलसिलामा त्यो नाम देखिएको छ । बौद्धहरूका जातक कथाहरूमा विदुर, धनंञ्जय, युधिष्ठिर तथा धृतराष्ट्रको नाम पाइन्छ तर त्यहाँ महाभारतको कतै कुरा गरिएको छैन।

युधिष्ठिर, भीम र विदुरको नाम पाणिनीय ग्रन्थमा छ तर त्यहाँ पनि कुरुक्षेत्रको कुरा छैन। सबैभन्दा पहिले कुरुक्षेत्रको युद्धको उल्लेख केवल शांखायनको श्रौतसूत्रमा पाइन्छ। त्यस उपरान्त महाभारतको कथाका ई.पू. दोस्रो शताब्दीमा पतंञ्जलिले विवरण दिए । त्यो समयदेखि त्यो कथा शाखा–प्रशाखामा फैलिएर महाभारत ग्रन्थका रूपमा परिणत भयो।

जे होस्, हामी देख्दछौं, यति विशेष रूपले वर्णन गरिएको महाभारत युद्धसँग सम्बन्धित कुनै विश्वसनीय प्रमाण हाम्रा वास्तु–शास्त्रज्ञहरूले पाएका छन् ? नकारात्मक उत्तर मात्र पाइन्छ। अर्कियोलजिकल सर्वे अफ् इण्डियावालाहरूले हस्तिनापुर, मथुरा र कुरुक्षेत्रमा जुन उत्खनन गरे, त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन हजार वर्ष पहिले कुनै नगर–सभ्यता थियो भन्ने कुनै स्पष्ट प्रमाण पाएनन्। पाञ्चाल प्रदेशमा केही ताम्रपत्र र हस्तिनापुरमा केही खैरो रगका मायका घैंय पाएको थाहा पाइन्छ। त्यसै कारण श्री जगत्पति जोशीले भने–ई पू. नौ सय वर्ष अगाडिको आसपासमा कुरुक्षेत्रको युद्ध भएको थियो। डा सांकलियाले पनि त्यसै प्रकारको मत पकट गरेका छन्। डा. सरकारले भने–कुरुक्षेत्रको युद्ध केवल नभएको कल्पना हो। त्यसो भनेर के वेद–पण्डित चूप हुन्छन् त ?

केही वेद–पण्डितको दावीका साथ भनाइ छ–'वेदव्यासले जे भने, त्यो नभएको कल्पना कसरी हुन सक्छ ? भूमिको भार घटाउन अबतरित सुरहरू र असुरहरूका बीचमा भएको युद्ध थियो त्यो। उनीहरू बन्दूक र तोपले हैन, दिव्य अस्त्र–शस्त्रहरू लिएर उनीहरू लडेका हुन्। त्यसैले सबै कुरा भस्मीभूत भयो। अब आजका मान्छे गएर त्यहाँ खोज्दा के भेटियोस् ?'

यस्ता अवतार र दिव्य अस्त्रहरूको सहारा लिएर गरिने तर्कहरू कति हास्यास्पद छन् भन्ने बताउन कुनै खास आवश्यक छैन। उत्तर–गोग्रहणको अबसरमा जुन अर्जुनले क्षणभरमा सारा कौरव वीरहरूलाई तीन छक पारे, तिनैलाई कुरुक्षेत्रको युद्धमा कौरव वीरहरूलाई हटाउन अधर्म–पद्धति अबलम्बन गर्दा पनि अठार दिनको समय किन आवश्यक पऱ्यो ? यो कुरा बुझ्न सकिन्न।

यसरी जुन कथाहरू परस्पर विरोधमा लेखिएका छन्, ती सबै वेदव्यासको टाउकोमा हालियो। र, वेदव्यास को थिए भन्ने पनि निश्चित रूपले भन्न सक्दैनन्। तैपनि वैदिक पण्डित चूप लाग्दैनन्।

वास्तवमा त्यो युद्ध राज्यभागको लागि भएको थियो भन्ने कुरा महाभारतमा स्पष्ट उल्लेख छ। त्यो पनि केवल पाँच गाउँको लागि। सञ्जयले धर्मराजसँग भनेको यो कुरा ध्यान दिन लायक छ–'यदि आधा भाग दिन दुर्योधनलाई मन छैन भने हामी पाँचै पाण्डवहरूलाई बस्नको लागि पाँच ठाउँ दिए पुग्छ।' एकातिर जुन महाभारतमा दुर्योधनको राजाको अधिकार भनेर वर्णन गरिएको छ भने त्यसैमा गोग्रहण हुने कुरा पनि उठाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धातुक मृगहरूको शिकार हुनबाट गाईहरूलाई बचाउने बहानामा दुर्योधनले घोष-गोठको यात्रा गरेको छ। दक्षिण गोग्रहण तथा उत्तर गोग्रहणका कथा त्यसैसँग सम्बन्धित हुन् । अनि गोकुलबासीहरूको बारेमा के भन्ने ? तिनीहरूको सारा सम्पत्ति आन्ध्रका अंराजुका गोगण सम्पत्तिजस्तै त थियो नि ! त्यसबाहेक शास्त्रज्ञहरूको कथन छ, आजभन्दा तीन हजार वर्ष पहिले पाञ्चाल (पञ्जाब) प्रदेशमा कृषिको विकासै भएको थिएन।

श्रीजगत्पति जोशीले आफ्ना बिचार यसरी प्रकट गरेका छन्- 'आजभन्दा पाँच हजार वर्ष पहिले कुरु र पाञ्चाल प्रदेश घना जंगलले भरिएका थिए। ई. पू. नौ सय वर्ष पहिले पशुहरू चराउँदै एउटा प्रदेशबाट अर्को प्रदेशमा जाने यायावर कबिलाहरूले थोर-बहुत खेती-पातीको काम पनि त्यहाँ शुरु गरेका थिए। त्यसका प्रमाण (कार्वन १४ को निर्णयानुसार) हामीले पाएका छौं।'

त्यसैले द्वापर युगमा अठार अक्षौहिणी सेनाहरू कुरुक्षेत्र संग्राममा भिडेर पाशुपत, नारायण र ब्रह्मास्त्र नामक अस्त्रहरूले युद्ध गर्ने वर्णन गर्दै जुन रचनाहरू लेखिए, ती सब कविका कल्पना हुन्, वास्तविक होइनन् भन्न सकिन्छ।

त्यसो भए हामीले कुरु-पाण्डव युद्ध असभ्य युगको मध्यमा, पशुपालन युगको अवस्थामा भएको थियो भनेर सोचौं ? तर त्यो पनि ठिक लाग्दैन । किनभने चाहे कुनै प्रदेशमा होस्, कृषिको विकास जुन अवस्थामा भयो, केवल त्यसै अवस्थामा नगर-निर्माण शुरु भयो । अतः हामी नगर-निर्माण हुनुभन्दा पहिले कुरु-पाण्डव युद्ध भयो भनेर कसरी भन्न सक्छौं ?

पुरावस्तुशास्त्रहरूका अनुसार, ई. पू. नौ सय वर्ष पहिलेको समयमा कुरु तथा पाञ्चाल प्रदेशमा कृषिको शुरुआत भयो। त्यसैले त्यहाँ त्यसको सय या दुई सय वर्षपछि जब कृषिको विकास भयो, हस्तिनापुर र इन्द्रप्रस्थमा नगर शुरु भए होलान्। यसरी शहरी सभ्यता आरम्भ भएपछि मात्र कौरव-पाण्डव-युद्धजस्ता युद्ध हुन अनुकूल परिस्थिति वन्दछन् । तैपनि यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौरव-पाण्डव-युद्ध साँच्चै भएकै हो भने असभ्यताको युगको पछिको अवस्थामा मात्र भयो।

असभ्यताको युगभन्दा पछिको अवस्थामा कृषिको विकास भयो। स्थायी निवासस्थान बने। जस्तो एंगेल्सले भनेका छन्-**'विविध वस्तुहरूको उत्पादन तथा अरु देशसँग व्यापार आरम्भ भयो। आफ्नो धन-दौलतको सुरक्षाको लागि चारैतिर पर्खाल निर्माण भए। ती चारैतिरका पर्खालका घेराभित्र नगरको विकास भयो। शस्त्रास्त्र प्रयोगको लागि सुशिक्षित वीर योद्धाहरूको आवश्यकता पऱ्यो। युद्धव्यूहहरूका रचना भए। व्यूह अनुसार विविध सेनाहरूको सञ्चालनको लागि सेनापतिहरूको चुनाव गरियो। जनताको रक्षा गर्ने क्षमता राख्ने प्रमुखहरूलाई राजाको रूपमा नियुक्त गरियो। कालक्रममा त्यो राजा-पद वंशपरम्परागत अधिकारको रूपमा परिणत भयो।'**

यसरी बदलिंदो अवस्थामा रक्तसम्बन्ध मान्नेहरूको गणधर्म उपेक्षित भयो। क्षात्र धर्मको नाममा नातापातामाथि पनि तरबार चलाइयो। स्वार्थ नै सबैभन्दा समर्थ बन्यो। त्यतिखेरसम्म घनिष्ठ बनेको रक्तसम्बन्ध पग्ल्यो। त्यसै कारण नातापाताहरूका बीचमै युद्ध भए। त्यही परिस्थिति महाभारतले हामीलाई ऐनामा देखाइरहेको छ। यही हाम्रो लागि आवश्यक तथ्य हो।

महाभारतको कथा त्यस अवस्थासँग सम्बन्धित छ। त्यसैले उसले यो सन्देश उद्घोषित गरेको छ-**'राज्यं वीरभोज्यम्।'** चाहे जति नै ज्वारभाटा आउन्, कौरव र पाण्डवहरूले राज्यको लोभ छोडेनन्। कुरुक्षेत्रको युद्धमा दुवैतिरका योद्धाहरू अधर्म युद्धको लागि तत्पर भए। भाइ-भाइ, बाबु-छोरा, गुरु-शिष्य एक-अर्कासँग भिडे। एकले अर्कोलाई मारे र मरे। यही विवरण त्यस ग्रन्थमा पाइन्छ।

त्यस अवस्थामा राज्य-लोभमा युद्धको लागि तयार हुनुका साथै उब्जाउ खेतको लागि, गाईहरूका लागि र आखिरमा कन्याहरूका लागि पनि हमला गरिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहे कुनै देशको इतिहास हेरौं, असभ्य युगको पछिको अवस्थामा यही परिस्थिति थियो। यदि हामीले ओल्ड टेष्टमेण्ट पढ्यौं भने राजा–पद वंशपरम्परागत अधिकारका रूपमा परिणत हुने बाटो निकाल्ने परिस्थितिहरू हाम्रा आँखा अगाडि स्पष्ट हुन्छन्।

७.४ इज्राइलको युद्ध

यहोवाको मन्दिरमा याजक (पूजारी) को रूपमा रहने 'एली' सज्जन नै थिए तर उसका छोरा दुर्जन थिए। नैवेद्य चुपचाप आफ्नो मुखमा हालेर निल्दथे। र मन्दिरमा चढाएको भेटी पनि आफ्नो गोजीमा हाल्दथे। यदि मौका पाए भने व्यभिचार पनि गर्थे। अतः जनताले उनीहरूलाई हटाएर समुथेललाई याजक (प्रिस्ट) को रूपमा नियुक्त गरे। समुथेल सज्जन थियो बुद्धिमान् र न्यायमूर्ति पनि थियो। तैपनि उसका छोराहरू घुस्याहा थिए। त्यसै कारण धार्मिक पदाधिकारीहरूको सम्मान र प्रभावमा चोट पुगेको थियो।

त्यसै बेला फिलिस्तिनीहरूसँग जुन युद्ध भयो, त्यस युद्धमा इज्राइलका योद्धाहरूले आफ्ना कदम पछाडि हटाए। हामी कतै हार्न नपुगौं भन्ने डरले गर्दा त्यसो गरेका थिए। त्यति बेला हार्नुको अर्थ सर्वनाश नै हुन्थ्यो। विजयी पक्षका मान्छेहरूले हार्ने पक्षका मान्छेहरूका कन्याहरूलाई अपहरण गर्दथे र बाँकी सबैलाई अनेक नरकहरूको यातनाका शिकार बनाउँथे। त्यति मात्र नभएर दासहरूको रूपमा पक्रेर लैजान्थे र निःशुल्क कज्याउँथे। जति सकिन्छ त्यति लुटिसकेपछि गाउँमा आगो लगाउँथे। त्यसका साथै डाँकाहरूका गिरोहका झन्झट तथा भाडाका सिपाहीका घातक अत्याचारका कारण कैयौं कबिलाहरू वर्वाद भए।

अत इज्राइली जनताले निश्चय गरे, जसले हामीलाई युद्धमा विजयी बनाउन सक्छ र जसले पक्षपातरहित भएर न्यायको दृष्टिले हाम्रो शासन चलाउन सक्छ, त्यसैलाई हामीले राजा नियुक्त गर्दछौं। त्यसको लागि समूयेल राजी भएन। उसले जनतालाई सचेत गरायो, चाहे कुनै व्यक्तिलाई हामी राजा नियुक्त गरौं, जनतासँग उसले जे मागे पनि दिनुपर्छ, उसले जे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छ त्यो कुरा मान्नुपर्छ। तैपनि उसको चेतावनीलाई जनताले स्वीकार गरेनन्। त्यसैले समूयेलले जनताको दबाबमा हार मानेर सौलको राजाको राज्याभिषेक स्वीकार गर्नुपऱ्यो।

त्यसपछि फलिस्तिनहरूसँग जुन युद्ध भयो, त्यसमा इस्राइलका जनताको जीत भयो। सौलको कीर्ति र प्रतिष्ठा बढ्यो। तर याजक सामूयेलको आदर र प्रेम सौलले गुमायो। त्यसका दुईवटा कारण छन्।

राजाले एक दिन यहोवाको लागि बलिदान समर्पित गर्न तयार भएर समूयेललाई निम्ता गऱ्यो। तर ठिक समयमा नआएर समूयेलले दुई दिन विलम्ब गऱ्यो। लाचार भएर सौलले बलिदान समर्पण गर्ने विधि स्वयं सञ्चालन गऱ्यो। पछि आएको समूयेल त्यो थाहा पाएर आगो भयो। (भागवत्मा पनि आफूलाई नपर्खी यज्ञ गरेको हुँदा राजा निमिलाई वशिष्ठले श्राप दिएको कथा छ। ती श्राप र क्रोधहरू राजा र पुरोहितहरूका बीचमा अधिकारको लागि जुन संघर्ष भए, तिनैसँग सम्बन्धित छन्)

एक पटक समूयेलले सौलसँग भेट गरेर माग गऱ्यो, सबै मुक्त दासहरूका शिशु, बालक र वृद्धहरूसमेतलाई मार र तिनीहरूको सबै सम्पत्ति नष्ट गरेर उनीहरूका शहर र गाउँमा आगो लगाऊ। उसले सौललाई भन्यो, यो माग मेरो होइन, यहोवाले आफै यो आदेश दिएका हुन्। तुरुन्तै सौलले आफ्ना सेना पठाएर सारा मुक्तदासहरूको आम हत्या गरायो। उसले तिनीहरूका घरबार जलायो तथा खेतीपाती बर्बाद गरेर पशुहरूको बध गरायो। तर उसले तिनीहरूको राजालाई नमारिकन बन्दीको रूपमा पक्रेर ल्यायो। त्यस बाहेक भगवान् यहोवालाई बलि दिनको लागि केही गाई र बाच्छाहरू तथा मोटाघाटा भेंडाहरू पनि उसले आफ्नो साथमा ल्यायो। त्यस कुराले सामूयेल रिसले आगो भयो। उसले सौललाई भर्त्सना गर्दै यहोवाको आज्ञा ज्यूँका त्यूँ पालना नगरेर तिमी यहोवाको रिसका शिकार बन्यौ। बन्दीको रूपमा ल्याएका राजाको टाउको उसले आफै काटिदियो। त्यतिमै नरोकिएर उसले यूदाका वंशज दावीदलाई गुप्त रूपले राज्याभिषिक्त गऱ्यो। त्यसै कारण इस्राइलमा नातापातामै युद्ध शुरु भयो। जस्तो यहाँ कौरवहरूका विरुद्ध पाण्डव खडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका थिए, त्यस्तै त्यहाँ इस्राइलीहरूका विरुद्ध युदाका वंशजहरूले तरबार उठाएका थिए।

दुवै पक्षबीच केही युद्ध भए, अन्तमा दावीदको जीत भयो। त्यतिले उसलाई सन्तोष भएन। अब्राहमका भाइका वंशज मोयाविहरूलाई तितरवितर पारेर र अम्मोनिहरूलाई आम–हत्याको शिकार बनाई उनीहरूको सबै जमिन कब्जा गऱ्यो।

जसै–जसै दावीदको राज्य बढ्दै गयो, उसका पत्नीहरूको संख्या पनि बढ्दै गयो। आफ्नो दाहिने हातजस्तै भएर जुन वीर योद्धा 'उरिया'ले साथ दिएको थियो, उसैको हत्या गराउन दावीदले षड्यन्त्र रच्यो। 'उरिया' मारिनासाथ उसकी अत्यन्त सुन्दरी पत्नी 'वत्षेव'लाई बोलाएर उसले आफ्नी पत्नी बनायो। त्यसै स्त्रीबाट जन्मेको छोरो नै थियो 'सोलोमन।'

त्यतिखेरै राज्यको लोभले अर्को मोड लियो। 'दावीद'को छोरो 'अव्षालोम'ले इस्राइलका योद्धाहरूलाई संगठित गरेर आफ्ना बाबुको विरुद्धमा विद्रोह गऱ्यो। त्योभन्दा पहिले गोप्य रूपमा षड्यन्त्र गरेर आफ्नो ठुल्दाइको हत्या गरायो। 'अव्षालोम'सँग भयभीत भएर दावीद आफ्नो ज्यान बचाउनको लागि जंगलतिर भाग्यो।

जंगलमा गई लुकेर दावीदले त्यहाँ सेना संगठित गऱ्यो र आफ्नो छोरामाथि हमला गऱ्यो। त्यस युद्धमा अव्षालोमको मृत्यु भयो। अव्षालोमपछि राज्यको उत्तराधिकारी वन्न योग्य व्यक्ति थियो, 'अदोनिया', तर राज्य उसले पाएन। दावीदको आदेशानुसार सोलोमन राजा बन्यो। त्यसको थोरै समयपछि सोलोमनले अदोनियालाई मरायो। त्यसबाट हामी थाहा पाउँछौं, राजा–पद कसरी वंशानुगत अधिकार बन्छ। पहिले जनताले चुनेको सौललको राज–सत्ता दावीदको हातमा पुगेर आखिरमा वंशानुगत अधिकारको रूपमा बदलियो।

त्यसै कारण महाभारत युद्ध र इस्राइली युद्धमा केही समानताहरूको आभास पाइन्छ। यहाँ जसरी नातापाताको बीचमै युद्ध भयो, त्यहाँ पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। धर्मराजले केही समयसम्म धृतराष्ट्रको माया-दया पाए, त्यसै गरी दावीदले पनि सौलको आदर-सम्मान पायो। भनिन्छ दुर्योधन गन्दर्भहरूको हातको बन्दी भयो, त्यतिखेर धर्मराजले उसलाई छोडाए। सौल जब गुफामा दावीदको हातमा पऱ्यो, त्यतिखेर उसले सौललाई मुक्त गरिदियो। उत्तर-गोग्रहणको युद्धमा जब कौरव योद्धा वेहोस भएका थिए त्यतिखेर अर्जुनले उनीहरूलाई नमारी उनीहरूका पगरी मात्र लिएर गएको थियो। जब सौल आफ्ना सेनानीहरूका साथमा गहिरो निद्रामा सुतेको थियो त्यतिखेर दावीदले उनीहरूलाई नमारी केवल उनीहरूका भाला र पानी भर्ने छालाका थैला उठाएर लगेको थियो। जसरी पाण्डवहरूले केही समय गुप्तवासको लागि राजा विराट कहाँ शरण लिएका थिए, त्यसै गरी दावीदले आफ्ना भाइहरूसँगै 'गातु' राजा कहाँ शरण लियो। अन्तमा यहाँ वनवास गरेर फर्केका धर्मराजलाई राज्य प्राप्त भएको थियो भने त्यहाँ जंगलमा बसेर फिर्ता आएको दावीदलाई राज्याधिकार प्राप्त भयो।

त्यहाँ राज्यसत्ता पाउनको लागि इज्रायल र यूदाका योद्धाहरूले घोर अत्याचार गरेका थिए भने त्यसै गरी यहाँ कौरव र पाण्डवका वीरहरूले गरे। भीष्म, द्रोण, दुर्योधन आदिलाई अधार्मिक तरिकाले हत्या गर्न श्रीकृष्णले पाण्डवहरूलाई मद्दत गरे। आधा रातको समयमा सुतेको बेला पाण्डव-पक्षका वीरहरूका टाउका निष्ठुरतापूर्वक काट्न कृपाचार्य र कृतबर्माले अश्वत्थामालाई सहयोग गरे।

यो हो, त्यो जमानाको धर्म। त्यतिखेर "जसको लाठी, उसैको भैंसी" थियो। जो शक्तिसम्पन्न थियो, राज्य त्यसैको थियो। कुनै न कुनै तरिकाले शत्रुलाई मार्नुपर्दछ भन्ने त्यतिखेरको राजनीति थियो। त्यसैले यहाँ काकाका छोरा भाइहरू कौरव तथा पाण्डवहरूले एकले अर्काको गला रेटे भने त्यहाँ यूदा वंशका भाइ-भाइ र बाबु-छोराले एक-अर्काको हत्या गरे। त्यस सिलसिलामा त्यसरी मार्नु धर्म हो कि अधर्म ? भनेर प्रश्न गर्ने अबसरै थिएन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.५ सञ्जयको युद्ध-गाथा

भनिन्छ, जुन कुरुक्षेत्रको युद्ध अठार दिन भएको चित्रण गरिएको छ, त्यसको सारा व्यहोरा सञ्जयले धृतराष्ट्रलाई सुनाए। त्यसैले महाभारतको युद्ध-गाथा सञ्जयको नामबाट निस्क्यो। त्यसमा कतिपय अतिशयोक्तिहरू तथा नभएका कल्पनाहरू पाइन्छन् तापनि ध्यान दिएर त्यसको अनुशीलन गर्ने हो भने थाहा पाइन्छ, श्रीकृष्णको मार्गदर्शन पाएर उत्साहित भई पाण्डवहरूले अधर्म युद्ध गरे। तर युद्ध समाप्त भएको दिनको आधा रातमा अश्वत्थामाले पाण्डव-शिविरमा हमला गरेर जुन दारुण काण्डको रचना गरे, त्यसको लागि दुर्योधनका तर्फबाट कुनै प्रोत्साहन दिइएको कुरा थाहा पाइन्न। त्यसैले सञ्जयको युद्ध-गाथालाई बदल्ने चेष्टा भयो। तर सञ्जयजस्तो सूतले जुन गाथा सुनायो र अरु केही सूतहरूले जसलाई कण्ठस्थ गरेर जनताका बीचमा पुऱ्याए, त्यसलाई बदल्नु सजिलो काम थिएन।

महाभारतमा यस प्रकारको विवरण दिइएको छ–सञ्जय सूत थियो र ऊ धृतराष्ट्रको रथको सारथी थियो। कौरवको तर्फबाट ऊ पाण्डवहरू कहाँ दूत बनेर गएको थियो। धृतराष्ट्रका अन्तरंग परामर्श–दाताहरूमा बिदुरपछि उसैको स्थान थियो। कौरव र पाण्डवहरूका बीचमा जुन युद्ध भयो, त्यसको सारा बयान उसले धृतराष्ट्रलाई सुनाएको थियो। जब गान्धारी तथा धृतराष्ट्र वनमा गए, त्यतिखेर पनि ऊ सँगै रहेर उनीहरूको सेवा गर्दै रह्यो।

कर्णको पालन–पोषण जसले गऱ्यो, त्यो पनि सूत थियो। विराट राजाका साला कीचक पनि सूत थिए। शौनक आदि महर्षिहरूलाई जसले महाभारत सुनायो, त्यो उग्रश्रवा पनि सूत थियो।

अमरकोशमा लेखिएको छ, ब्राह्मण स्त्री र क्षत्रिय पुरुषबाट जन्मेकोलाई सूत भनिन्छ। त्यसैले दुवै वर्णको शक्ति र सामर्थ्य उनीहरूलाई जन्मजात नै प्राप्त भयो। त्यसै कारण महाभारतमा सूतहरू अत्यन्त प्रमुख व्यक्तिहरूका रूपमा देखिन्छन्। अतः उनीहरू राजाहरूका सल्लाहकार या सारथीका रूपमा रहने ब्राह्मणहरूलाई हटाएर उनीहरूका ठाउँमा पुग्न सके।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कीचकजस्ता मान्छे अस्त्र–शस्त्र चलाउन कुशल बने भने सञ्जयजस्ता मान्छेहरू वीर–गाथा सुनाउने र राजाहरूलाई सल्लाह दिनमा चतुर बने।

त्यतिबेला जब लिपिको अभाव थियो, वीरगाथाहरू कण्ठस्थ गरेर सुनाउन निपुण भएको कारण सूतहरूले सञ्जयद्वारा भनिएको महाभारतको युद्धकथा कण्ठस्थ गरे। उनीहरूले त्यो आफ्ना शिष्यहरूलाई सिकाए र जनतालाई सुनाए । त्यसैले मूल कथालाई कसैले बदल्न सकेन। तर कालान्तरमा भीष्म आदिको जन्म, लाक्षागृहको दहन, द्यूतक्रीडा, पाण्डवहरूको वनवास, कृष्णको दौत्यजस्ता भागहरू उग्रश्रवा र वैशंपायनले लेखेर सञ्जयको युद्ध–गाथामा जोडिदिए। उनीहरूले त्यसो गरेर शुरुबाटै पाण्डवहरूले कौरवहरूबाट जुन यातनाहरू भोगे, त्यसैले दुर्योधनहरूलाई अधार्मिक तरिकाले मार्नु पनि कुनै अपराध होइन भन्ने लोकमत सिर्जना गर्न प्रयत्न गरे। सञ्जयको युद्ध–गाथामा आफूले लेखेका कथाहरू जोडेर उनीहरूले त्यसलाई 'जय' नाम दिए। 'जय' कसको ? पहिलेबाटै जुन पाण्डवहरूले अनेक कष्ट सहे अन्तमा उनकैजय भयो भन्ने अर्थ उनीहरूले त्यसमा सूचित गर्ने चेष्टा गरे।

७.६ उग्रश्रवाद्वारा भनिएको महाभारत

'जय' नामको महाभारत–गाथा जसले शौनकादि महर्षिहरूलाई सुनाए, त्यो थियो उग्रश्रवा नामक सूत। उग्रश्रवाले त्यो गाथा कसरी जान्यो ? भन्ने विवरण पनि दिएको छ।

उसले भन्यो–जनमेजयको नागयज्ञ मैले आफ्नै आँखाले देखें । त्यसपछि उद्योग पर्वसम्मको कथा मैले जनमेजयले वैशंपायनलाई भनेको सुनें। त्यसपछि सञ्जयद्वारा भनिएका युद्ध–घटनाहरू पनि वैशंपायनबाट सुनेर मैले बताइरहेको छु। अतः 'जय' नामक गाथाका तीन मुख्य भागहरू कथाको रूपमा उग्रश्रवा, वैशंपायन र सञ्जयले भनेका हुन्।

यसरी तनि जना वक्ताहरूले भनेका कथा जोड्दा पाण्डवहरू अधर्मी थिए भन्ने निन्दा केही कम भयो। तैपनि महाभारतको कथा बिस्तार गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम त्यतिमै रोकिएन र अरु पनि केही कथाहरू त्यसमा जोडिए। त्यसपछि शान्ति पर्वसहित सात पर्व त्यसमा जोडिए। वन पर्वलाई विस्तृत पारियो। उत्तर गोग्रहणको गाथा सिर्जना गरियो। **सांख्य, योग तथा ब्रह्मसूत्र** मिलाई त्यसलाई भगवद्गीताको रूप दिएर युद्ध-गाथाको अगाडि राखियो। अन्तमा भागवतहरूको पनि हरिवंश लेखेर महाभारतको परिशिष्टको रूपमा मिसाउँदा वासुदेव कृष्ण विष्णुको अवतारको रूपमा वदलिए। अनि के, यो कुरा भन्ने अबसर प्राप्त भइहाल्यो–भगवान्को आदेश अनुसार पाण्डवहरू चले, दुर्योधन आदिले आफ्नो कर्मको फल भोगे। बस् ! त्यति मात्र हो। पाण्डवहरू अधर्मात्मा थिएनन्।

उति बेला राजबंशहरू तथा क्षत्रियहरूका वीरतासँग सम्बन्धित कथाहरू राजाहरूका दरवारहरूमा रहने सूतहरूले सुनाउने गर्थे। उनीहरूका कथाहरूमा नीति, धर्म, प्रकृति–वर्णन, तथा लौकिक दृष्टिकोणसँग सम्बन्धित कुरा पनि अन्तर्भूत हुन्थे। त्यसैले उनीहरूका कथाहरूमा केही संशोधन र सम्मिश्रण हुँदा पनि तिनको मूल्य कम भएन।

७.७ ब्राह्मण र क्षत्रिय वर्गको संघर्ष

उपनिषद्कालमा क्षत्रियहरूको ज्ञान बढ्यो। उपनिषद्हरूमा देखिने जनक, अजातशत्रु, अश्वपति, कैकेय आदि क्षत्रियहरू नै थिए। त्यति बेला वडप्पनको लागि ब्राह्मण र क्षत्रियहरूका बीचमा कैयौं संघर्ष भए। जोकसैले आफ्नै वडप्पनको घोषणा गर्ने कथा सुनाए। ब्राह्मणहरूले एउटा कथा सुनाएः– 'यदि ब्राह्मणहरू रिसाए भने शत्रुलाई आगोले जस्तै डढालिदिन्छन्। धारिलो तरवारलेझैं टुक्रा-टुक्रा पारिदिन्छन्। सर्पको विषलेझैं ज्यान मार्छन्। यदि कसैले उनको पूजा गर्‍यो भने सबै सुख दिन्छन्। त्यसैले ब्राह्मणको पूजा गर, उनीहरूलाई रिसाउन नहाल।'

अनि सूतहरूले अर्को कथा सुनाएः–'अत्रि महामुनिले धनको चाहनाले गर्दा वैन्य राजासँग गएर उनको प्रशंसाका फुल्झडी लाएः–तपाई इन्द्र हो, ब्रह्म हो, ईश्वर हो। त्यति बेला गौतम मुनिले त्यसको विरोध गरे। अनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुवैमा वाद–विवाद बढेपछि अन्तमा काश्यप मुनिको सल्लाहमा मुनिहरू सनत्कुमारसँग गए र उनको बिचार जान्न चाहे। त्यतिखेर सनत्कुमारले मुनिहरूलाई आफ्नो मत सुनाए–जनताको पोषण तथा रक्षण गर्न सक्षम राजालाई विराट्, सम्राट्, सत्यधर्मी आदि नाम दिंदै जनताले उसको प्रशसा गर्छन्। अतः वैन्य राजाजस्तै राजा नै इन्द्र हुन्, ब्रह्म हुन् र उनै ईश्वर हुन्।'

यदि ब्राह्मणले 'ब्राह्मणलाई धिक्कार भन्नेको त्यही गति हुन्छ, जुन गति वेन राजाको भएको थियो' भनेर धाक लगाए भने क्षत्रियहरूले पनि 'होस गर स्वार्थी बाहुनहरूलाई पुरुरवाले कुन हालत बनाएका थिए ?' भनेर हाँक दिएका थिए।

यदि ब्राह्मणले 'हाम्रा वशिष्ठले असम्भव कुरालाई पनि सम्भव बनाउँथे र उनी महान् हुन्' भन्ने धाक लगाए भने क्षत्रियहरूले 'हाम्रा विश्वामित्रले सृष्टिको पनि प्रतिसृष्टि गरेका थिए' भन्ने कथा दाबीका साथ सुनाए।

रामायणमा लेखिएको छ, श्रीरामका हातबाट परशुरामको घमण्ड तोडियो त्यसैले भृगुका वंशजहरूले कथा रचे, कार्तवीर्यार्जुनसहित सबै क्षत्रियहरूलाई परशुरामले सफाया गरे। यो कथा भूयानको रामायणमा छ। त्यसपछि सूतहरूले एउटा अर्को कथा सुनाए, सबै धनका लोभी भृगुका वंशजहरूलाई कार्तवीर्य (कमजोरभन्दा कमजोर) सन्तानका क्षत्रियहरूले मारे।

ब्राह्मणहरूले 'कैयौं क्षत्रियहरू ब्राह्मणबाट जन्मिएका हुन्' भनेपछि सूतहरूले सुनाए, 'कैयौं ब्राह्मण क्षत्रियहरूबाट जन्मिएका हुन्।' क्षत्रियहरूका दरबारमा स्थायी ठाउँ पाउन सूतहरूले सोह्र राजाहरूको बडप्पनको वर्णन गरे भने ब्राह्मणहरूले भने–'यज्ञ गरेर ब्राह्मणलाई आफ्नो सर्वस्व दिएको हुनाले नै ती राजाहरू महान् बनेका हुन्। भगीरथले जब यज्ञ गरे, त्यतिखेर दश लाख कन्याहरूलाई सिंगारेर, दश लाख रथमा तिनीहरूलाई बसालेर, हरेक कन्याको लागि सय हात्ती, लाखौं घोडा र करोडौं गाईहरू दाइजोको रूपमा दिएर, ब्राह्मणहरूलाई दान (सायद कन्यादान) दिए। त्यसै गरी ती सोह्रवटै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूले यज्ञ गरेर ब्रह्मणहरूलाई दक्षिणा दिए। यिनै उनीहरू महान् हुनुका कारण हुन्।'

यादवहरूले भने–'भगवान् विष्णु हाम्रो घरमा कृष्णको रूपमा अबतरित हुनुभयो ।' त्यसो भन्दा भृगुवंशीहरूले डिंग हाँके–'हाम्रा भृगु महर्षिले विष्णुको छातीमा लात्तले ठोके। यदि शिवको निधारमा तेस्रो आँखो छ भने हाम्रा भृगु महर्षिका तलुवामा तेस्रो आँखो छ।'

त्यसबाहेक यद्यपि त्यतिखेर सारा वेद–वेदांग वैदिक ब्राह्मणका अधीनमा थिए, तथापि **महाभारत, रामायण, सावित्री उपाख्यान, नल उपाख्यान**जस्ता सारा कथाहरू सूतहरूका मुखमा थिए। त्यसैले डा. ए. वी. केतकरले तिनलाई **'सौत साहित्य'** नाम दिएका छन्।

सूतहरूद्वारा सुनाइने कथाहरूमा क्रमशः जनताको रुचि बढ्यो । आदर ज्यादा भयो । तारापति–हरिश्चन्द्र, शकुन्तला–दुष्यन्त, सावित्री–सत्यवान् र नल–दमयन्तीका कथाहरूका साथै वीरमाता विदुलाको कथा र ध्रुवको कथाजस्ता कथाहरू मान्छेहरूले चाख मानेर सुन्थे।

सूतहरूका कथाको तुलनामा वैदिक ब्राह्मणहरूका कथाहरू फिक्का लाग्थे। कश्यप ब्रह्माकी पत्नीहरूमा दितिबाट दानव, अदितिबाट देवता, कद्रुबाट सर्प, विनताबाट पक्षी र वशिष्ठको होमधेनुको पुच्छर तथा मल–मूत्रबाट शवर, यवन, शक, पौण्ड्र, पुलिन्द, द्रविड, सिंहलजस्ता वर्वर जातिहरू उत्पन्न भए। यसरी वैदिक ब्राह्मणहरूद्वारा भनिएका कथाहरूमा कुनै मूल्य रहेन। त्यसैले वैदिकहरूले सोचे र बिचार गरे, वीरताका कथा र नीतिका कथाले जसरी मान्छेहरूलाई आकर्षित गर्न सके, त्यसरी ऋतुहरू र दान–धर्मका कथाहरूले आकर्षित गर्न सकेनन्। अतः वीरताका कथामा तिनीहरूलाई मिसाउनु राम्रो लाग्यो। त्यसैले सूतहरूसँग जुन महाभारतका युद्धकथा थिए, तिनमा भृगुवंशीहरूले आफ्नो दृष्टि केन्द्रित गरे र सुस्त–सुस्त त्यो हात पारे।

श्रीमती भारती कार्वेले आफ्नो 'युगान्त' नामक ग्रन्थमा लेखेकी छन्– केवल महाभारतको कथा मात्र होइन, बरु संस्कृत वाङ्मयको विकासका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि आधारभूत सबै रचनाहरू ब्राह्मणेतरहरूका हातबाट ब्राह्मणहरूका हातमा पुगेका हुन्।

अनि त के ? सन्दर्भको औचित्य नभए पनि त्यसको कुनै परवाह नगरी ब्राह्मणहरूले वैदिक वाङ्मयका देव–दानव, ऋतु, भूदेव, दान–धर्म आदिसँग सम्बन्धित कथाहरू महाभारतमा जोडिदिए। केहीलाई त रामायणमा पनि उनीहरूले मिसाइदिए। त्यसको साथै केही अरु कथाहरू पनि जोडिए।

७.८ केही कथाहरू, जसले जिज्ञासा जगाए

यज्ञ गरेर दान दिनाले स्वर्ण–शंख पाइन्छ भन्ने योगी तथा वैरागीहरूको शिक्षाले पनि कुनै फाइदा हुँदैन । किनभने जेजति पुण्य कमाइन्छ, त्यो समाप्त हुनासाथ पुनः जन्म लिनुपर्दछ। अत एव सबै कुरा त्याग गरेर जन्मसम्बन्धी कुरा जान्नु राम्रो हो। त्यस सम्बन्धमा केही कथा सुनिए, तिनमा मुद्गलको कथा पनि एक हो । मुद्गल सद्गुण–सम्पन्न व्यक्ति तथा धार्मिक व्यक्ति थियो। अतः स्वर्गबाट एउटा देवदूतले ऊसँग आएर स्वर्गमा आउन निम्तो दियो । त्यस देवदूतले उसलाई स्वर्गमा अप्सराहरू, मन्दाकिनी नदी, सुनौला कमल आदि कैयौं भोग–विलासका सामान भएको भनेर मन लोभ्याउन थाल्यो। त्यतिबेला मुद्गलले सोध्यो, के सधैंको लागि ती वस्तु उपभोग गर्दै रहन सकिन्छ ? त्यतिखेर देवदूतले उत्तर दियो, 'अहँ,जबसम्म जम्मा भएको पुण्य समाप्त हुँदैन, त्यतिखेरसम्म ती सुखभोग अनुभव गर्न सकिन्छ, त्यसपछि कुनै न कुनै जन्म लिनु अनिवार्य छ।' त्यो सुनेर मुद्गलले भन्यो, त्यसो भए मलाई तिम्रो स्वर्गसुख चाहिन्न। त्यसैले देवदूत गयो। त्यसपछि मुद्गलले ध्यानमा डुबेर सबै कुरा त्याग्यो र मोक्ष पायो। मुद्गलको कथाभन्दा पनि अँघि वढेर सविस्तार भनिएको एउटा अर्को कथा छ–'मेधावी'को कथा।

कुनै वैदिक पण्डितको छोरो थियो मेधावी। मेधावीले एक दिन आफ्ना बाबुसँग सल्लाह माग्यो– 'त्यसो त जो जन्मन्छ, त्यसको मृत्यु अनिवार्य छ। अतः जिउँदो छँदै गर्न लायक राम्रा काम के हुन् ? मलाई बताउनोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबुले आफ्नो छोरालाई आश्रमधर्मको विवरण दिदै भन्यो–पहिले राम्रोसँग वेद अध्ययन गर, त्यसपछि विवाहित भएर गृहस्थ आश्रमका कर्तव्य पालन गर, पुत्र–सन्तानले नै वंशको परम्परा सुरक्षित रहन्छ, पितृदेवहरूका लागि विधिपूर्वक श्राद्धकर्म सम्पन्न हुन्छन्, ती कर्महरूले पितृहरू माथि पुग्न सक्छन्।

यौवनावस्था बितेपछि वानप्रस्थ आश्रम स्वीकार गरेर यज्ञ गर र गराऊ, वृद्धावस्था आइपुगेपछि सन्यास स्वीकार गर्दै तपस्या गर, त्यसैले तिमीलाई मुक्ति प्राप्त हुन्छ।

बाबुले जुन बिचार सुनाए, ती उसलाई मन परेन। त्यसैले मेधावीले आफ्नो बिचार स्पष्ट गर्दै भन्यो–हे पिता ! मान्छे निश्चित रूपले सय वर्ष वाँच्छ भनेर हामी भन्न सक्छौं ? जबकि मृत्यु हाम्रो प्राण लिन पर्खेर बसेको छ। अनि हाम्रो जीवनको आधाभन्दा बढी समय वेदाध्ययन र निरर्थक यज्ञ गरेर बिताउनुमा के फाइदा छ ? मान्छेले कुनै कुराको सिद्धिको लागि साधना गर्छ, पत्नी र सन्तानको सुखसुविधाको व्यवस्थाको लागि छट्पटाइरहन्छ। यस्तैमा जसरी बाखाको पाठोलाई व्वाँसाले झम्टन्छ, त्यसै गरी मृत्युले मान्छेलाई निल्छ। मृत्युले मान्छेका इच्छा पुरा भए कि भएनन् ? भनेर सोच्दैन। चार प्रकारका आश्रमका कर्तव्य पूरा हुँदासम्म उसले पर्खदैन। अतः सन्यास–आश्रममा पुग्दासम्म हामी जीवित रहन्छौ भन्ने कुरा भ्रम हो।

पिता ! तपाईले मलाई विवाह गर्न भन्नुभयो, त्यो केका लागि ? धर्म–सन्तानको लागि नै, हो कि होइन ? त्यसो भए एउटा कुरा बताउनुहोस् र मलाई सम्झाउनुहोस्, यहाँ हामीले श्राद्धकर्म आदि गर्छौं, त्यो हाम्रा पितृ–पितामहहरूले माथिका लोकमा कसरी पाउँछन् ? तपाई बताउनोस् हाम्रा दिवंगत पूर्वज कहाँ छन् ? तपाईका पिता कहाँ जानुभएको छ ? तपाई मात्र होइन कोही पनि भन्न सक्दैन। त्यसैले, तपाईले भनेका धर्म–सन्तानले मेरो उद्धार गर्छन् भन्ने मलाई विश्वास छैन।

अब यज्ञ–याग आदि कर्मलाई नै लिऊँ। तिनमा मलाई विश्वास छैन। किनभने जुन पशुहरूको हत्या गरेर तिनको रगत–मासु देवतालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पित गर्छन्, तीमध्ये कुनै एउटा पनि परिशुद्ध हुन सक्दैनन्। भलै तिनबाट धन–दौलत मिल्दो हो तर पनि ब्रह्मज्ञानी ब्राह्मणले त्यस्तो कामना गर्न हुँदैन।

ब्राह्मणले चाहने कुरा हुन्, एकान्तवास, शान्ति, सत्य, समता, निश्चलता आदि न कि धन–दौलत, पत्नी–पुत्र आदि। बन्धु–मित्र आदिले मुक्तिको मार्ग देखाउन सक्दैनन्। त्यसैले 'आफूले आफूलाई चिन, आफूमा जुन आत्मा (या ब्रह्म) छ, त्यसको दर्शनको लागि तपस्या गर, त्यही मुक्तिको साधन हो' भनेर शिक्षा दिने उपनिषद्–वाक्य नै शरण्य हो।'

यो कथा ज्ञानमार्गको शिक्षा दिनेजस्तो लाग्छ। अतः कर्ममार्ग बताउने केही कथा निस्के। तिनमा प्रमुख हो, धर्मव्याधको कथा। धर्मव्याध किरात जातिको थियो। मासु वेचेर आफ्नो गुजारा चलाउँथ्यो। त्यस्तो मान्छेले श्रेष्ठ तपस्वी ब्राह्मणलाई धर्मका रहस्यहरूको विवरण दिएर सम्झायो।

कौशिक ब्राह्मण थियो। त्यो तपस्वी र वेदविद् पनि थियो। एक दिन जब ऊ कुनै रुखको छायामा बसेर वेदपाठ गर्दै थियो, रुखमा बसेको वकुल्लाले उसमाथि विष्ट्य छोड्यो। उसले जब क्रुद्ध भएर माथि हेर्‍यो, रुखमा बसेको वकुल्लो खुत्रुक्कै भएर जमिनमा खस्यो।

त्यसपछि ब्राह्मण भिक्षाटनको लागि गाउँमा गयो। त्यहाँ एउटा ब्राह्मणको घरको अगाडि खडा भएर उसले भन्यो–'भिक्षां देहि।' जसै त्यस घरकी गृहिणी भिक्षा दिन आउँदै थिई, उसको पति घरमा आइपुग्यो।

अतः त्यो स्त्री कौशिकलाई भिक्षा नदिईकनै आफ्ना पतिको सेवा गर्न थाली। जब आफ्ना पतिलाई नुहाउन पानी दिएर, खाना खुवाएर र उसलाई पान खान दिएर अन्तमा भिक्षा दिन आई, त्यतिखेर कौशिकले राता आँखा गराउँदै हेर्‍यो र सोध्यो–'यदि तिमीले पहिल्यै अहिले फुर्सद छैन भनेको भए म जान्थें। मलाई तिमीले यति वेरसम्म खडा किन गरायौ ? तिमीलाई थाहा छ, ब्राह्मणहरूलाई यसरी अपमान गर्नुको परिणाम के हुन्छ ?'

त्यस स्त्रीले भनी–'मलाई थाहा छ तर पतिव्रता हूँ, अतः पतिको सेवा नै मेरो पहिलो कर्तव्य हो।' त्यसपछि उसले कौशिकलाई भिक्षा दिई र भनी–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'तिमी ब्राह्मण हौ, ब्राह्मणको लागि यस्तो रीस गर्नु उचित होइन। त्यसैले त्यो छोड्नु राम्रो हुन्छ।' उसको क्रोधको शिकार भएर वकुल्लो भस्म भएको कुरा पनि उसले सम्झाई । उसले ब्रह्मणलाई जानकारी दिई, 'पतिव्रता भएको कारणले नै मैले त्यो घटना जान्न सकेकी हूँ।' धर्मको सूक्ष्म-ज्ञान नबुझिकन तपस्या गर्नु र वेदाध्ययन गर्नु वेकार हो। त्यो बाहेक पनि उसले कौशिकलाई धर्म र अधर्मको वारेमा लक्षण-युक्त ज्ञान-प्राप्तिको लागि मिथिला नगरमा रहने धर्मव्याध कहाँ जाने बाटो पनि वताई।

तुरुन्तै कौशिक मिथिला नगर गयो। मासु वेच्ने काम गर्ने धर्मव्याधलाई देखेर कौशिक अलिकति परै उँभियो। त्यसपछि धर्मव्याध नै उसको नजिकै आएर नमस्कार गरी वोलाएर घरमा वोलाई लग्यो। दुवैमा आपसी केही चर्चा भए। त्यसै सिलसिलामा कौशिकले भन्यो-'धर्मज्ञ भएर पनि तिमीले मासु वेचेर किन वाँचिरहेका छौ ?' त्यस प्रश्नको उत्तर धर्मव्याधले सविस्तार वतायो-

'यो हिंसा हो या अहिंसा हो भनेर भन्न कसैलाई सम्भव छैन। खेती गर्ने किसानले जब खेत जोत्छ, त्यतिखेर कति प्राणीहरू मर्छन्। जब हामी यता-उता हिंड्छौं, त्यतिखेर हाम्रा पाइतालामुनि दबेर मर्ने प्राणीको गन्ती हामी गर्न सक्दैनौं। यज्ञ-याग आदि कर्म गर्दा हामीले पशुहरूको बध गर्छौं, पितृहरूलाई श्राद्ध कर्ममा मासु पकाएर खुवाउँछौं, अहिंसा-व्रत अबलम्बन गरेर जंगलमा तपस्या गर्ने ऋषि-मुनिले कन्दमूल र फलहरू खान्छन्, के त्यो हिंसा होइन ? वाच्छाहरूको मुखको दुध खोसेर दुहेर खानु हिंसा होइन ? अतः यस संसारमा हिंसा नगरी कोही वाँच्नै सक्दैन। त्यसैले जति सकिन्छ, त्यतिसम्म हिंसा त्याग गर्नुपर्दछ। जसले प्राणीमाथि दया गर्दछ, त्यसले सबै प्राणीमाथि समदृष्टिले हेर्न सक्छ। जहाँसम्म सम्भव छ, त्यहाँसम्म हिंसाबाट टाढै रहनुपर्दछ।

मैले जन्तुहरू मार्दिन। कुनै अर्कै व्यक्तिले मारेर ल्याउँछ र त्यो किनेर मैले उचित मूल्यमा बेच्दछु र आफ्नो गुजारा गर्छु। त्यो बाहेक यो मेरो कुलको परम्परागत व्यवसाय पनि हो। अतः यो काम गर्नु कुनै दोष होइन।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब धर्मव्याधले यति भन्यो, त्यो सुनेर कौशिकले अरु दुईवटा प्रश्न सोध्यो–'प्राणीको लक्षण के हो ? इन्द्रिय–निग्रह कसरी गर्न सकिन्छ ?' ती प्रश्नका उत्तर दिइसकेपछि धर्मव्याधले कौशिकलाई आफ्नो घरमा लग्यो। त्यहाँ धर्मव्याधका आमा–बाबुहरू आफ्ना छोराको देख–भालमा अत्यन्त सुखी जीवन विताएको देखेर कौशिहक अचम्म पऱ्यो। धर्मव्याधले फेरि भन्यो–

'मैले आफ्ना आमा–बाबुको भक्तिपूर्वक पूजा गर्दै उहाँहरूको पालन–पोषण गर्दैछु। म आफ्नी धर्मपत्नीसँग दाम्पत्य जीवन विताइरहेको छु। आफ्ना छोराहरूप्रति वात्सल्य, पत्नीप्रति प्रेम र आमा–बाबुप्रति भक्तिभन्दा अरु मलाई कुनै चिन्ता छैन। तर तपाईं ? आफ्ना वृद्ध आमा–बाबुलाई छोडेर तपस्या गर्न हिंड्नुभयो। अतः तपाई निस्सहाय र दुर्बल बनेर छट्पटाइरहेका आमा–बाबु कहाँ तुरुन्तै जानुहोस् र उनीहरूको सेवा गर्नुहोस्। आफ्ना आमा–बाबुको ऋणबाट मुक्त हुनुहोस्। यदि त्यसो गर्नुभएन भने तपाईंले जति नै तपस्या गर्नुहोस्, त्यो सब व्यर्थ हुनेछ।' यसरी धर्मव्याधले जुन सल्लाह दियो, त्यसलाई हृदयंगम गरेर कौशिक आफ्ना आमा–बाबुसँग गयो र उनीहरूको सेवामा दत्तचित्त भयो।

यसरी आ–आफ्नो सिद्धान्त अनुकूल विभिन्न धर्म–मार्गका अनुयायीहरूले कथाहरू सुनाएका छन्। तर विदुरले धृतराष्ट्रलाई जुन कथा सुनाए, त्यो सर्ब–जन–सम्मत प्रतीत हुन्छ।

'कुनै दिन एक जना ब्राह्मण जंगलमा कतै हरायो। उसलाई चारैतिर जता हेरे पनि हिंस्रक जनावर देखिन थाले। ब्राह्मण यता–उता दगुर्न थाल्यो। उसले देख्यो, एउटी अत्यन्त भयंकर स्त्रीले आफ्नो मुर्कट्टा–हात (डुँडा हात) फैलाएर सारा जंगल आफ्नो चक्र–बन्धन (गोलो गरी) ले बाँधेकी छ। जंगलको चारैतिर पाँचवटा टाउका भएका सर्पहरूले फणा फैलाएर एकदम माथि उठेर फुङ्कार गर्न शुरु गरेका छन्। त्यहाँ एउटा कुवा थियो। डरको हतपतमा यता र उता दगुर्दा–दगुर्दै बाटो नदेखेको हुँदा त्यो ब्राह्मण त्यसै कुवामा उत्तानै खस्यो तर खस्दाखस्दै ऊ त्यस कुवामा नुहेका रुखका हाँगाहरूको बीचमा झुण्डियो। जब ब्रह्मणले कुवाको तल हेऱ्यो, त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसैको नजिकैको पानीमा उसले कालो सर्प फुङ्कार गर्दै रहेको देख्यो। अनि उसले माथि हेर्दा ६ वटा सूँड, १२ खुट्टा भएको भयंकर मस्त हात्ती थियो। काला र सेता मुसाहरू त्यस रुखका हाँगाहरूका फेंदमा कोतर्दै काटिरहेका थिए, जसमा ऊ झुण्डिइरहेको थियो। माथिका हाँगाका बीचमा मौरीको घार झुण्डिइरहेको थियो। त्यस घारको वरिपरि ठूला-ठूला मौरी घुमिरहेका थिए। त्यस्तो भयंकर परिस्थितिमा पनि त्यस ब्राह्मणले मौरीको घारबाट मह चुस्दै जाने आशा छोडेको थिएन।' जब धृतराष्ट्रले कथाको आशय सोधे, विदुरले यसरी विवेचना गरे-'संसार त्यही जंगल हो। रोगहरू कुवा हुन्। भित्रको सर्प काल हो। ६ ऋतुहरू र १२ महिनावाला वर्ष हात्ती हो। दिन र रात काला र सेता मुसा हुन्। ब्राह्मण झुण्डिएका रुखका हागाँहरू जीवनका आशा हुन्। ती महका थोपा ससारका सुख हुन्।'

यस कथाले वैदिक, जैन, बौद्ध, मुसल्मान, ईसाई, यहुदी आदि सबैको आदर पायो। संसारका सबै भाषामा यस कथाका अनुवाद भए। यही कथाको आधारमा फारसी भाषामा जलालुद्दीन र जर्मन भाषामा रुखर्टस्ले जुन सुन्दर गेय कविता लेखे, तिनको मूल आधार यही कथा बन्यो।

७.९ बौद्ध गाथाहरू

बौद्ध धर्मको विस्तारको प्रक्रिया चल्दा कैयौं गाथाहरू जन्मे। बौद्ध धर्मावलम्बीहरूले मुख्य रूपले अहिंसा र मानबसेवालाई प्रधानता दिए। अम्बपाली, अंगुलिमाल, शिवि, चक्रवर्ती आदिका कथाहरू उनीहरूले सुनाए।

बौद्धहरूले एउटा अन्धो भिक्षुको अत्यन्त दारुण अवस्था देखेर चक्रवर्ती शिवि यति भावविह्वल भए कि उनले आफ्ना दुवै आँखा निकालेर त्यो भिखारीलाई दान दिए भन्ने कथा वताए। त्यो कथा अत्यधिक लोकप्रिय बन्यो।

ब्राह्मणहरूले पनि चक्रवर्ती शिविको आफ्नो ढंगले वर्णन गरे। चक्रवर्ती शिवि कहाँ एउटा भयभीत परेवा आएर आफ्नो रक्षा गर्न प्रार्थना गऱ्यो। शिविले उसलाई अभयदान दिए। यत्तिकैमा एउटा बाज त्यस परेवाको पिछा गर्दै आयो। उसले उनीसँग परेवालाई छोडिदिन अनुरोध गऱ्यो। उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्यो–यदि तपाईंले यसलाई छोड्नुभएन भने म, मेरी पत्नी र मेरा छोरा–छोरीहरू भोकै मर्नुपर्नेछ। त्यो कुरा सुनेर चक्रवर्ती शिवि धर्म–संकटमा फँसे। यदि परेवालाई छोडिदिने हो भने यसको अर्थ हुनेछ, प्राणको रक्षाको लागि शरणमा आएको प्राणीलाई उसको शत्रुको हातमा सुम्पनु। यदि त्यसलाई छोड्ने हो भने त्यो काम बाजको मृत्युको कारण बन्ने भो। त्यसैले शिविले कुनै अर्को मासु ल्याएर उसलाई ख्वाउने संकल्प गरे तर बाज राजी भएन। उसले भन्यो–यदि तपाईंको शरीर काटेर दिएको मासु भए म लिन राजी हुन्छु। चक्रवर्ती शिवि परेवाको तौल बराबर आफ्नो शरीरको मासु तुरुन्तै काटेर दिन तयार भए तर उनका शरीरको सारा मासु काटेर तराजुमा तौलँदा पनि परेवाको भार बराबर हुन सकेन। उनले सारा शरीर बाजलाई सुम्पिए। अनि बल्ल बाज इन्द्रको रूपमा र परेवा अग्निदेवको रूपमा प्रकट भए। उनीहरूले चक्रवर्ती शिविलाई जीवित गरे र उनलाई कैयौं वरदान दिएर अन्तर्ध्यान भए। यसरी ब्राह्मणहरूले बौद्ध कथालाई बदलेर शिविको कथा बनाए।

यसरी बताइएका र फेरिएका कैयौं कथाहरू छन्। ब्राह्मणहरूले केही जैन–बौद्धहरूका गाथाहरूलाई आफू अनुकूल फेरेर महाभारतमा जोडिदिए भने बौद्धहरूले रामायण र महाभारतका केही कथाहरू आफू अनुकूल फेरेर आफ्ना जातक कथाहरूमा मिसाए।

यसरी क्षत्रिय, ब्राह्मण, योगी, बौद्ध, जैन आदिले जुन कथाहरू वताए, तिनमा केही वैदिक वाङ्मयका केही कथाहरू पनि महाभारतमा जोडिए। हरिवंश त्यसको परिशिष्ट बन्यो। वैष्णवहरूले त्यसमा विष्णुलीलाहरू मिसाए भने शैवहरूले शिवलीलाहरू जोडे। दुर्गा देवीले पनि त्यसमा आसन जमाइन्। मनुका धर्मसूत्रहरूले एउटा पूरै पर्वमा आफ्नो स्थान बनाए। त्यसै कारण केही मान्छेहरू महाभारतलाई पञ्चम वेद भन्दछन् भने केहीले इतिहास पुराण भन्दछन्। र, अरु कुरा पृष्ठभूमिमा पुग्यो।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.

पशुवलिको विरोध

जब आ–आफ्नो बडप्पनको लागि ब्राह्मणहरू र क्षत्रिय वर्णहरूका बीचमा संघर्ष चल्दै थिए त्यतिखेर पनि यज्ञ–यागहरूको बोलवाला बढ्दै थियो, कम भएको थिएन। जुन बेला राजाहरू यज्ञ गर्दै थिए, त्यतिखेर उनकै सिपाही र कर्मचारीहरू गाउँहरूमा हमला गरेर त्यहाँबाट पशुहरूका साथै अन्न, दुध–घिउ, दाल, नून आदि पनि जबर्जस्ती खोसेर लैजान्थे। यज्ञको लागि आवश्यक वस्तुहरू राजाको सेवामा समर्पण गरेपछि बाँकी सबै तिनीहरूले परस्पर बाँड्दथे। राजाका हातबाट ब्राह्मणहरूलाई गाईहरू तथा सुन दिइन्थ्यो।

अनि त के ? पानी नपरे पनि यज्ञ, छोरा–छोरी नजन्मे पनि यज्ञ, सामन्त राजाहरूका सम्पत्ति खोस्न पनि यज्ञ, आफूले गरेका पापबाट मुक्त हुन पनि यज्ञ, मोक्षप्राप्तिको लागि पनि यज्ञ आदि सबै प्रकारले यज्ञको बोलवाला भयो। त्यसको लागि आवश्यक पशुहरू, अनाज र धन अर्पने पशुपालकहरू, किसानहरू र व्यापारीहरू नारकीय दुःख र यातनाका शिकार बनेका थिए। कृषि तथा पशुसम्पदा वर्वाद भइरहेका हुन्थे।

अतः सात्वतहरू (कृष्णभक्तहरू) ले पशुवलिको विरोध गर्न थाले। महावीर र बुद्धले यज्ञ–याग आदिको विरोध गर्दै जैन–बौद्ध धर्म प्रस्तुत गरे। किनकि बौद्ध भिक्षुहरूले दीन–दुःखी जनताको उद्धार गर्न जिम्मेवारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिएका थिए, त्यसैले आम जनता बौद्ध धर्मतिर आकर्षित भयो। पशुपालक र किसान त्यति भएनन्। केही व्यापारीहरूले पनि यज्ञकर्मको विरोध गरे र बौद्ध धर्मको समर्थन गरे।

चक्रवर्ती अशोकले बौद्ध धर्म स्वीकार गर्नाले बौद्ध धर्मले आफ्ना जरा खूब बिस्तार गर्न पायो। उनको प्रोत्साहनले गर्दा त्यो धर्म दक्षिण-पूर्वी एशिया तथा श्रीलंकासम्म व्याप्त भयो। त्यसैको फलस्वरूप वैदिक धर्मावलम्बीहरू त्यसै असहाय भए।

बौद्ध धर्मको सबलताको यस बेलामा वासुदेव, नारायण र विष्णुभक्त सबै मिलेर एक भए। तिनीहरू नै भागवत् नामले विख्यात भए। उनीहरूको धर्म वैष्णव धर्म थियो। उनीहरूले पनि पशुवलिको विरोध गरे। जसले गर्दा मान्छेहरू वैष्णव धर्मतिर आकर्षित भए। अतः जतिखेर पूर्वी र दक्षिणी भागमा बौद्ध धर्मको प्रसार भइरहेको थियो, त्यतिखेर पश्चिमतिर वैष्णव धर्म व्याप्त भएको थियो।

यद्यपि वैष्णव धर्मले पशुवलिको विरोध गऱ्यो तर पनि उसले अध्यात्मवादको समर्थन जारी राख्यो। त्यस दृष्टिले गर्दा ऊ बौद्ध तथा जैन धर्मको विरोधी बन्न पुग्यो। अतः वैदिक धर्मावलम्बिहरूका हातमा मानौं. ब्रह्मास्त्र आयो। पशुवलिको विरोध गरेको कारणले जुन वैदिकहरूले अहिलेसम्म विरोधको तरबार उठाएका थिए, उनीहरूले त्यो विरोध छोडिदिए। विष्णु कुनै पराई हैनन् आफ्नै इन्द्रका कान्छा भाइ उपेन्द्र हुन् भनेर विष्णुको पूजा आरम्भ गरे। इन्द्रका कान्छा भाइ भए पनि उनी आफ्ना जेठा दाइभन्दा महान् हुन् भने।

अर्कोतिर ती वैदिकहरूले मौर्य सम्राट्हरू विरुद्ध षड्यन्त्र अरम्भ गरे। ई पू. १७८ मा पुष्यमित्रले मौर्य सम्राट्को हत्या गरे। उसलाई तिनीहरूले पूरा सहयोग गरे। सुस्त-सुस्त पुष्यमित्रले दरवारमा पुगेर पतञ्जलिको नेतृत्वमा भगवान्का अवतारहरूको कल्पना गरेर कृष्ण वासुदेवको स्तुति गर्दै बौद्ध धर्मको सामना गरे। यादवहरूका वासुदेव तथा अहिरहरूका कृष्णको सम्बन्ध जोडेर उनीहरूले दुवै वर्गको समर्थन प्राप्त गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैपनि मिलिन्दको नेतृत्वमा यूनानीहरूले स्यालकोटमा आफ्नो केन्द्र वनाई राज्यको स्थापना गरी बौद्ध धर्म स्वीकार गर्नाले, उज्जयिनीका शासक शकहरू बौद्ध धर्मावलम्बी हुनाले र शातवाहन राजाहरूले बौद्ध तथा वैदिक धर्महरूलाई समान आदर गर्नाले बौद्ध धर्मले उँचो स्थान हासिल गऱ्यो।

त्यस परिस्थितिसँग सामना गर्न वैदिक धर्मका प्रमुखहरूले क्षत्रियहरूको महत्वलाई पूर्ण रूपले स्वीकार गरेनन्। वरु राजा देशी होस् कि विदेशी, क्षत्रिय होस् कि नहोस् तैपनि उनीहरूको आश्रय पाउन–'ना विष्णुः पृथिवीपतिः'–'राजाभन्दा ठूलो कुनै विष्णु छैन' भनेर स्तुति गरे।

राजाहरूको आश्रय पाउने प्रयास गर्नुका साथै वैदिक धर्मका प्रमुखहरूले यज्ञ–याग गर्न र पशुवलि दिन कम गरेका थिए। आर्य तथा आर्येतरको विभेद नगरी ज–जसले बौद्ध तथा जैन धर्मको विरोध गरे, उनीहरूले ती सबैसँग हात मिलाए। उनीहरूले शैव तथा वैष्णव धर्मको खूव प्रचार गरे। कर्म र पुनर्जन्मको सिद्धान्तको समर्थन गर्दै उनीहरूले कथाहरू लेखे। जसले भगवान् माथि भरोसा गर्छ त्यसले यो लोकका साथै परलोकमा पनि सुख पाउँछ भन्ने विश्वास दिलाउन उनीहरूले कैयौं कुरा लेखे।

हिन्दु पण्डितहरूले पुराण लेखे भने बौद्ध विद्वान्हरूले जातक कथाहरू लेखे। केही जातक कथाहरू बौद्ध धर्म अनुकूल रामचरितलाई बदल्ने काममा लागे। विमल सूरी नामक जैन सन्यासीले जैन धर्म अनुकूल हुने गरी रामकथा वदले र वाल्मीकि रामायणलाई विस्तृत गर्ने काम पनि वेरोकतोक चल्दै गयो।

८.१ वाल्मीकि रामायणको बिस्तार

श्री नार्ल वेंकटेश्व रावले आफ्नो रचना 'जबालि' मा लेखेका छन्, जबकुशीलवहरूले वाल्मीकि रामायण गाएर मान्छेलाई सुनाउँथे, त्यतिखेरै त्यसको बिस्तार भए होला।

मारिस विंटर वेड्जले 'इण्डियन लिट्रेचर–एपिक्स एण्ड पुराणाज' नामक पुस्तकमा विवरण दिएकी छन्–'रामकथा भन्ने समयमा त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जम्मा भएका मान्छेहरू सीताका कष्ट सुनेर आँसु वगाउँथे, ती कष्टहरू कुशीलवहरूले वढाइ–चढाइ गरेर प्रस्तुत गरे होलान्।'

यदि श्रोतागणले युद्धका घटनाहरू सुन्दा त्यसको प्रशंसा गरे भने कुशीलवहरूले युद्धका घटनाहरूको वर्णन लम्बाचौडा दिन्थे होलान्। त्यसैले रामायणमा जुन राक्षस योद्धा मारिन्थे, ती फेरि सजीव भएर लड्न थाले भन्ने वर्णन देख्न पाइन्छ। यदि सभामा जम्मा भएका व्यक्तिहरू हाँसोले भरि पूर्ण कुरा सुनेर खित्का छोड्दथे भने त्यतिखेर कुशीलवहरूले वाँदरहरूका नक्कली खेल र कामहरूको निकै वर्णन गर्थे होलान्। यदि सभासद्हरू पुराणका कथा सुनेर खुसी हुन थाले भने बीच-बीचमा पुराणका कथाहरू पनि घुसाएर सुनाउँथे होलान्।

यसरी बढ्दै गएको रामायण बौद्ध धर्म शुरु भएपछि केही अरु थप विस्तृत भयो। बुद्धका स्तुतिसँग प्रतिस्पर्धा गरेर रामको स्तुति गर्ने प्रयास नै त्यसको कारण हो।

यदि बौद्धहरूले मुक्तिमार्गको खोजीमा गौतम बुद्ध जंगलमा गएर सात वर्षसम्म घोर कष्ट सहेको कुरा प्रचार गरे भने धर्मरक्षाको लागि रामले चौध वर्ष जंगलमा रहेर अनगिन्ती कष्टको सामना गरेको कुरा हिन्दुहरूले प्रचार गरे।

बौद्धहरूले अम्बपाली नामक वेश्यालाई दर्शन दिएर उसलाई एउटी बौद्ध भिक्षुणीका रूपमा बदल्ने शक्ति राख्ने महापुरुष भगवान् बुद्ध थिए भनेका थिए भने हिन्दुहरूले कठोर शिलालाई कोमल नारीका रूपमा बदल्ने शक्तिको महिमाले सम्पन्न महापुरुष भनेर श्रीरामको प्रशंसा गरे।

बौद्धहरूले बुद्ध भगवान्को दर्शनको लागि अम्बपालीले कैयौं वर्षसम्म प्रतीक्षा गरी र उनको दर्शन पाउने भाग्य मिल्ना साथ आफ्नो सारा सम्पत्ति त्याग गरी भनेर प्रचार गरे भने हिन्दुहरूले श्रीरामको दर्शन पाउन शवरीले वर्षौंसम्म बाटो हेरी र उनीसँग भेट हुनासाथ उनलाई जुठा बयर खुवाएर अपार आत्मसन्तोषको अनुभव गरी भन्ने प्रचार गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धहरूले अंगुलिमाल नामक कुख्यात डाँकू भगवान् बुद्धका उपदेश सुनेर बौद्ध भिक्षु बन्यो भन्ने बताए भने हिन्दुहरूले प्रचेतस् नामक व्याधा रामकथा सुनेर महर्षि वाल्मीकि बन्यो र उसले रामायण महाकाव्य रचना गरेर संसारमा अपार कीर्ति तथा प्रतिष्ठा आर्जित गऱ्यो भने।

बौद्धहरूले समस्त राज्यभोग परित्याग गरेर बुद्धले मानव-कल्याणको साधनामा अनेक कष्ट उठाए भन्ने प्रचार गरे भने हिन्दुहरूले श्रीरामले सबै भोग परित्याग मात्र गरेनन्, लोकको हित गर्नको लागि रामराज्यसमेत स्थापना पनि गरे भन्ने प्रचार गरे।

जब बौद्धहरूले बुद्ध सांसारिक बन्धनहरू तोडेर महात्मा बनेका थिए भने त्यति बेला वल्ल हिन्दुहरू हार मानेर पछि हट्नुपऱ्यो। त्यसैले उनीहरूले पछि उत्तर रामायण लेखेर रामकथाको कमी पूरा गर्नुपऱ्यो। उनीहरूले भने- सांसारिक बन्धनहरू तोड्नको लागि नै रामले सीतालाई वनमा पठाएका हुन्।

यस प्रकारका तुलनाहरूको प्रचार चाहे जति धेरै भए पनि साधारण जनतालाई कुनै फाइदा थिएन। उनीहरू चाहन्थे, खाना र कपडा। जुन पशुहरू उनीहरूले पालेका हुन् जुन खेती उनीहरूले गरेका हुन्, तिनको फाइदा तिनीहरूले नै पाउनुपर्दछ। जनताको चाहना यही हुन्छ। उनीहरूले आशा गरे, बौद्ध धर्मले नै उनीहरूको चाहना पूरा गर्छ। त्यसैले ठूलो संख्यामा जनताले त्यो धर्मको समर्थन गरे।

जसले गर्दा आफ्नो धैर्य गुमाएका हिन्दु धर्मका प्रमुखहरूले एउटा कथा कल्पना गरे–'बुद्ध अरु कोही होइन, विष्णुका अवतार नै थिए। अधर्मको शिक्षा दिएर मान्छेहरूबाट पाप गराई उनीहरूलाई नरक पठाउन अवतार लिएका थिए। त्यसभन्दा पहिले सबै मान्छे यज्ञ-याग गरेर मरिसकेपछि स्वर्ग जान्थे। जसको फलस्वरूप स्वर्ग खचाखच भरियो र नरक रित्तो भयो। अतः स्वर्गमा जनसंख्याको दवाव कम गर्नको लागि इन्द्रले र नरकमा आफूलाई काम दिन यमराजले विष्णुसँग गएर प्रार्थना गरे, तव विष्णुले ती दुवैको प्रार्थना मानेर बुद्धको रूपमा अवतार धारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। उनले जनतालाई अधर्मको उपदेश दिए। त्यसै कारण सबै बौद्ध धर्मावलम्बीहरू नरक जान थाले। स्वर्गमा जनघनत्व कम भयो, यही असली रहस्य हो।'

त्यसबाहेक उनीहरूले यसो भनेर पनि प्रचार गरे–राम एक–पत्नीव्रती थिए उनले दुष्टहरूलाई दण्ड दिए, शिष्यहरूको रक्षा गरे, एउटा मामुली धोबीको निन्दालाई पनि महत्व दिएर उनले अग्निसाक्षी राखेर पत्नी स्वीकार गरेकी सीतालाई पनि वनमा पठाए। अश्वमेध यज्ञ गरेर ब्राह्मणहरूलाई आफ्नो सर्वस्व दान दिए। र लोककल्याणको लागि उनले रामराज्य स्थापना गरे।'

त्यसको प्रत्युत्तरमा बौद्धहरूले एउटा अर्को कथा झम्काए–'राम कुनै अरु होइनन्, हाम्रा तथागत नै हुन्। अघिल्लो जन्ममा उनी रामको रूपमा जन्म भएका हुन् र त्यतिखेर उनले राम्रा काम गरे तर जनतालाई मुक्तिको बाटो बताएका थिएनन्। त्यसैले गौतम बुद्धको रूपमा जन्म लिएर उनले जनतालाई मुक्तिको बाटो वताए।'

वैदिक धर्मालम्बीहरूले एउटा अर्को कथा प्रचार गरे, असुरका स्त्रीहरू पतिव्रता थिए। त्यसैले त्रिपुरासुरहरूलाई मार्न ब्रह्मा, विष्णु र महेश त्रिमूर्तिलाई पनि सम्भव भएन। अतः बुद्धको अवतार लिएर विष्णुले छलकपट गरेर ती असुर स्त्रीहरूको चरित्र बिगारे र मात्रै त्रिपुरासुरको संहार सम्भव भयो।

यस प्रकारका तुलनाहरू, प्रतिस्पर्धाहरू र प्रचार केवल हिमाली उपमहाद्वीपमा मात्र सीमित थिएनन्। पहिले बौद्ध भिक्षु तथा पछि हिन्दु सन्यासी जब मध्य एशिया, दक्षिणपूर्वी एशिया, चीन, जापान आदि देशमा गए त्यतिखेर ती देशमा पनि यस्ता प्रचार भए। ती–ती देशका सामाजिक परिस्थितिहरू, आवश्यकताहरू तथा रुचिहरू अनुसार महाभारत, रामायण जातक कथाहरूमा परिवर्तन र संशोधन भए। ती सबमा रामायणका रूप विशेष रूपले परिवर्तित भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.२ जातक कथाहरूमा रामायण

चिनीयाँ भाषाका जातक कथाहरूमा एउटा राजाको कथा छ, त्यस राजाको नाम कथामा उल्लिखित छैन, तर भनिएको छ कि कुनै समय बुद्धले त्यस राजाको रुपमा जन्म लिएका थिए । उसकी पत्नीलाई एक नाग जातिका व्यक्तिले भगाएर लग्यो । त्यसपछि त्यस राजाले वानरहरूको सहयोगले – खास गरेर 'इन्द्रकपि' को मद्दतले समुद्रमाथि पुल बाँधेर लंकालाई घेरे । त्यसपछि लडाईंमा त्यस नागलाई मारेर राजाले आफ्नी श्रीमती फिर्ता ल्यायो।

त्यस उप्रान्त त्यो रानीले आफु पतिव्रता नै रहेको सिद्ध गर्ने तयारी गरी, त्यसै समय धर्ती फाट्यो । यो अद्भूत घटना भएपछि व्यापारीहरूले अत्यधिक नाफा गर्न छोडि दिए । बलियाहरूले निर्बलियालाई दुःख दिन छोडेर तिनीहरूलाई सहयोग गर्न थाले । वेश्याहरू आफ्नो चरित्रलाई सुधार गरेर सदाचारी बने, सबै जनता धर्मपरायण बनेर बाँच्न लागे । यो सबै बोधिसत्वको प्रभाव थियो।

यो सुनेर एकजना हिन्दु पण्डितले व्याख्या गरे कि हाम्रा इन्द्रले वानरको रुपमा आएर सहायता गरेकाले नै पुल बाँध्न, नागहरूलाई मार्न बोधिसत्वका लागि सम्भव भएको हो।

भुटानको रामायणका अनुसार दशरथ बीर थियो, उसको छोरा सहसुवाहु ऊ भन्दा पनि बीर थियो। जब त्यस सहसुवाहूले एक ब्राह्मणकी कामधेनु (गाई)लाई अपहरण गऱ्यो । तब त्यस ब्राह्मणको छोरा परशुरामले सहसुवाहूलाई माऱ्यो। सहसुवाहूका रैन्मण तथा राम नामका दुई छोरा थिए। तिनीहरूले ठूलो भएपछि परशुरामसहित अठार लाख ब्राह्मणहरूलाई मारे।

त्यसबेला दशग्रीव नामको एक राक्षसलाई एउटी छोरी जन्मी । ज्योतिषिहरूले भने कि यस केटीका कारण अवश्य राजालाई निकै नराम्रो हुन्छ । यस कारण दशग्रीवले त्यस छोरीलाई एउटा सन्दूकमा बन्द गरेर नदीमा बगाईदियो । त्यो सन्दूक कुनै ऋषिले प्राप्त गरे । ती ऋषिले त्यस केटीलाई पालन-पोषण गरे। त्यही केटी सीता थिई।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रैन्मण तथा राम, सीतासँग प्रेम गरेर उसैसँग विवाह गर्ने इच्छाले त्यसका लागि आवश्यक सुविधाहरूको व्यवस्था गर्थे। एकदिन ती दुवै नभएका बेला दशग्रीव आएर सीतालाई देख्यो। उसलाई यो थाहा थिएन कि त्यही उसकी छोरी हो, दशग्रीवले त्यस केटीलाई लिएर गयो।

रैन्मण र राम, सीतालाई खोज्दै-खोज्दै वानर राज्यमा पुगे। तिनीहरूले त्यहाँ सुग्रीवलाई मारेर नन्दलाई राजा बनाए। वानरहरूको सहयोगले दशग्रीवलाई जिती सीतालाई छुटाए। रैन्मण अर्को जन्ममा बुद्धको रुप लिई जन्म्यो भने रामले मैत्रेयको रुप लियो। यो एउटा अर्को प्रकारको जातक कथा हो।

लाओसमा जुन राम-जातक कथा छ, त्यस अनुसार राम र रावण भाइ-भाइका छोरा थिए। रामकी बहिनी शान्तादेवीलाई रावणले भगायो। तर रामसँग डराएर उसले शान्तादेवीलाई विवाह गऱ्यो।

"दशरथ जातक" नामको एउटा अर्को कथा छ। भनिन्छ कि स्वयं बुद्धले त्यो कथा कुनै गृहस्थीलाई सुनाए। त्यो कथा यसप्रकारको छ –

'दशरथका सोह्र हजार पत्नी थिए। पटरानीका गर्भबाट राम पण्डित, लक्ष्मण पण्डित र सीता जन्मे। केही कालपछि पटरानीको मृत्यु भयो र अर्की पत्नी पटरानी बनी। त्यसको गर्भबाट भरत जन्मे। त्यो पटरानीले राम पण्डितलाई कुनै हानी पुऱ्याउन नसकोस् भन्ने विचार गरी दशरथले राम पण्डितलाई बाह्र वर्षसम्म कतै गएर बस्न भने। सीता र लक्ष्मण पण्डित पनि राम पण्डितका साथमा हिमालय तिर गई बसे। दशरथको मृत्युपछि फर्केर आए। त्यसपछि राम राजा भए भने सीतादेवी रानी भइन्। उनै दशरथ शुद्धोदन हुन, सीतादेवी यशोधरा र राम पण्डित म नै हुँ।'

यस्तै एउटा जैन गाथामा यस प्रकारको विवरण दिइएको छ कि – केही समयसम्म जंगलमा बसेर आएपछि, राम र लक्ष्मण एउटा कन्यालाई देखेर आकर्षित भए। प्रत्येकले आफूसँग विवाह गर्न प्रस्ताव राखे। अन्तमा थाहा पाए कि त्यो कन्या उनीहरूकै बहिनी सीता नै हो। त्यसपछि पश्चाताप गर्दै टाउको खौरेर जैन साधुहरूको समूहमा सामेल भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैन सन्यासी बिमल सूरीद्वारा प्राकृत भाषामा लिखित रामचरितलाई आधार बनाएर अरु दुई-तीन जैन कथा प्रकाशित भए। ती कथामा रामलाई एक महान् सन्यासीको रुपमा देखाइएको छ र सीतालाई रावणकी छोरी भनिएको छ। बौद्ध जातक कथाहरूमा पनि सीतालाई रावणकै छोरी भनी उल्लेख छ साथै रावणलाई महान् ऋषि। शाक्तहरूद्वारा लेखिएको कथामा सीता मन्दोदरीकी छोरी हुन्।

श्रीलंकामा प्रचलित राम कथाका अनुसार लंकालाई जसले डढाल्यो त्यो बाली थियो न कि हनुमान। जब सीतालाई खोज्दै बाली लंका पुग्यो, तब अशोक वनमा सीतासँगै रावण पनि बसेको थियो। बालीले उसको बगैंचा नष्ट गरिरहेको देखेर रावण आक्रोशित भयो तर पनि उसले सोच्यो कि वानरलाई मार्नु धर्मसम्मत हैन। रावणले के गर्न उचित हुन्छ भनेर सीतासँग सल्लाह माग्यो तब सीताले भनिन्- त्यस वानरलाई बाँध्ने वा मार्ने नगरेर, त्यसलाई समाती उसको पुच्छरमा कपडा बाँधेर आगो लगाइदियो भने डराएर भाग्छ, फेरि कहिल्यै यहाँ आउँदैन।

रावणले सीताको सल्लाह मान्यो। उसले बालीलाई पक्डेर उसको पुच्छरमा कपडा बाँध्यो र आगो लगाएर छोडिदियो। तुरुन्तै त्यो बाली लंका नगरका एक घरपछि अर्को घरमा कुद्न थाल्यो। त्यसपछि लंका नगरका धेरै ठाउँहरूमा आगाका लप्का फैलिए। जब आगो निभाउनका लागि आफ्ना सेवकहरूसहित रावण आत्तिँदै यताउता दुगुर्न थाल्यो। तब बालीले त्यही मौका छोपी, सीतालाई आफ्नो काँधमा बोकेर उड्यो र राम भएको ठाउँमा पुग्यो।

एउटा अर्को राम कथामा यो छ कि बालीसँगै बसेको बेला मन्दोदरी गर्भवती भै, त्यसपछि उसले रावणसँग विवाह गरी र छोरी पाई। त्यसरी जन्मेकी केटी नै सीता थिइ। यसैमा अर्को कथा अनुसार हेर्ने हो भने यो पाइन्छ कि दशरथद्वारा गर्भवती भएकी मन्दोदरीको गर्भबाट नै सीता जन्मेकी हो।

एउटा अर्को रामकथाका अनुसार हनुमान निकै दुष्ट स्वभावको थियो। कथा अनुसार हनुमान रामको छोरा थियो। यसैगरी एउटा अर्को कथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार हनुमान शंकरको छोरा थियो। साथै एउटा अर्को कथामा भनिएको छ कि शंकरको वीर्य वायुदेवद्वारा अंजनीदेवीको गर्भमा गएर हनुमानको जन्म भएको हो। यस्तै कुनै अर्को रामकथामा उल्लेख छ कि श्रीरामले सुग्रीवलाई मारेर बालीलाई राजा बनाए। यस प्रकार प्रत्येकले आ-आफ्नो ढंगबाट रामकथा लेखेका छन्।

यसरी कथाहरू लेखेर प्रचार गर्नुका साथै, यदि बौद्धहरूले स्तूपहरूको निर्माण गरे भने हिन्दुहरूले मन्दिरहरू बनाए। बोधगया, साँची, बैशाली जस्ता क्षेत्र बौद्ध पुण्यस्थल बने भने काशी, रामेश्वर आदि क्षेत्र हिन्दुहरूको पवित्र भूमि।

जब-जब पुराण र जातक कथाहरूको वृद्धि हुँदै गयो, तब-तब अवतार सिद्धान्त, कर्म सिद्धान्त तथा पुनर्जन्म सिद्धान्त प्रबल हुँदै गयो। यो भनाईमा जोड दिन थाले कि हाम्रो सिद्धान्त र धार्मिक नियम नै सबभन्दा पुरानो हो।

वैदिक धर्मावलम्बीहरूले दावाका साथ भन्छन् कि ब्रह्माबाट नै वेदको उत्पन्न भएको हो तर बौद्धहरूले जोडका साथ भन्छन् अनेकौं जन्म पछि नै तथागत सिद्धार्थको रुपमा पैदा भएपछि बुद्ध भगवान भए, फेरि जैनहरूले छाती पिटेर भन्छन्, कि तेइस तिर्थंकरहरूको अवतरण भएर जैन धर्मको शिक्षा दिएपछि महावीर उत्पन्न भए, वैष्णवहरूले जोडका साथ घोषणा गरेकाछन् कि वैष्णव धर्मको उपदेश स्वयम् नारायणले प्रजापतिलाई दिए र त्यो बृहस्पति मार्फत् उपरिचर वसुलाई प्राप्त भयो। यसैगरी शैव तथा शाक्तेय मार्गीहरूले पनि आफ्नो धर्म पुरानो भएको सिद्ध गर्ने मत राखेका छन्।

हुनतः यसैगरी प्रत्येक धर्मका अनुयायीहरूले आफ्नै धर्म पुरानो भएको जोड गर्दैरहे तर जैन र बौद्ध धर्मका विरुद्ध शैव, वैष्णव, वैदिक, शाक्तेय तथा गणापत्थ धर्मावलम्वीहरू एक अर्कामा मिले। सांख्य, योग, वैशेषिक तथा न्याय दर्शनहरूमा केही संशोधन एवं परिमार्जन गरेर उनीहरूले ती दर्शनहरूलाई आध्यात्मवाद अनुकुल बनाए। चार्वाक सिद्धान्तका रचनाहरूलाई उनीहरूले डढालिदिए र विभिन्न नक्षत्र एवं ग्रहमण्डलहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खगोलशास्त्रीहरूले जुन नाम दिएका थिए तिनै नाम र स्थानलाई प्रयोग गरेर 'गंगावतरण' जस्ता पुराण कथाहरूको रचना गरे।

सांख्य, योग तथा ब्रह्मसूत्रहरूलाई जोडेर बनाइएको भागवत्‌गीता र विकासवादीहरूद्वारा भनिएका दर्शनहरूलाई जोडेर लेखिएको पुराण हिन्दुहरूका चर्का हथियार सिद्ध भए। बौद्ध धर्मले आफ्नो कदम पछाडि हटायो। हिन्दु धर्मको बाहुल्यता बढ्यो।

८.३ पुराणहरूको युग

जसै हिमाली उपमहाद्वीपमा बौद्ध र जैन धर्महरूको प्रबलता कम भयो, त्यति बेला नै शैव, वैष्णव धर्महरूका बीचमा प्रतिस्पर्धा बढ्यो। पुराणहरूको संख्यामा वृद्धि भयो। शैव, लैंग, तथा स्कन्द पुराणहरूले शिवको स्तुति गरे भने विष्णु, भागवत् तथा नारदीय पुराणहरूले विष्णु देवताको।

एउटा पुराणको प्रतिस्पर्धामा अर्को पुराणको रचना गरियो। एउटाको विस्तार देखेर अर्काको विस्तार गरियो। नारदीय, वृहन्नारदीय, नन्दीश्वर, वृहन्नन्दीश्वर, धर्म, शिवधर्म, विष्णुधर्म, विष्णु धर्मोत्तर, भविष्य, भविष्योत्तरजस्ता अनगिन्ती पुराणहरू लेखिँदै र थपिँदै गए।

यदि वैष्णवहरूले हनुमान्‌को प्रशंसामा उनी अनन्य रामभक्त हुन् भने, भने शैवहरूले गणेशलाई शिवको छोरो भनेर उसको स्तुति गरे। अनि कसैले यहाँसम्म भन्यो कि ऊ रामकै छोरो हो। रामभक्तहरूले शिवको धनुलाई रामले सजिलैसँग भाँचे भनेर प्रचार गरे भने शिवभक्तहरूले शिवको पूजा गरेको हुनाले नै श्रीरामको लागि समुद्र-तरण र रावण-संहार सम्भव भएको हो भनेर प्रचार गरे।

शैवहरूले नर-नारायणका अवतार अर्जुन तथा श्रीकृष्ण शिवको पूजा गरेर तथा पाशुपतास्त्र पाएर तिनैको सहयोगले युद्धमा विजयी वन्न सके भनेर प्रचार गरे भने भागवत् धर्मका मान्छेहरूले वाणासुरको रक्षा गर्न तत्पर शिवले श्रीकृष्णको हातबाट नराम्रोसँग हार खानुपर्‍यो भनेर वताए। शैवहरूले शिवको वडप्पनको वारेमा र भागवत्-धर्मीहरूले कृष्णको विशिष्टताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वारेमा कथाहरू लेखे। यसरी अनगिन्ती शिव–लीलाहरू, विष्णु–लीलाहरू र कृष्ण–लीलाहरू प्रचलित भए।

८.४ गोपाल कृष्ण

गोपाल कृष्णका लीलाहरू अथवा ती घटनाहरू जुन गोकुलमा भएका भनिएको छ, महाभारतमा छैनन् । नारायणीय ग्रन्थमा पनि छैनन् । पतञ्जलिले पनि उल्लेख गरेनन्। तर पछि निस्केका हरिवंश, भागवत् आदि ग्रन्थहरू कृष्णका लीलाहरूले भरिएका छन्। महाभारतमा पूतना आदिलाई मारेको कारणले गर्दा शिशुपालले कृष्णको निन्दा गरेको कुरासम्म पाइन्छ। तर प्रोफेसर भण्डारकरले त्यो प्रक्षिप्त (घुसाइएको) अंश हो भनेर सावित गरेका छन् । संस्कृत महाभारतमा गोपाल कृष्ण छँदै छैनन् । वासुदेव मात्र त्यहाँ देखिन्छन्। भनेपछि ती गोपाल कृष्ण को थिए ? तिनको पूजा कसले गऱ्यो ?

ई. सन्. को आरम्भको पहिलेदेखि ई सन्. को दोस्रो शताब्दीसम्म भूमध्यसागरको तटीय उपान्तबाट झुण्डका झुण्ड भारतमा आएका आभीर (आजभोलि यिनीहरूलाई अहिर भनिन्छ) का आराध्य थिए गोपाल कृष्ण। ती अहिर खानावदोस–यायावर जातिका मान्छे थिए। पहिले तिनीहरू मथुराको आसपास, अनि गोकुल, वृन्दावनका आसपासका प्रदेशहरूमा पशुगण चराउँदै निवास गर्दथे। त्यस अवस्थामा उनीहरूले यादवहरूलाई भूमिकर दिन्थे कर तिर्दथे। केही समय यस्तै स्थितिमा रहँदा–रहँदै ती अहिरहरूले पछि द्वारकामा कव्जा गरे। महाराष्ट्र र कोंकण प्रान्तहरूमा तिनीहरूले राज्यहरू पनि स्थापना गरेका थिए । त्यसैले आभीरहरूका आराध्य गोपाल कृष्ण र यादवहरूका वासुदेवलाई एउटै भन्न थालियो । अनि, देवकी–वासुदेवका छोरा कृष्ण गोकुलका नन्द–यशोदाको घरमा पालिए र त्यहाँ उनले अनेक लीला प्रदर्शन गरे आदि कथाहरू कल्पना गर्न थालियो । ती कथाहरूका कारणले गर्दा वासुदेव कृष्ण र ईसा मसीहमा केही समानता देखिए।

आकाशवाणी भयो, कृष्णको जन्म हुनेछ । देवदूतहरूले भने, ईसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मिने छन्। कृष्ण जेलमा जन्मे, ईसा पौवामा जन्मे। कृष्णलाई गोकुलमा लैजाँदा यमुना नदीले बाटो छोडिदिइन्, ईसा समुद्रमाथि हिडेर आफ्ना शिष्यका अगाडि पुगे।

कृष्णलाई खोज्ने क्रममा कंसले अनेकौं बालकहरूलाई माऱ्यो। ईसाको सही ठाउँ थाहा नपाएर हेरोदले कैयौं शिशुहरूलाई मरायो। कृष्ण यादव थिए, ईसा यहुदी थिए। यिनका पिताको नाम वासुदेव थियो, उनका पिताको नाम युसेफ थियो। यिनको नाम वासु थियो भने तिनको नाम ईसा (एसु) थियो। यसरी यता कृष्णको सम्बन्धमा भागवत् वताउँछ भने उता क्राइस्टको विषयमा वाइवल बताउँछ।

कृष्णका लीला मनुष्यका विग्रह हुन्। त्यसैले उनले गाई चराए, नौनी घिउ चोरी गरे। राक्षसहरूलाई मारे। पाण्डवहरूलाई विजयी बनाए। विश्वरूपको दर्शन दिए र कर्म-ज्ञान-भक्ति योगहरूको उपदेश दिए। तीबाहेक गोप बालकहरूसँग लुक्कु खेल, सोह्र हजार गोपिनीहरूका साथ रास-क्रीडाहरू-यिनको बारेमा के भनौं ! अद्भूत !! परम अद्भूत !!! अनि कृष्णको छेउमा राधालाई खडा गराइयो। राधालाई प्रकृति र कृष्णलाई परमात्मा भनेर वर्णन गरियो। जुन सोह्र हजार गोपीनीहरूले कृष्णसँग प्रेम गरे, ती सबलाई कृष्णले दर्शन दिए। पुरुषहरूले स्त्रीहरूसँग त्यस कृष्ण-प्रेमको होड लगाए। मामला यहाँसम्म बढ्यो कि पुरुषले स्त्रीको भेष धारण गरेर प्रेमको स्वाङ्समेत पार्न थाले।

पहिले पुरुष परमात्माको हैसियतले कृष्णकै स्थान उच्च थियो तर केही समयपछि प्रकृति-माताको रूपमा राधाको स्थान उच्च भयो। देशमा शक्तिपूजा र तान्त्रिक विद्याहरू वढ्नु त्यसका मुख्य कारण थिए। ती शक्तिपूजाहरूमा वामाचार प्रबल भए। धारणा के बन्यो भने 'म'कार पञ्चक (मद्य, मत्स्य, मांस, मिष्ठान्न, मैथुन) मोक्षका साधन हुन्। शैव, शाक्त, वैष्णव तथा बौद्धहरूले होड लगाएर तान्त्रिक विद्याहरूलाई वढावा दिए।

विलासी राजाहरू र जमिन्दारहरूले तन्त्रमन्त्र विद्यालाई प्रोत्साहित गरे। राजाहरूका मनःकामनाहरू अनुकूल जुन धार्मिक प्रमुखहरूले व्यवहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे तथा पण्डितहरूले ग्रन्थ लेखे, उनीहरूले सुख–सुविधा पाउँदै गए। फलतः भ्रष्ट्याचार बढ्यो, शोषण ज्यादा भयो।

अनिकालको शिकार बनेर साधारण जनता दाना–दानाको लागि छट्पटाउँदा पनि शासकहरू र धार्मिक प्रमुखहरूका कानमा वतास छिरेन। बौद्ध पण्डितहरूले 'सर्ब मिथ्या' भने र ब्राह्मण पण्डितहरूले 'जगन्मिथ्या' भने। ती सबै कष्ट पूर्वजन्ममा गरेका पापका परिणाम हुन् भनियो। सोझा जनतालाई कथित धार्मिक उपदेश दिइयो, चुपचाप ती सबै कष्ट सहन गर।

जुन कारणले गर्दा जनताको सहनशक्तिले सीमा नाघ्यो। जातिभेदहरू, तान्त्रिक–मान्त्रिक पद्धतिहरू तथा शोषणको विरुद्धमा आन्दोलन शुरु भए। त्यसैले जाति र कुलको विभेदको पर्वाह नगरी रामानुजाचार्यले वेदको शिक्षा दिन कम्मर कसे। उनको शिष्य तिरूपन्नाल्वार हरिजन थियो। उसले वैष्णवहरूको पञ्चम वेद भन्न योग्य 'तिरुवैमौलि' ग्रन्थको रचना गऱ्यो। तेलको कोल पेल्दै आफ्नो गुजारा चलाउने एजुदाचनले मलयालम भाषामा महाभारत र रामायणको रचना गरेर नयाँ धार्मिक सिद्धान्त प्रस्तुत गरे। कपडा सिलाईद्वारा आफ्नो गुजारा चलाउने नामदेवले महाराष्ट्रमा कुलको विभेद (जाति–भेद) तथा मूर्तिपूजाको विरोध गऱ्यो। रामानन्दले पनि जातिभेदको विरोध गर्दै सम्पूर्ण देशको भ्रमण गरे। रामानन्दका शिष्यहरूमा रैदास (सार्की), कविर (कपडा वुन्ने–वुनकर) दाद (कसाही) र सेना (नाई) जस्ता मान्छेहरू प्रमुख थिए।

यसरी सबै सन्तहरूले जातिभेदको विरोध गर्दै समाज–सुधारको आन्दोलन चलाए र आम जनताले बुझ्ने लोकभाषामा पदावलीहरू रचना गरे। त्यति बेला धार्मिक सिद्धान्तको नाममा र रीति–रिवाजको आडमा सामन्तवादी वर्गहरूको तर्फबाट जुन शोषण चल्दै थियो र अत्याचार भए, तिनको मुकाविला गर्न आम जनताले आफ्नो हतियारको रूपमा भक्तिको मार्ग पक्रनुपऱ्यो। अतएव "शिव–शंकर, शिव–शंकर" भन्दै रामानन्द र रामदास आदिले प्रचार गरे। "शरम–शरम" भन्दै वीर शैवहरूले उधूम मच्चाए।

हिन्दूहरूको भक्तिमार्गको लागि मुसल्मानहरूको सूफी मार्ग सहायक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्यो। ख्वाजा मोहिउद्दीन चिस्ती, शेख निजामुजामुद्दीन औलियाजस्ता सूफी सन्तहरूले इस्लाम धर्मका मौलवी–मुल्लाहरूका र सुल्तानहरूका ऐसो–आराम तथा लूट–मारका विरुद्ध आवाज उठाए। उनीहरूले भने–'राम–रहिम एकै हुन्।' उनीहरूले घोषणा गरे, हिन्दू–मुसल्मान एउटै ईश्वरका रचना हुन्। जसरी इंग्ल्याण्ड, फ्रान्स, जर्मनी आदि देशहरूमा प्रोटेष्टेण्टहरूले जनतालाई संगठित गरेर शासक वर्ग र धार्मिक नेताहरूद्वारा हुने गरेका शोषणको विरोध गरेका थिए, त्यसै गरी भारतमा भक्तिमार्गीहरूले र सुफी–पन्थीहरूले गरे। अतः भक्तिमार्ग क्रमशः प्रबल भयो र जमिन्दार वर्गद्वारा हुने शोषणको सामना गर्ने शक्तिले सम्पन्न जनआन्दोलनको रूपमा परिणत भयो।

जनताको लागि राम–नाम तारक मन्त्र भयो। आन्ध्र प्रदेशका गाउँ–गाउँमा राम–नामका भजनको वोलवाला शुरु भयो। राम–सेनाका दलका दल बनेर प्रचार गर्न थाले। साँढे जुधाउने जंगली कोय जातिका मान्छे पनि राम–भक्त बने। गोस्वामी तुलसी दासको 'रामचरित मानस'ले रामराज्यको नारा गुञ्जाएमान गरायो।

त्यतिखेरसम्म जनतामा श्रीराम भगवान्का अवतार हुन् भन्ने अवधारणा बनेको थिएन। यद्यपि दश अवतारहरूमध्ये रामावतारको गणना गरिन्थ्यो। तथापि पाणिनीय ग्रन्थमा रामावतारको उल्लेख पाइदैन। आजसम्मका सबै शुभाशुभ कर्मकाण्डमा "माधवाय नमः, गोविन्दाय नमः, हरि श्रीकृष्णाय नमः" भनेर विष्णुकै पूजा गर्दछन्। न कि 'रामाय नमः' भनेर। त्यसैले भन्न सकिन्छ, राम भगवान् भएको विश्वास सामन्ती वर्गका शोषण तथा भ्रष्याचारविरुद्ध चलेका आन्दोलनको बेलामै उत्पन्न भएको होला। त्यसै अवस्थामा उत्तर भारतमा रामलीलाको र दक्षिण भारतमा राममन्दिरको निर्माण प्रारम्भ भयो। महाराष्ट्रमा कृष्णको छेउबाट राधालाई हटाएर रुक्मिणीलाई राख्ने काम पनि त्यसै अवस्थामा भयो। त्यसै अवस्थामा श्रृंगार रस हटाएर भक्तिरसलाई प्रमुखता दिदै त्यागरूपाले श्रृंगाररसलाई हटाएर भक्तिरसलाई प्रमुख स्थान दिइन्। चैतन्य महाप्रभु, वेमना, तुकाराम, रामदास, गुरु नानकजस्ता महापुरुषहरूले जनचेताना जागृत गराउने र बढाउने कार्यद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामन्तवादी व्यवस्थाप्रति विद्रोह बलियो बनाए। पञ्जाब, उत्तर प्रदेश, राजस्थान, मध्य भारत, दक्षिण भारत, महाराष्ट्र र बंगालका किसानहरूले संघर्ष शुरु गरे। श्रमिक र व्यापारीहरूले पनि ती संघर्षहरूलाई समर्थन गरे। तैपनि जसरी पश्चिम यूरोपमा जमिन्दार वर्गहरूको आधिपत्यलाई त्यहाँको जनताले पदच्युत गर्‍यो, त्यस्तो यिनीहरूले गर्न सकेनन्। त्यसको कारण, भारत देशमा इष्ट इण्डिया कम्पनीले जरा गाड्नु रहेको थियो। तैपनि जनताले श्रीरामलाई अवतार मानेर त्यसको कीर्तन, भजन तथा पूजन-कार्यमा कमी आएन। त्यसबाहेक कृष्णलाई भन्दा रामलाई महान् भनेर सावित गर्ने केही प्रयत्न पनि भए।

८.५ महाभारत र रामायणबीच प्रतिस्पर्धा

महाभारतको भगवद्गीताको प्रतिस्पर्धामा रामगीता लेखियो। कसैले लेख्यो, श्रीरामगीता रामले लक्ष्मणलाई सुनाएका थिए भने, कुनै अर्कोले लेख्यो, श्रीरामले हनुमान्‌लाई सुनाएका थिए। भनिन्छ, सीताले हनुमान्‌लाई यसरी भनिन्-'म नै प्रकृति हूँ। रामायणका सारा घटनाहरू मेरो इच्छाले भएका हुन्। रामको त के छ र ? उनी त निमित्त मात्र हुन्।' यसरी सीताबाट भनाएर राधाको प्रतिस्पर्धामा सीतालाई खडा गरियो।

महाभारतमा लेखियो, धर्मराजले चार्वाकको बध गरे। त्यसैले रामायणमा श्रीरामले बुद्धको भर्त्सना गरे र शम्वशूकको बध गरे भनेर लेखियो। जुन पौराणिक विद्वान्‌हरूले भनेका थिए, धर्मराज द्वापर-युगका थिए र श्रीराम त्रेतायुगका थिए उनैले भने कलियुगमा जन्मेको चार्वाकलाई धर्मराजले मारे र रामले बुद्धको निन्दा गरे। महाभारतमा त्यस कुरालाई स्पष्ट गर्दै भनियो, रामायणमा राजनीतिको अभाव भएको हुँदा त्यसलाई एउटा कमी सम्झेर रामले भरतलाई राजधर्मको शिक्षा दिए भनेर लेखियो।

रामायणमा रामले शिवको धनुष भाँचेर सीतालाई विववाह गरे भनेर लेखियो। त्यसैले महाभारतमा मत्स्यलाई बेध गरेर अर्जुनले द्रौपदीलाई पाणिग्रहण गरे भनेर लेखियो। रामायणमा रावणले सीतालाई अपहरण गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगेको कुरा छ भने महाभारतमा द्रौपदीलाई सैन्धवहरूले अपहरण गरेर लगेको कथा छ।

वैदिक वाङ्मयमा कल्पना गरिएको एउटा कथा पाइन्छ, ब्राह्मण वृत्रासुरलाई मारेको हुँदा इन्द्रलाई ब्रह्महत्याको पाप लाग्यो। जसको फलस्वरूप इन्द्रलाई राज्यच्युत भएर अनेक विपत्तिहरूको सामना गर्नुपर्‍यो। त्यसैले रामायणमा लेखियो, रावण ब्राह्मणको हत्या गरेको कारणले श्रीरामलाई पनि ब्रह्महत्याको पापले घेर्‍यो। जसबाट छुट्कारा पाउन श्रीरामले अश्वमेध यज्ञ गरेर भूसुरहरू (ब्राह्मणहरू) लाई गोदान, भूदान तथा हिरण्यदान दिए।

महाभारतमा लेखियो, कुरुक्षेत्र-युद्धमा ब्राह्मण द्रोणको मात्र होइन, समस्त मित्र-बन्धु परिवारको हत्या गरेको कारणले धर्मराजलाई जुन पाप लाग्यो, त्यसबाट मुक्त हुनको लागि उनले अश्वमेध यज्ञ गरे। र, भूदेवहरू (ब्राह्मणहरू) लाई अरु दानका साथै आफ्नो राज्यसमेत दानमा दिए।

रामायणका नायक श्रीराम हुन्। अतः श्रीकृष्णलाई महाभारतको कथाका सञ्चालकका रूपमा चित्रित गरियो। रावण र कुम्भकर्णको संहार श्रीरामले गरे भनियो भने श्रीकृष्णले शिशुपालको बध गरे भनेर लेखियो। एकातिर त्रेता युगमा जन्मेर रामले दुष्टहरूको अन्त्य गरी शिष्यहरूको रक्षा गरे भनियो भने अर्कोतिर श्रीकृष्णले द्वापरयुगमा जन्मेर दुष्टहरूलाई दण्ड दिने र शिष्यहरूको रक्षा गरेको कुरा गरियो। ऋष्य श्रृंग, वशिष्ठ, विश्वामित्र, परशुरामजस्ता ऋषिहरूका कथाहरू त दुवैतिर जोडियो। त्यति मात्र होइन, शाखा-उपशाखा नबढाईकन राम-उपाख्यान महाभारतमा जोडियो। केही अरु कविहरूले उर्मिला देवी, कुशलवहरू, वाल्मीकि-चरित्रजस्ता कथाहरू पनि लेखे।

पूर्वं रामतपोवनानुगमनं हत्वा मृगं काञ्चनम्।
वैदेहीहरणं जटायुमरणं सुग्रीवसम्भाषणम्॥
वाली निग्रहणं समुद्रतरणं लंकापुरीदाहनम्।
पश्चाद्रावणकुभकर्णमरणं चेतद्धि रामायणम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पण्डितहरूले एकै श्लोकमा पूरा रामायण–कथालाई निबद्ध गरे भने अशिक्षित गाउँलेहरूले त्यसलाई केवल तीनवटा शब्दमै समेटेर राखे–**'बाँधे, मारे र ल्याए ।'** त्यसको विवरण यसरी दिए–**'बाँधे समुद्रलाई, मारे रावणलाई र ल्याए सीतालाई ।'**

यसरी साना–ठूला कैयौं राम–कथाहरू निस्के । जसमा केही मूल कथासँग मिल्छन्, केही फरक छन् । तैपनि जनताको हृदयमा जसले अमिट छाप बस्यो, त्यो वाल्मीकिद्वारा रचिएको रामायण नै हो भन्ने कुरा पक्का भन्न सकिन्छ ।

वाल्मीकि रामायणले रक्तसम्बन्धलाई महत्व दियो । उनले राज्यको लागि या सम्पत्तिको लागि षड्यन्त्र रचियो र त्यसको फलस्वरूप पारिवारिक झगडा भयो भने हामी अर्कैको दास वन्नुपर्दछ भन्ने कुराको घोषणा गरे । त्यसको उदाहरणमा उनले सुग्रीव र विभीषणलाई देखाए । पितृ–वाक्यपालन, भ्रातृ–वात्सल्य, राज्य–परित्याग आदिलाई सबभन्दा उत्तम आदर्श गुण भनेर उनले चित्रित गरे । उनले पातिव्रत्यका साथै एकपत्नी–व्रत भएन भने कुनै फाइदा हुन्न भनेर सन्देश दिए । दशरथ पत्नी–भक्त भएको हुनाले उनको परिवारका सबै सदस्यहरूले दुःख पाउनुपर्‍यो । अरुका पत्नीहरू अपहरण गर्नाले वाली र रावणको सर्बनाश अनिवार्य भयो ।

फेरि पनि त्यो महाकाव्य थियो–आदिकाव्य थियो । त्यसले नयाँ शब्दहरूको पुष्टि गर्‍यो । त्यति मात्र होइन, त्यसले लौकिक वाङ्मयको श्रीगणेश गर्‍यो । त्यसैले सहृदयी विद्वान्हरूले उनको प्रशंसा गरे । त्यसै कारण स्वार्थी र प्रमुख धनीहरूले र पण्डितहरूले आफू अनुकूल रामायणलाई मोड्नको लागि उपयुक्त कथाहरू रचना गरेर त्यसमा घुसाइदिए । बालकाण्डलाई विस्तार गरियो । उत्तर काण्डको रचना गरियो । सबै मिलाएर वाल्मीकिले लेखेका छ हजार श्लोकहरूमा अठार हजार श्लोकहरू मिसाइयो । विष्णुको अवतारको रूपमा रामको वर्णन गरियो । अरुले नै लेखेका श्लोकहरू वाल्मीकिको टाउकोमा खन्याइयो । प्रोफेसर भण्डारकर, जैकोवीजस्ता विद्वान्हरूले पनि यो कुरा स्वीकार गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही अरु विद्वान्हरूले अर्कै प्रकारले लेखेका छन् । अगस्त्य रामायण, दौर्वास रामायण, वशिष्ठ रामायण आदिमा देखिने राम बहुपत्नीक थिए । सीतासमेतलाई मिलाउँदा उनका कुल एकसय उन्तिस पत्नी थिए । कमसेकम तीन पत्नी र अनेक दासीहरू थिए । त्यसैले राम पनि साधारण क्षत्रियहरूजस्तै थिए । त्यस्तै विश्वास दिलाउन केही मान्छेले प्रयत्न गरे । जैन र बौद्ध पण्डितहरूले रामभन्दा रावण नै महान् थियो भन्ने धारणा फैलाउने प्रयत्न गरे ।

त्यस प्रकारका रचनासँग वाल्मीकिको कुनै सरोकार छैन । उनले राम, लक्ष्मण, भरत र शत्रुघ्न यज्ञफलको रूपमा जन्मिएका हुन् भनेनन् । या राम विष्णुका अवतार थिए भनेर पनि भनेनन् । उनले त्यस जमानाका रीति–रिवाजमाथि पर्दा हाल्ने चेष्टा पनि गरेनन् । सुरापानदेखि गोमांस–भक्षणसम्म वाल्मीकि रामायणमा देखिन्छन् नै ।

आलोचकहरूका कुरा चाहे जस्ता होऊन्, तर साधारण जनताले वाल्मीकि रामायणलाई कसरी बुझे ? त्यो कुरा हामीले निम्नलिखित गीत पढ्दा थाहा पाउँछौं:–

श्रीराम हुन् एक त्यागी, रावण हो एक भोगी
लक्ष्मण हुन् एक योगी, भरत हुन् एक विरागी
केकईको वरदान शूर्पणखाको प्रणय–जाल
सीता–माको अशोकवास, लंका–राज्य सर्बविनाश

यदि यसरी सामान्य जनताले गाउँछ भने त्यसले देशमा वाल्मीकि रामायणको स्थायी प्रभाव कति फैलियो भनेर स्पष्ट रूपले हामी थाहा पाउन सक्छौ ।

रामायणसँग महाभारत सहमत देखिँदैन । महाभारतले हामीलाई राज्यसत्ता चाहिन्छ राज्य–परित्याग होइन भनेर घोषणा गर्छ । ‘राज्य वीर–भोज्य हो, त्यसैले कुनै न कुनै प्रकारले त्यो प्राप्त गर्नु नै राजनीति हो । त्यही नीति अनुपालन गरेर नै तिमीले राज्यसञ्चालन गर, सुख–चैनसँग जीवन व्यतीत गर । त्यसमा रोकावट ल्याउने गणधर्म परित्याग गर । वर्णाश्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थालाई पच्छ्याऊ। क्षत्रियको लागि विजय या वीर–स्वर्ग वाञ्छनीय हुन्, त्यस बाहेक केही होइन' भन्छ।

रामायण र महाभारतको बीचको यो मौलिक अन्तर जनतालाई थाहा छ। त्यसैले ती काव्यहरूद्वारा प्राप्त हुने सन्देशहरू र नीतिहरूको स्पष्टीकरण दिँदै मानिसहरू गीत गाउँछन्:–

पिताश्रीको कुरा मानेका छन् श्रीरामले
अग्रजको कुरा मानेका छन् लक्ष्मणले
भाइ भरतलाई राज्य दिए श्रीरामले
'म राज्य चाहन्न' भने भरतले
राज्यको लागि झगडा नगरी भाइ–भाइ मिले
सुख र चयनले बाँच्दै रहे।
मागे आफ्नो आधा राज्य पाण्डवहरूले
दिन मानेनन् राज्य कौरवहरूले
भाइ–भाइ लडे भएर निर्मम
राज्यको लागि आपसमा
वचेन एउटा पनि पुरुष कुरुक्षेत्रको युद्धमा

सारांशको रूपमा मान्छेहरू भन्छन्, भाइ–भाइ मिलेर रहे भने त्यो रामायण हो। यदि अलग–अलग भएर आपसमा लड्छन् भने त्यो महाभारत हो। त्यसैले हामी भन्न सक्छौ, जनताले रामायण र महाभारतका कथाहरू ठिकसँग बुझेका छन्।

यद्यपि महाभारतले भाइ–भाइका बीचमा युद्धको समर्थन गऱ्यो तापनि पुराण–कथाहरूमा उसको विशिष्ट स्थान छ। उस जमानाको भारतलगायत हिमाली उपमहाद्वीपमा निवास गर्ने कैयौं कबिलाहरू र जातिहरूका रीति–रिवाजहरू, सभ्यता–संस्कृतिहरू, नीति तथा धार्मिक सिद्धान्तका साथै भौतिक–आध्यात्मिक वाद, तर्क–मीमांसा–शास्त्र, सांख्य, योग, वैशेषिक, न्याय–दर्शनका सूत्र आदि अनगिन्ती विषय त्यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपलब्ध छन्। नियतिवाद, स्वभाववाद, यादृच्छवाद एवं परिणामवादहरूका सिद्धान्त त्यहाँ पाइन्छन्। तत्कालीन सामाजिक, आर्थिक तथा राजनीतिक व्यवस्थाहरूको विस्तृत परिचय त्यसमा पाइन्छ। आज पनि लागू गर्न लायक विदूर-नीतिहरू त्यसमा छन्। भीष्मद्वारा वताइएका धर्म-सूत्रहरू त्यसमा छन्। तैपनि महाभारत झुट्टा हो र रामायण राँडो हो भनेर घृणा गर्नेहरू हामी देख्दछौं। त्यस्ता मान्छेहरूले पहिले हाम्रो समाजका गुण-दोषहरूलाई केलाउन जरुरी छ।

आज पनि हाम्रो देशमा जहाँ-जहाँ देवर-न्याय र बहुपतित्वका चलन विद्यमान छन्, कबिला र असभ्य जातिहरू छन्, स्वच्छन्द सम्भोगहरू छन्, गुप्त काम-लीलाहरू त हाम्रो देशमा मात्र होइन, संसारका अनेक देशमा दिन-प्रतिदिन बढ्दैछन्। हाम्रो देशमा भ्रष्याचार, अधर्म, तन्त्रमन्त्रका क्रियाहरू, कुटिल राजनीति, कुटिल बुद्धिहरू, धोकाधडी, एउटाको परिश्रम अर्कोले उपभोग गर्नु, कुल-भेद, जाति-भेद, धर्म-भेद आदि अत्यधिक मात्रामा दृष्टिगत भइरहेका छन्। अत्यधिक उच्च शिक्षितहरू मात्र होइन, विज्ञानशास्त्रका विशेषज्ञहरूले पनि आफ्नी भान्जी विहे गर्दैछन्, भाइ-भाइ अथवा भाइ-बहिनीका सन्तानहरूका बीचमा पनि विवाह भइरहेका छन्। यद्यपि तीन हजार वर्ष पहिले नै हाम्रा पूर्वजहरूले सगोत्र र सपिण्डमा विवाह राम्रो होइन भनेर निषेध गरेका हुन्, तैपनि हामीले त्यो काम छोडेनौं। त्यसैले हामीले महाभारत र रामायणका कथाका पात्र अश्लील र असभ्य हुन् भन्छौ भने ती ग्रन्थ अद्भूत कल्पनाले भरिएका रहेछन्। तिनलाई जमिनमा गाडिदिनुपर्छ भन्ने हो भने कति उपयुक्त कुरा होला ? रामायण र महाभारतले शत अवतार ग्रहण गर्दा पनि तिनको ऐतिहासिक सूक्ष्म दृष्टिले अनुशीलन गर्न आवश्यक छ। त्यसो नगरी स्वयं भगवान्‌ले महर्षि वाल्मीकि र वेदव्यासलाई आफ्ना कथा सुनाए या ती दुवैले दिव्य दृष्टिले सारा कुरा बुझेर लेखेका हुन् भन्ने सम्झनु गलत हुनेछ। अनि दुवै ग्रन्थ कुनै कामका छैनन्, मान्छेका मनमा नसालु पदार्थ छरी मूढ मान्यतालाई वढावा दिने मात्र हुन् भन्ने सोची तिनलाई फ्याँकिदिनु पनि उचित होइन।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

हाम्रा पूर्वजहरूद्वारा निर्धारित युगहरू, दिव्य युगहरू तथा मन्वन्तर हरूको विवरण:

१.	सत्य युगको कालावधि	१७, २८,००० वर्ष
२.	त्रेता युगको कालावधि	१२, ९६,००० वर्ष
३.	द्वापर युगको कालावधि	८, ६४, ००० वर्ष
४.	कलि युगको कालावधि	४, ३२, ००० वर्ष

यी चारै युगहरूको सबै समय जोड्दा एक दिव्य युग हुन्छ। अतः
एउटा दिव्य युगको कालावधि ४३, २०, ००० वर्ष

यस्ता ७१ दिव्य युग मिलेर एउटा मन्वन्तर हुन्छ। सृष्टिको शुरुआतबाट अहिलेसम्म स्वायंभुव, स्वारोचिष आदि छवटा मन्वन्तर बितेका छन्। सातौ मन्वन्तर वैवस्वत मन्वन्तरका अहिलेसम्म २७ दिव्य युग समाप्त भएका छन्। २८ सौं दिव्य युगमा सत्य, त्रेता, द्वापर युग वितेर कलियुगका अहिलेसम्म केवल ५०८२ वर्ष बितेका छन्।

अतः यसबाट स्पष्ट हुन्छ, वैवस्वत मन्वन्तरमा २८ द्वापर युग व्यतीत भएका छन्। भनिन्छ, २४ सौ द्वापर युगमा वाल्मीकिले जन्म लिएर वेद-विभाजन गर्दै वेदव्यास नामले विख्यात भई रामायण महाकाव्य पनि लेखेका थिए। अनि फेरि यो पनि भनियो, २६ सौ द्वापर युगमा पराशर जन्मिए र २८ सौ द्वापर युगमा तिनै पाराशरबाट कृष्णद्वैपायनको जन्म भयो। उनी वेद-विभाजन गरेर वेदव्यास नामले प्रसिद्ध हुनुका साथै महाभारतको रचना पनि उनले गरेका थिए।

अनुवादः पं. बाबुराम भट्टराई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असल पुस्तकले
जीवन परिवर्तन गर्दछ ।

यसरी विकासवादीहरूद्वारा प्रतिपादित सिद्धान्तहरू जनतासम्म नपुगुन् र गहिरो खाडलमा त्यी सबै जाकियुन् भनेर अध्यात्मवादीहरूले मरून्ज्याल कोसिस गरे र दश अवतारहरूको कल्पना गरी वामन, परशुराम, बलराम आदि विष्णुका अवतार हुन् भन्ने प्रचार गरे । राम-लक्ष्मण, रावण-कुम्भकर्ण एवं कुरू-पाण्डवहरूको रूपमा जन्मका साथै सवा लाख जन्महरूका साथ अवतार सिद्धान्त जोड्दै उनीहरूले अनगिन्ती कथाहरू बनाए । यिनमा कैयौं महाभारतमा छन्, केही रामायणमा । अनि भागवत्को त के कुरा गर्नु ? त्यसमा यस्ता अनेक जन्मका कथा देख्न सकिन्छ, जसलाई विश्वासै गर्न सकिन्न ।

9 789937 895101
Rs.200.00

माइलस्टोन प्रकाशन
तथा प्रसारण पब्लिक लि.

माइलस्टोन प्रकाशन तथा प्रसारण लि.
बालकुमारी, ललितपुर, नेपाल
फोनः ९७७ १ ५२०३८७२
इमेलः milestonepublication@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal